## सारांश

नेपालमा संविधानले स्थानीय तहलाई जनताले अनुभूति गर्ने तल्लो शासकीय एकाइको रूपमा परिकल्पना गरेको छ। लामो समयको रिक्तता पश्चात् जननिर्वाचित प्रतिनिधिले स्थानीय सरकारको नेतृत्व सम्हालेको पाँच वर्षमा उल्लेखनीय रूपमा विकास र समृद्धिको नयाँ अभियानको प्रारम्भ भएको छ। नेपालमा ६ वटा महानगरपालिकाहरू मध्ये मेडिकल सिटी तथा शैक्षिक हबको विशेषता बोकेको भरतपुर महानगरपालिमा निर्वाचित नेतृत्वले सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भौगोलिक विविधतायुक्त महानगरलाई विकास, समृद्धि एवं आपसी सद्भाव, सहिष्णुता र मेलमिलापको उत्कृष्ट नगर बनाउने सोचकासाथ निरन्तर लागेको कुरा सर्वविदितै छ।

प्रस्तुत प्रगति समीक्षाले संघीय शासन पद्धतिमा अधिकार सम्पन्न भरतपुर महानगरपालिकाको नेतृत्वले विगत ५ वर्षमा हासिल गरेका उपलब्धिहरूलाई सबै सरोकारवालाहरू समक्ष राख्ने प्रयास गरेको छ। यस अवधिमा १० पटक नगर सभा सम्पन्न भयो भने ६४ वटा कार्यपालिका बैठक सम्पन्न भए। नगरपालिकाका काम कारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न समिति, उप-समिति, कार्यदल (परिशिष्ठ ३) गठन गरी सम्पादन भए। महानगरपालिकाले विगत ५ वर्ष अवधिमा भौतिक, आर्थिक, सामाजिक, मानवसंसाधन, रोजगारी एवं अन्य सेवाका क्षेत्रहरूमा सम्पादन गरेका कार्यहरूलाई तथ्य/तथ्थाङ्कसहित प्रस्तुत गर्ने उद्देश्यले यो प्रगति समीक्षा तयार गरिएको छ। नयाँ शासन पद्धति अवलम्बनसँगै देखा परेका अवसर तथा चुनौतीहरू सामना गर्दै महानगरपालिकाले आर्थिक वर्ष २०७४।०७५ देखि आर्थिक वर्ष २०७८ को फागुन मसान्त सम्म सम्पादन गरेका तथा यस आर्थिक वर्षमा सम्पन्न गर्ने क्रममा रहेका मुख्य कार्यक्रमसहित भएका उपलब्धिको यथार्थ विवरण यस प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ ।

जनताको सहज पहुँच एवं समन्यायिक रूपमा महानगरको सेवा महानगरवासी समक्ष पुऱ्याउनु यो अवधिको महत्त्वपूर्ण उपलब्धि हो। सेवालाई डिजिटल सेवाका रूपमा स्थापित गर्ने प्रयास गर्नु सेवा पहुँचको आधार हो। आर्थिक वर्ष २०७३।०७४ मा रू. ४० करोड रहेको आन्तरिक आय आ.व. २०७७।०७८ मा रू. १ अर्ब ५ करोड हुनुले महानगरपालिकाले राजश्व सङ्कलन र सङ्कलित राजश्वलाई पारदर्शी किसिमले महानगर कै विकास र समृद्धिमा लगानी गरेको पुष्टि हुनुको साथै, स्थानीय तहलाई आत्मनिर्भर गर्ने मात्रै नभई संघीय शासन पद्धति सफल बनाउने आधारसमेत बनेको छ। न्यायिक समितिमार्फत् सामाजिक रूपमा अन्यायमा परेका महानगरवासीलाई निष्पक्ष न्याय दिनु महानगरको विकासको अर्को महत्त्वपूर्ण आधार हो ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त र द्वन्द्व पीडित नागरिकका समस्या पहिचान गरी उनीहरूलाई सवलीकरण गर्नु, आत्मबल जगाउनु र राहत र सहयोग उपलब्ध गराउनु जस्ता दृष्टान्तले महानगर सामाजिक न्यायको पक्षमा अब्बल रहेको देखाउँछ। शैक्षिक क्षेत्रको विकास, उन्नयन र विस्तार एवं विद्यालयमा विद्यार्थी संख्या करिब ६ हजार वृद्धि हुनु महानगरको शैक्षिक विकासको दृष्टान्त मात्र होइन अरूको लागि अनुकरणीय अभ्याससमेत हो।

पूर्वाधार विकासमा पनि भरतपुर महानगरपालिका अब्बल सावित भएको छ। कालोपत्रे र पिच सडकलाई प्राथमिकतामा राखी सडक पूर्वाधार विकास भएका कारण यस अवधि सम्ममा महानगरमा ६२२ कि.मी. सडक कालोपत्रे बनेको छ। यसैगरी भवन तथा पूर्वाधार विकासमा पनि उल्लेख्य उपलब्धि हासिल भएको छ । विद्यालय, भवन, मन्दिर, गुम्बा, पार्क निर्माणमा महानगरको प्राथमिकता रहेको छ। २९ वडा मध्ये १३ वटा वडा कार्यालयहरूको नयाँ भवन निर्माण तथा १४ वटा वडा कार्यालयको संरचनात्मक सुधार गरी सेवा प्रवाहलाई एकीकृत, सेवाग्राही मैत्री तथा प्रभावकारी बनाइएको छ। एक वडा एक स्वास्थ्य कार्यालय कार्यक्रम कार्यान्वयन गरी प्रत्येक वडाका बासिन्दाको प्राथमिक तहको उपचार सेवा सम्बन्धित वडाबाट नै दिने व्यवस्था मिलाइएको छ। आयुर्वेद कार्यालय र स्वास्थ्य प्रयोगशाला स्थापना गरिएको छ। कोभिड-१९ को उपचार व्यवस्थापन गर्नुका साथै नगरवासीलाई ४ लाख भन्दा बढी कोभिडको खोप व्यवस्थापन गरिएको छ।

महानगरलाई पर्यटन हवका रूपमा विस्तार गर्न अम्ब्रेला स्ट्रिट, भतरपुर रिङ रोड, नारायणी सी बिच मोडेल जस्ता कार्यहरूले गर्दा महानगरपालिकाको आन्तरिक आयमासमेत बढोत्तरी भएको छ। बजार अनुगमन र उपभोक्ता हितलाई ध्यानमा राखी जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा बजार अनुगमन र व्यवस्थापनलाई चुस्त दुरुस्त बनाइएको छ। वातावरण र सरसफाइलाई उच्च प्राथमिकतामा राखी काम गरिएको छ। भरतपुर महानगरलाई सडक मानव मुक्त महानगर घोषणा गरिएको छ।

महानगरमा विकासको प्राथमिकता, आवश्यकता र संरचनात्मक स्वरुपका बारेमा निर्णय लिंदा विशेषज्ञ परामर्श र अन्तरक्रियाका आधारमा गरिनु, समय समयमा विकास बहस सञ्चालन गरिनु जस्ता कार्यले दीगो तथा जनसहभागितामूलक विकासले सार्थकता पाइरहेको छ। कृषकहरूको हितलाई मध्यनजर गर्दै दूधमा प्रतिलिटर रू . ३ अनुदान, कृषि तथा पशुपंक्षी विकासलाई महत्व दिई चितवनलाई कृषि तथा पशुपंक्षी क्षेत्रमा आत्मनिर्भर बनाउन विभिन्न सहयोग कार्यक्रमहरू सञ्चालन गरिएको छ। जसबाट कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको छ। कृषक पाठशालामार्फत कृषि कार्यमा आधुनिकीकरण तथा औधोगीकरण हुँदै गएको अवस्था छ।सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि, क्षमता विकास एवं सहकारी एकीकृत गर्ने कार्यको थालनीले सबल अर्थतन्त्र निर्माणको तीन खम्बे नीतिले सार्थकता पाएको छ।
महानगरको विकास नै वडाको विकास हो। यसै मान्यताअनुरूप प्रत्येक वडागत आवश्यकता पहिचान गरी सडक एवं अन्य पूर्वाधार निर्माण र विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन्। महानगरमा बसोबास गर्ने भूमिहिनहरू पहिचान र वर्गीकरण गरी उनिहरूलाई जग्गाधनी प्रमाणपत्र दिने कामको सुत्रपातसँगै लामो समयपछि महानगरबासीले संविधान प्रदत्त अधिकारको अनुभूति गरेका छन्।

यसरी भरतपुर महानगरको पाँच वर्षे विकासको गति र प्रगतिलाई समीक्षा गर्दा महानगरका सम्पूर्ण सेवा र कार्यक्रमहरू महानगरबासी केन्द्रित छन्। गाउँ-गाउँमा सिंहदरबार भन्ने संघीय नेपालको नारालाई भरतपुर महानगरले प्रमाणित गरेको यी उल्लिखित तथ्य तथा तथ्याङ्कबाट पुष्टि भएको छ।

## १ विषयप्रवेश

वि .स . २०३५ सालमा तत्कालीन भरतपुर गाँउ पञ्चायत र नारायणगढ गाँउ पञ्चायतलाई मिलाई भरतपुर नगरपञ्चायतको रूपमा स्थापना भएकोमा ३८ वर्षपछि भरतपुर महानगरपालिकाको रूपमा रूपान्तरण भएको हो। महानगरपालिका राजनैतिक तथा प्रशासनिक हिसाबले २९ वटा वडामा विभक्त भएको छ। वि .सं . २०७८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क यस महानगरको अनुमानित जनसङ्ख्या ३ लाख ६९ हजार ३ सय ७७ रहेको छ। प्राकृतिक रूपमा सुन्दर, जैविक विविधताको केन्द्र, भौगोलिक रूपमा सुगम यो क्षेत्र नेपालको सबैजसो क्षेत्रका व्यक्तिको लागि बसोबासका दृष्टिले पहिलो रोजाइमा पर्छ। फरक-फरक क्षेत्रबाट बसाइँ-सराइ गरेर आएका व्यक्तिहरूको बाहुल्य भएकाले भरतपुर महानगरले बहुसांस्कृतिक सहरका रूपमा आफूलाई परिचित गराएको अवस्था छ। चितवनका सात वटा स्थानीय तहमध्ये सेवा र सुविधाका हिसाबले सुगम यस सहरमा कृषि तथा वनविज्ञान विश्वविद्यालयको केन्द्रीय कार्यालयदेखि त्रि .वि .को आङ्गिक क्याम्पसहरूसम्म रहेकाले नेपालकै शैक्षिक हबका रूपमा विकास हुँदैगएको छ।

त्यस्तै, दुई वटा मेडिकल कलेज र अन्य सरकारी एवं निजी अस्पतालहरू भएको भरतपुर महानगर देशकै मेडिकल सिटीको रूपमा स्थापित छ। शैक्षिक, प्रशासनिक एवं सामाजिक तहमा विशिष्टता बोकेको महानगर सामाजिक विकास, शैक्षिक गुणस्तर, पूर्वाधार निर्माण र नागरिकको जीवनस्तर उकास्ने कार्यक्रममार्फत् सधैँ सर्वसाधारण जनताको पहुँचसम्म सेवा पुर्याउन सफल भएको छ। बृहत महानगर विकासको लक्ष्यसहित अघि बढेको महानगर नगरबासीका समस्या पहिचान गरी सेवा र विकास पुऱ्याउने कार्यमा यहाँको नेतृत्व अहोरात्र लागेको छ।

भौगोलिक, राजनैतिक एवं प्रशासनिक परिचयका विषयहरू यसभन्दा अगाडिका प्रकाशनहरूमा पनि सविस्तार प्रस्तुत गरिएको र एउटा प्रगति-समीक्षा परिचयात्मक र विवरणात्मक विषयलाई स्थान दिंदा समीक्षा पुस्तक अपेक्षा गरेभन्दा लामो हुने भएका कारण यस प्रकाशनमा महानगरले आफ्नो पाँच वर्षको अवधिमा सञ्चालन गरेका विकास निर्माण एवं अन्य गतिविधिलाई तथ्याङ्क र चित्रात्मक रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

यस पुस्तकको प्रारम्भमा महानगरको सामान्य परिचय एवं प्रगति-समीक्षाको परिचय दिइएको छ। महानगरको विकासको प्रमुख बिम्ब भौतिक पूर्वाधार विकास हो। यस क्षेत्रमा भएको प्रगति दोस्रो क्रममा प्रस्तुत गरिएको छ। महानगरीय विकासको मापन भौतिक रूपमा सडक, भवनजस्ता पूर्वाधारबाट गरिएको छ भने सामाजिक, शैक्षिक विकास एवं न्याय सम्पादनजस्ता कामहरूको उपलब्धिलाई तथ्य र तथ्याङ्कबाट प्रस्तुत गरिएको छ। सामाजिक सुरक्षा तथा पञ्जीकरणमा आएको प्रगति एवं महानगरले कृषि एवं पशु विकासका विषयमा गरेका कामहरूलाई त्यसपछिको शृङ्खलामा राखिएको छ। महानगरले सञ्चालन गरेका विपद् व्यवस्थापन, राजश्व सङ्कलन, भूमिहीन समस्या व्यवस्थापन, महानगर र अन्य संस्थासँगको सम्बन्ध, सहकारी विकास आदि क्षेत्रका कार्यक्रम र प्रगतिलाई क्रमिक रूपमा राखिएको छ।

महानगरको विकासका हरेक गतिविधिहरू सर्वप्रथम बहस र अन्तर्क्रियाबाट थालनी गरिएका छन्। महानगरले विकासका क्षेत्रहरू पहिचान गरी सम्बन्धित क्षेत्रका विज्ञ एवं थिङ्क ट्याङ्क (Think Tank)सँगको बहस र अन्तर्क्रियाबाट मात्र विकास कार्यक्रम अगाडि बढाएको छ। त्यसको छोटकरीमा जानकारी दिने काम यस पुस्तकले गरेको छ। कोभिडको विषम् परिस्थितिका बेला महानगरले कोभिड व्यवस्थापन एवं स्वास्थ्यका अन्य क्षेत्रमा गरेका कार्यका साथै, विकास निर्माणका उल्लेखनीय कार्यहरू, गौरवका आयोजनाहरू र वडागत विकासको विवरण क्रमिक रूपमा समावेश गरिएको छ। समग्रमा यो प्रगति समीक्षा संघीयता कार्यान्वयनका पाँच वर्षको उपलब्धिको श्वेतपत्रका रूपमा आम महानगरवासी समक्ष प्रस्तुत गर्ने प्रयास भएको छ।

## २. सहरी विकास तथा भौतिक पूर्वाधार

भौतिक पूर्वाधारहरूका विकासमा भरतपुर महानगरपालिकाले विगत पाँच वर्षको अवधिमा असाधारण उपलब्धि हासिल गरेको छ । सबै प्रकारका विकासका लागि फराकिला सडक र सहज आवागमन,विद्युत,खानेपानी,ढल निकास लगायतका सुविधाहरू प्राथमिक आवश्यकताका रुपमा रहेका हुन्छन् । मानवीय आवश्यकताका धेरैजसो विषयहरू भौतिक पूर्वाधारसँग जोडिएको हुने तथ्यलाई मध्यनजर राख्दै निर्वाचित भएको पहिलो दिनबाटै पूर्वाधारहरू निर्माणमा उल्लेखनीय रुपमा कार्यक्रम अघि बढाइएको थियो । यसअनुरूप नयाँ सडक कालोपत्रे, पुरानो कालोपत्रे सडकको मर्मत , सडक ढलान निर्माण, सडकपेटी निर्माण, मोजाइक टायलयुक्त सडक, सडक ग्राभेल, क्याबिन जाली निर्माण, पर्खाल निर्माण, सडक ट्र्याक निर्माण, सामुदायिक विद्यालय तथा अन्य संघ संस्थाका भवन निर्माण एवम् मर्मत तथा पार्क निर्माणजस्ता पूर्वाधारका कामहरूलाई यस महानगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ देखि नै प्राथमिकतामा राखी कार्य गरेको छ।


### क सडक निर्माण तथा स्तरोन्नति

महानगरभित्र सडकसञ्जाललाई विस्तार गर्नु र विस्तारित सडकलाई व्यवस्थित गर्नु गराउनु भरतपुर महानगरपालिकाको पूर्वाधार विकासको एउटा प्रमुख लक्ष्य रहेको छ । सोहीअनुरूप भरतपुर महानगरभित्रको धेरै सडकलाई पाँच वर्षको अवधिमा कालोपत्रे, ग्राभेल र कच्ची सडकका रूपमा निर्माण र विस्तार गरिएको छ । समग्रमा हेर्दा महानगरपालिकामा आ.व.२०७४/०७५ देखि २०७८ फागुन मसान्तसम्मको पाँच वर्षका अवधिमा कुल कालोपत्रे पिच सडक निर्माण ६२२ कि.मि., मर्मत तथा पुनः निर्माण भएको २०४ कि.मि., ग्राभेल सडक निर्माण १६५ कि.मि., ग्राभेल सडक स्तरोन्नति २९५ कि.मि., कच्ची सडक १९० कि.मि. र ढलान तथा मोजाइक सडक २४ कि.मि.निर्माण तथा विस्तार भएको देखिन्छ ।


**सडक पूर्वाधारहरूको अवस्था**

| आ.व./ सडकको प्रकार | पिच सडक | | | | | ग्राभेल सडक | | | | | कच्ची सडक | कच्ची सडक | अन्य सडक | अन्य सडक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पिच सडक निर्माण | | | कुल जम्मा | मर्मत/पुन निर्माण भएको | ग्राभेल सडक निर्माण (कि.मी.) | | | ग्राभेल सडक स्तरोन्नति (कि.मी.) | कुल जम्मा (कि. मी.) | नयाँ ट्र्याक निर्माण | जम्मा कच्ची सडक | ढलान/ मोज्याइक थप | जम्मा ढलान/ मोज्याइक | |
| ०७३/०७४सम्म | | ४८३ | | | | | | ७८८ | | | | १४९ | ५ | ५ | |
| ०७४/०७५ | ५० | ५३३ | ३४ | | | ३४ | ७१ | ७७१ | | | ५० | १६५ | २ | ७ | |
| ०७५/०७६ | ७५ | ६०८ | ३० | | | ३० | ५८ | ७२४ | | | ५० | १८५ | २ | ९ | |
| ०७६/०७७ | १४७ | ७५५ | ४५ | | | ३० | ५१ | ६०४ | | | ४० | १९५ | ३ | १२ | |
| ०७७/०७८ | २२५ | ९८० | ७० | | | ५५ | ५५ | ४२४ | | | २५ | १६५ | १० | २२ | |
| ०७८/०७९ | १२५ | ११०५ | २५ | | | १५ | ६० | ३१२ | | | २५ | १७५ | २ | २४ | |
| ५ वर्षको कुल सडक निर्माण | ६२२ | | २०४ | | | १६४ | २९५ | | | | १९० | | २४ | ७९ | |

**कालोपत्रे सडक निर्माणको अवस्था**




**ग्रावेल सडकको अवस्था**




सडक निर्माणको प्रारम्भिक चरण भनेको सडक ग्राभेलको कामसँगै जोडिएको हुन्छ। आ.व.२०७३/०७४ सम्म महानगरभित्र ७८८ कि.मि.ग्राभेल सडक रहेको देखिन्छ। त्यसयता आ.व.२०७४/०७५ मा ३४ कि.मि. नयाँ निर्माण भएको छ भने ७१ कि.मि. स्तरोन्नति भएको छ। यसैगरी २०७५/०७६ मा नयाँ ३० र स्तरोन्नति ५८ कि.मि., २०७६/०७७ मा नयाँ ३० र स्तरोन्नति ५१ कि.मि., २०७७/०७८ देखि मा नयाँ ५५ र स्तरोन्नति पनि ५५ कि.मि. र २०७८ फागुन मसान्तसम्म नयाँ १५ र स्तरोन्नति ६० कि.मि.रहेको छ। यस पाँच वर्षका अवधिमा महानगरले ग्राभेल सडकलाई स्तरोन्नति गरी पिच सडक बनाउने अभियानलाई बढी प्राथमिकतामा राखेका कारण यस अवधिमा जम्मा ग्राभेल सडक ७८८ कि.मि. बाट घटेर ३१२ कि.मि. मा झरेको छ।

सडक विस्तारको प्रारम्भिक चरण भनेको कच्ची सडकको अवस्था हो। भरतपुर महानगरभित्रको २०७४/०७५ पछि हालसम्मको कच्ची सडकको अवस्थालाई तल उल्लेख गरिएको बार ग्राफले स्पष्ट पारेको छ।

**कच्ची सडकको अवस्था**





उल्लिखित बार ग्राफबाट महानगरभित्र आ.व.२०७३/०७४ सम्म १४९ कि.मि.कच्ची सडक रहेको देखिन्छ। त्यसयता आ.व.२०७४/०७५ मा ५० कि.मि., २०७५/०७६ मा ५० कि.मि., २०७६/०७७ मा ४० कि.मि., २०७७/०७८ मा २५ कि.मि. र २०७८ फागुन मसान्तसम्म २५ कि.मि. नयाँ ट्र्याक निर्माण गरिएको छ। यस पाँच वर्षका अवधिमा महानगरभित्र जम्मा कच्ची सडक १७५ कि.मि. रहेको छ। निर्माण भएको कच्ची सडक ग्राभेल र ग्राभेल सडकलाई स्तरोन्नति गरी पिच सडक बनाउने कार्य भएकाले महानगरभित्र पिचभन्दा ग्राभेल सडक कम र ग्राभेलभन्दा कच्ची सडक कम रहेको देखिन्छ।

यसैगरी सडक विस्तार गर्ने क्रममा महानगरभित्रका कतिपय स्थानहरूमा सडक ढलान तथा मोजाइक टायल बिछ्याउने काम पनि भएको छ। यस क्रममा २०७३/०७४ सम्म जम्मा ५ कि.मि ढलान तथा मोजाइकयुक्त सडक रहेकामा आ.व.२०७४/०७५ देखि २०७८ फागुन मसान्तसम्ममा सो सडक विस्तार भई २४ कि.मि.पुगेको छ।

भरतपुर महानगरको सडक निर्माणको यस पञ्चवर्षीय अवधिको प्रगतिका आधारमा हाल महानगरमा भएको सडक विस्तारको समग्र प्रगतिलाई निम्न चित्रबाट थप प्रस्ट पार्न सकिन्छ।

**सडक पूर्वाधारको अवस्था**




यसरी महानगरभित्र समग्रमा हेर्दा हालसम्म जम्मा पिच सडक ११०५ कि.मि., ग्राभेल सडक ३१२ कि.मि., कच्ची सडक १७५ कि.मि. र ढलान तथा मोजाइकयुक्त सडक २४ कि.मि. रहेको देखिन्छ।


## (ख) भवन निर्माण तथा अन्य पूर्वाधार निर्माण

सडकपछि पूर्वाधार विकासको दोस्रो महत्त्वपूर्ण पक्ष भवन निर्माण एवं मर्मत हो। महानगरभित्रका वडा कार्यालयहरू, स्वास्थ्य केन्द्र भवनहरू,सामुदायिक भवनहरू लगायतका संस्थाहरूका नयाँ भवन निर्माण र पुराना पूर्वाधारको मर्मतलाई पनि तीव्र रुपमा अगाडि बढाइएको अवस्था रहेको छ। फलस्वरुप हजारौंको संख्यामा यस्ता विविध पूर्वाधारहरू निर्माण गरिएको छ। आ.व.२०७४/०७५ पछि महानगरभित्र निर्माण सम्पन्न भएका भवन तथा अन्य पूर्वाधारहरूको विस्तृत विवरण तलका तालिका र बार ग्राफमा दिइएको छ।

| क.सं. | कार्यक्रमको नाम/आ.व. | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सतह ढल निर्माण | ६ | २.५ | ४ | ६ | ८ | २६.५ |
| २ | भवन निर्माण तथा मर्मत | | | | | | |
| २.१ | नयाँ वडा कार्यालय भवन निर्माण | ० | १ | ५ | ५ | २ | १३ |
| २.२ | वडा कार्यालय मर्मत तथा तला थप | | | ४ | ५ | ५ | १४ |
| २.३ | भ्यू टावर निर्माण | | | १ | १ | | २ |
| २.४ | गुम्बा र मन्दिर, मस्जिद र चर्च निर्माण मर्मत | ३ | १५ | १४० | ३०० | १५० | ६०८ |
| २.५ | सामुदायिक विद्यालय निर्माण तथा मर्मत | १ | ५ | ४० | ५० | ५० | १४६ |
| २.६ | स्वास्थ्य संस्थाहरूका भवनहरू निर्माण मर्मत | १ | ११ | १ | ३ | १० | २६ |
| ६ | पार्कनिर्माण | | ३ | १ | १७ | ४ | २५ |

| क.सं. | कार्यक्रमको नाम/आ.व. | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| ७ | कल्भर्ट निर्माण | २ | ४ | ९ | १० | ७ | ३२ |
| ८ | सडक मार्किंग | | ३ | १० | ७० | ४० | १२३ |
| ९ | फुटपाथ (पेटी) निर्माण | ३ | ३ | ६ | ८ | ८ | २८ |
| १० | खानेपानी निर्माण | | | ० | १३० | १०० | २३० |
| ११ | सुरक्षित आवास निर्माण | | | ६५ | १७४ | ६५१ | ८९० |
| १२ | साइकल लेन | | | | २ | ४ | ६ |
| १३ | विपन्न परिवार घर निर्माण | | | १५ | १७ | ५ | ३७ |
| १४ | मेशजाली जंगली जनावर सुरक्षा | | २ | ४ | ६ | ६ | १६ |
| १५ | सिंचाइ कुलो | | | ३ | ६ | २ | ११ |
| १६ | सिंचाइ बोरिंग | | ३ | १२५ | १२५ | १२५ | ३७८ |

### अन्य पूर्वाधारको अवस्था





यस पाँच वर्षका अवधिमा भरतपुर महानगरपालिकाले जम्मा १३ वटा नयाँ वडा कार्यालय भवन निर्माण गरेको छ भने १४ वटा वडा कार्यालय मर्मत गरी व्यवस्थित गराएको छ। त्यसैगरी २ वटा भ्यु टावर निर्माण गरको छ भने २६ वटा स्वास्थ्य भवन निर्माण तथा मर्मत गरेको छ। सोही अवधिमा महानगरले २५वटा पार्क निर्माण गरेको छ भने ३२ ठाउँमा कलभर्ट निर्माण गरेको छ। यसरी नै २८ वटा फुटपाथ पेटी निर्माण गरिएको छ भने ६ ठाउँमा साइकल लेन निर्माण गरिएको छ। यस क्रममा विपन्न परिवारका घर ३७ वटा निर्माण गरिएको छ भने ११ वटा सिंचाइ कुलो निर्माण सम्पन्न गरिएको छ। निर्माणका क्रममा १६ ठाउँमा जङ्गली जनावरबाट सुरक्षाका लागि मेस जाली तथा घेराबार निर्माण गरिएको छ।

महानगरभित्र रहेका सामुदायिक विद्यालय, क्याम्पस, मन्दिर, गुम्बा, मस्जिद आदि यसका सम्पत्ति हुन्। यस

कुरालाई दृष्टिगत गर्दै महानगरले उक्त सङ्घ-संस्थाहरूको भवन निर्माण तथा मर्मतका लागि विशेष प्रथामिकताका साथ बजेट व्यवस्था गरी कार्यान्वयन गरेको छ। यसलाई तलको आरेखले स्पष्ट पारेको छ।

**अन्य पूर्वाधारको अवस्था**




आ.व. २०७३/०७४ मा यसतर्फ कुनै प्राथमिकता वा चासो नरहेकामा २०७४/०७५ देखि २०७८ फागुन मसान्तसम्ममा ६०८ वटा गुम्बा, मन्दिर, मस्जिद र चर्चको निर्माण तथा मर्मत गरेको छ भने सामुदायिक विद्यालयतर्फ १४६ वटा भवनको निर्माण तथा मर्मत कार्य सम्पन्न गरेको छ। यसैगरी २३० वटा खानेपानी धारा निर्माणका साथै ८६३ वटा सुरक्षित आवास निर्माण गरिएको छ। यसरी नै सिंचाइ तथा सडकतर्फ पनि काम भएको छ। बोरिङ सिंचाइ ३७८ वटा एवम् सडक मार्किङ १२३ रहेको छ।





निर्माणाधिन सिटी हल



निर्माणाधिन क्रिकेट रङ्गशाला



खानेपानी ओभरहेड ट्याङ्की, भरतपुर १३



भ्यू टावर, भरतपुर २९

## ३. शिक्षामा महानगर

शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो। सबैलाई समान गुणस्तरको निशुल्क शिक्षाको अवसरको सिर्जना गर्नु नै सर्वाङ्गीण विकासको आधार हो । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्रमा समावेश गरेको अवस्थामा निर्वाचित जनप्रतिनिधिहरूले पदबहाल गरेपश्चात नै शिक्षालाई प्रमुख प्राथमिकतामा राखी उल्लेखनीय रुपमा बजेट बिनियोजन गरी शैक्षिक विकासलाई अघि बढाएको अवस्था रहेको छ । सामुदायिक विद्यालयहरूको सबलीकरण तथा संस्थागत विद्यालयहरूको सञ्चालनमा सहजीकरण र सहकार्यबाट उत्कृष्ट शैक्षिक विकास सम्भव छ भन्ने नीतिगत अवधारणामा महानगर अगाडि बढिरहेको छ । विगत पाँच वर्षको अवधिमा भरतपुर महानगरले सामुदायिक शिक्षाप्रतिको नागरिक विश्वासको पुनर्आर्जन गरेको छ। यस पाँच वर्षको अवधिमा सामुदायिक विद्यालयमा करिब ६ हजार विद्यार्थी सङ्ख्या वृद्धि भएको छ भने शिक्षामा महानगरले संघीय शसर्त अनुदान बाहेक आफ्नो बजेटको १५ प्रतिशतको हाराहारीमा बजेट लगानी गरेको छ। शैक्षिक उपलब्धि बढदो क्रममा छ भने विद्यालयहरू अभिभावकको विश्वास आर्जन गर्न सफल भएका छन्। समग्रमा भरतपुर महानगरमा शिक्षा बनाउने राजनीति सुरु भएको छ। यो मूल्यलाई संस्थागत गरी राष्ट्रियकरण गरिनु जरुरी छ । महानगरले  विगत पाँच वर्षमा शुरु गरेका र प्राप्त भएका उपलब्धिहरूलाई शिक्षासँग सम्बन्धीत नीति निर्माण, शैक्षिक कार्यक्रम र पूर्वाधार निर्माण गरी तीन प्रकारमा वर्गीकरण गरेर हेर्न सकिन्छ ।

### (क) शैक्षिक नीति निर्माण

राज्यको पुनःसंरचनासँगै संविधानमा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार सूचीमा समावेश गरिएको छ। केन्द्रीकृत प्रणालीबाट विकेन्द्रीकृत प्रणालीमा परिवर्तन गरिएसँगै शिक्षालाई व्यवस्थित र सुदृढ गराउन शैक्षिक नीतिनियमहरू निर्माण गर्नु पहिलो आवश्यकता बोध गरी यस महानगरपालिकाले आवश्यक शैक्षिक नीति निर्माण गरेको छ । पाँचबर्से कार्यकालमा महानगरले निम्नानुसारका शिक्षासम्बन्धी नीति तथा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छः

१)भरतपुर महानगरपालिकाको शिक्षा ऐन, २०७५
२)विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७५
३) शिक्षानीति, २०७६
४) शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि, २०७६
५) पूर्वतयारी कक्षा एवं भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७६
६) प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन निर्देशिका, २०७६
७) करारमा शिक्षक नियुक्तिसम्बन्धी कार्यविधि, २०७६
८) विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६
९) वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ सङ्गठनसम्बन्धी कार्यविधि, २०७८
१०) प्रधानाध्यापकसम्बन्धी नियुक्तिसम्बन्धी कार्यविधि, २०७८

उल्लिखित नीतिनियम र कार्यविधिभित्र रहेर महानगरभित्रको शैक्षिक गतिविधिको नियमन, मूल्याङ्कन, व्यवस्थापन र विस्तारलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको छ ।

### (ख) विविध शैक्षिक कार्यक्रमहरू

शैक्षिक सुधारका कार्यक्रमअन्तर्गत महानगरपालिकाले शिक्षाको गुणस्तर विकास र पहुँच विस्तारका कार्यक्रमहरूलाई प्राथमिकतामा राखेको छ। शिक्षक दरबन्दी मिलान, शैक्षिक व्यवस्थापन सुधार, छात्रवृत्ति व्यवस्थापन, युवा स्वयंसेवक शिक्षक अनुदान, शिक्षक तालिम तथा क्षमता विकास, पुस्तकालय विस्तार, नमुना विद्यालय विकास, डिजिटलाईज्ड शैक्षिक प्रशासन आदि विषयहरू परेका छन् ।

आ.व.२०७५/०७६ मा महानगरका १२ वटा सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार विकास र २० वटा विद्यालयमा डिजिटल हाजिरी व्यवस्थापन गरिएको छ भने शैक्षिक प्रशासन र परीक्षा प्रणालीलाई पारदर्शी बनाउन आधारभूत तहको परीक्षालाई सफ्टवेयरमार्फत व्यवस्थित गरिएको छ। सोही अवधिमा महानगरभित्र त्रि.वि.को आङ्गिक इन्जिनियरिङ


कलेज सञ्चालन गर्नुका साथै विद्यार्थी सहयोग अनुदान प्रदान गरिएको छ। त्यसैगरी यही समयमा 'बालबालिकासँग मेयर' कार्यक्रमअन्तर्गत १३ वटा विद्यालयका ४५० विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ । बालबालिकाको खेल रुचिलाई अभिवृद्धि गर्न तथा खेलप्रतिभाको पहिचान र प्रोत्साहनका लागि राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता महत्वका साथ सञ्चालन गरिँदै आएको छ । शिक्षामा नयाँ जनशक्ति भित्र्याउन ५५ वर्ष उमेर पुगेका शिक्षकहरूलाई स्वैच्छिक अवकाशको अवसर दिई Golden handshake कार्यक्रम अन्तर्गत १४ जना शिक्षकलाई ससम्मान बिदाइ गरिसकेको छ।

आ.व. २०७६/०७७ मा महानगरभरिका विद्यालयहरूमा नतिजाका आधारमा उत्कृष्ट शिक्षक र विद्यार्थी छनोट गरी ३ वटा विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । विद्यालय शिक्षालाई सुदृढीकरण गर्न पुस्तकालय विस्तारका लागि चारवटा विद्यालयलाई दुई लाख रुपैँया अनुदान उपलब्ध गराइएको छ । त्यसैगरी आ.व. २०७८/०७९ बाट सामुदायिक विद्यालयका बालविकास शिक्षक र कर्मचारीहरूलाई मासिक रु. ७०००/- का दरले रकम थप गरी न्यूनतम पारिश्रमिक उपलब्ध गराइएको छ भने लेखा कर्मचारीलाई मासिक रु. २०,५००/-उपलब्ध गराइएको छ । यसैगरी स्वयंसेवक शिक्षक अनुदान कार्यक्रममार्फत शिक्षक दरवन्दी न्यून भएका विद्यालयलाई शिक्षण सहयोग अनुदान उपलब्ध गराइएको छ ।

पुराना कतिपय शैक्षिक कार्यक्रमहरूलाई निरन्तरता दिई आ.व. २०७८/०७९ मा सामुदायिक विद्यालयमा बस सेवा सञ्चालन, शिक्षकलाई ICT तालिम, STEM Educationको थालनी, भरतपुर बालमन्दिर अटिजम विशेष विद्यालय स्थापना, **महानगर साहित्य दर्पण २०७८** प्रकाशन एवं **भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान** गठन गरी साहित्य तथा संस्कृति उत्थानसम्बन्धी कार्यक्रमजस्ता नयाँ कार्यक्रमहरू थालनी गरिसकिएको छ । यसको विस्तृत विवरण परिशिष्टमा उपलब्ध छ ।

शैक्षिक व्यवस्थापनलाई सबलीकरण गर्न विद्यालयमा न्यूनतम पूर्वाधारको महत्वपूर्ण भूमिका हुन्छ । न्यूनतम कक्षाकोठाको अभाव भएका सामुदायिक विद्यालयहरूलाई कक्षाकोठा निर्माण गर्ने योजनाअनुरूप महानगरले विभिन्न समयमा विभिन्न विद्यालयमा कक्षाकोठा निर्माण लागि आवश्यक सहयोग गरेको छ। यसको विवरण तल स्तम्भ चित्रमा दिइएको छ ।


**कक्षाकोठा निर्माण भएका विद्यालयको विवरण**




माथिको स्तम्भ चित्रअनुसार आ.व.२०७५/०७६ मा ४ वटा विद्यालय, २०७६/०७७ मा १५ वटा विद्यालयमा र २०७७/०७८ मा २७ वटा विद्यालयमा कक्षाकोठा निर्माण गरिएका छन्। यसबाट हरेक वर्ष नयाँ विद्यालय भवन निर्माणको क्रम बढ्दो अवस्थामा रहेको देखिन्छ ।

शैक्षिक कार्यक्रमलाई थप प्रभावकारी बनाउन र विद्यार्थीलाई शिक्षामा उत्प्रेरित गर्न "बालबालिकासँग मेयर" कार्यक्रमअन्तर्गत बालबालिकालाई न्यानो कपडा उपलब्ध गराइएको छ। यसको विवरण तल दिइएको स्तम्भ चित्रबाट थप स्पष्ट हुन सकिन्छ।

बालबालिकासँग मेयर कार्यक्रम (न्यानो कपडा वितरण





माथिको विवरण हेर्दा आ.व.२०७६/०७७ मा ४५० जना, आ.व.२०७७/०७८ मा ५०० जना र आ.व. २०७८/७९ मा १२०० जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको देखिन्छ। यसले विपन्न र लक्षित समूहका बालबालिकाको शिक्षामा पहुँच र निरन्तरताका लागि प्रोत्साहित गरेको पाइएको छ।

## (ग) पूर्वाधार विकास

शैक्षिक गुणस्तर सुधारका लागि आधारभूत पक्ष भनेको शैक्षिक संस्थाहरूको पूर्वाधार विकास हो । पूर्वाधार विकासअन्तर्गत शौचालय निर्माण, पुस्तकालय निर्माण, कक्षाकोठा निर्माण एवं रङरोगन, फर्निचर व्यवस्थापन, विज्ञान प्रयोगशाला निर्माण, आई.सी.टी.ल्याब, सिकाइ सामग्री, फल्स सिलिङ निर्माण र खानेपानी व्यवस्थापनका लागि विद्यालयहरूलाई अनुदान उपलब्ध गराएको छ । महानगरले शिक्षा विकासका लागि गरेको लगानी हरेक वर्ष बढ्दो छ। विद्यालय शिक्षामा महानगरले गरेको यो लगानी तथा अनुदानबाट विद्यालयहरूले भौतिक पूर्वाधारमा उल्लेख्य सुधार आएको छ।


आ.व. २०७५/०७६ मा पूर्वाधार निर्माण भएका विद्यालयहरूको सङ्ख्या




यस आ.व.का पूर्वाधार निर्माणतर्फ चारवटा विद्यालयमा शौचालय, चारवटा विद्यालयमा पुस्तकालय निर्माण, चारैवटा विद्यालयमा कक्षाकोठा (दुईकोठे) निर्माण र बीसवटा विद्यालयमा डिजिटल हाजिरी सुरु गरिएको छ ।

यसैगरी आ.व.२०७६/०७७ को पूर्वाधार निर्माण भएका विद्यालयहरूको विवरण तपसिलअनुसार रहेको छः


### आ.व. २०७६/०७७ मा पूर्वाधार निर्माण भएका विद्यालयहरूको सङ्ख्या




यस अवधिमा अघिल्लो वर्षका तुलनामा महानगरले विद्यालयको भौतिक पूर्वाधार विकासको लगानीमा उल्लेखनीय रूपमा वृद्धि गरेको छ। यस आ.व.मा १० वटा शौचालय निर्माण, १५ वटा विद्यालयमा कक्षाकोठा निर्माण र २१ वटा विद्यालयमा रङरोगन गरिएको थियो। यस्तै, १८ वटा विद्यालयमा फर्निचर व्यवस्थापन र ६ वटा विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गरिएको थियो। साथै ५ वटा विद्यालयमा पर्खाल निर्माण, १० वटामा मर्मत र १० वटा विद्यालयमा अन्य भौतिक संरचना निर्माण गरिएको थियो।

अघिल्ला वर्षहरूमा जस्तै आ.व.२०७७/०७८ मा पूर्वाधार निर्माणका कार्यक्रमहरूले निरन्तरता पाउनाका साथै नयाँ कार्यक्रमहरू पनि थप गरिएका छन्। यस आ.व.मापूर्वाधार निर्माणसम्बन्धी भएका कार्यबारे तलको चित्रबाट अझ स्पष्ट हुन सकिन्छ।


### आ.व. २०७७/०७८ मा पूर्वाधार निर्माण भएका विद्यालयहरूको सङ्ख्या




आ.व.२०७७/०७८ मा शौचालय, कक्षाकोठा, रङरोगन, फर्निचर, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, पर्खाल निर्माण, भवन तथा कक्षाकोठा मर्मत, पुस्तकालय र चारकोठे भवन निर्माण, शिक्षामा नवीन प्रविधि प्रवर्धन, छानो मर्मत तथा फल्स् सिलिङ निर्माण, सामुदायिक विद्यालयमा बस सेवा, एक वडा एक नमुना विद्यालय कार्यक्रम र खानेपानी तथा इन्टरनेट सेवा जडानजस्ता कार्यक्रमहरू सम्पन्न भएका छन्। २०७८ फागुन मसान्तसम्मको शिक्षातर्फको पूर्वाधार विकास कार्यक्रम निम्नानुसार रहेएको छ।

### आ व २०७८/७९ को शैक्षिक पूर्वाधार विकासका कार्यान्वयनको प्रकृयामा रहेका कार्यक्रमहरू


| | |
|---|---|
| भवन ४ कोठे | १५ वटा |
| भवन २ कोठे | ९ वटा |
| रङ्गरोगन | ४१ विद्यालय |
| फल्स् सिलिङ | ५० विद्यालय |
| ICTल्याब | ४ वटा विद्यालय |
| पुस्तकालय | ७ वटा विद्यालय |
| विज्ञान प्रयोगशाला | ३ वटा विद्यालय |
| फर्निचर निर्माण/मर्मत | ६० वटा विद्यालय |




आ.व. २०७८/०७९ मा थप STEM EDUCATION (Science,Technology, Engineering and Math) सिक्दै कमाउँदै कार्यक्रम, महानगर उन्मुख नमुना विद्यालय पहिचान र प्रोत्साहन, विषयगत समिति मार्फत शिक्षकको क्षमता विकास जस्ता गुणस्तर सुधारका कार्यक्रममा जोड दिइएको छ । यस्ता कार्यक्रमहरूको उपलब्धिस्वरूप सामुदायिक विद्यालयहरू अभिभावकको मन जित्न सफल भई विगत चार वर्षमा सामुदायिक विद्यालयमा करिब छ हजार विद्यार्थी सङ्ख्या वृद्धि भएको छ। यसलाई शिक्षामा भएको लगानीको महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ।

सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विभिन्न शैक्षिक कार्यक्रम एवं भौतिक पूर्वाधार निर्माणका माथि उल्लेख गरिएका नवीन कार्यक्रमहरूले महत्त्वपूर्ण योगदान गरेको देखिन्छ । सो कुरा तलको ग्राफ चित्रबाट थप स्पष्ट हुन्छः

## सामुदायिक विद्यालयमा विद्यार्थीको बढ्दो भर्नादर




यस रेखाचित्रमा देखाइएअनुसार सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या २०७६ का तुलनामा २०७७/२०७८ मा वृद्धि भएको देखिन्छ। महानगरपालिकाले सामुदायिक विद्यालय सुधार कार्यक्रम र सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थी लक्षित न्यानो कपडा विस्तार छात्रवृत्ति, स्कुल बस, किशोरी छात्रा साइकल वितरण, आधारभूत पूर्वाधार विकास जस्ता लोकप्रिय कार्यक्रमका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या बढेको देखिन्छ।






"मध्य नेपालका सुन्दर शहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"
भरतपुर महानगरपालिका


भरतपुर बालमन्दिर अटिजम विशेष विद्याल
स्थापना तथा उद्घाटन कार्यक्रम
मिति: १८ भाद्र, २०७८
स्थान: बालमन्दिर भवन, भरतपुर-१०, चितवन



## ४) सामाजिक विकासमा महानगर

सामाजिक विकासको अर्थ भौतिक विकास मात्र होइन । यसको अर्थ समाजका हरेक पक्षको सन्तुलित विकास र विस्तार हो । समाजमा रहेका बालबालिका, महिला, ज्येष्ठ नागरिक र शारीरिक एवम् मानसिक रूपले अशक्त एवम् फरक क्षमता भएका व्यक्ति र व्यक्ति संलग्न भएका सङ्घ संस्थाको गरिने सबलीकरण तथा सचेतना कार्यक्रमहरूले समाज र समाजकेन्द्रित विकासको आधार सिर्जना गर्दछन्। यी विषयहरू समाज विकासका मेरुदण्ड साबित हुन्छन्। यस सम्बन्धमा भरतपुर महानगरपालिकाले विभिन्न समयमा विभिन्न व्यक्ति र समुदाय लक्षित कार्यक्रमहरू सम्पन्न गरेको छ। यस्ता कार्यक्रम एउटै विषय र क्षेत्रमा मात्र केन्द्रित छैनन्। फरक फरक आर्थिक वर्षमा फरक फरक विषय र सन्दर्भमा कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

सामान्यतया लक्षित कार्यक्रमहरू महिलाको सशक्तीकरण, लैङ्गिक हिंसा, पीडित तथा प्रभावितका पक्षमा केन्द्रित छन्। बालबालिका र ज्येष्ठ नागरिक, अशक्त-अपाङ्ग, जनजाति र दलित समुदायका व्यक्तिहरूसँग सम्बन्धीत छन्। तत् समूह र वर्गका नागरिकलाई सचेतना र सबलीकरण गर्नु यी कार्यक्रमहरूको उद्देश्य रहेको छ । यसै अन्तर्गत आ.व.२०७४/०७५ मा महिला र लैङ्गिक हिंसा विषयमा पाँचवटा, धर्म र ज्येष्ठ नागरिक विषयमा चारवटा, स्वास्थ्य तथा जनसङ्ख्या विषयमा पाँचवटा, गरिब, अपाङ्ग र दलित विषयमा पाँचवटा, शिक्षा, युवा तथा खेलकुद विषयमा चारवटा, बालबालिका विषयमा तीनवटा र अन्य विविध विषयमा तेइस गरी जम्मा अठ्ठाइस विषयमा उनानपचासवटा कार्यक्रमहरू सम्पन्न भएका छन् । सोही अवधिमा सामाजिक सुरक्षासम्बन्धी फरक फरककार्यक्रममा ३०८ जना व्यक्तिहरूलाई तालिम प्रदान गरिएको छ र महानगरपालिकाका २९ वटै वडामा पुराना घटना दर्ता अभिलेखलाई अद्यावधिक गर्ने कामको थालनी पनि भएको छ ।

यसैगरी आ.व.२०७५/०७६ मा यस नगरपालिकाले दलित, आदिवासी र जनजातिसँग सम्बन्धीत चारवटा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धीत एघारवटा, अपाङ्ग र अशक्तसँग सम्बन्धीत छ वटा र अन्य गरी ३२ वटा कार्यक्रम सम्पन्न गरेको छ भने ५७३५ जनाभन्दा बढी व्यक्तिहरू लाभान्वित भएका छन् ।

आ.व.२०७६/०७७ मा दलित, आदिवासी र जनजातिसँग सम्बन्धीत, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्त आदि क्षेत्रमा अन्तर्क्रिया तथा अभिमुखीकरण तालिम १० वटा राहत सहायता र सहयोग ९ वटा, बैठक, सम्झौता तथा निर्णयहरू ५ वटा, स्वास्थ्य तथा अन्य सहयोग ४ वटा र अन्य सहयोग गरी ३६ वटा कार्यक्रम सम्पन्न गरेको छ ।

त्यसैगरी आ.व. २०७७/०७८ मा माथि नै उल्लेख गरिएका विषय र क्षेत्रमा जम्मा ३९ वटा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । जसअन्तर्गत सूचना तथा सञ्चार, युवा तथा बालबालिका, महिला तथा ज्येष्ठ नागरिक, आदिवासी जनजाति, अपाङ्ग र असक्त एवं सामाजिक सुरक्षा र सामाजिक समस्याका विषयमा विविध कार्यक्रमहरू सम्पन्न गरिएका छन् । सामाजिक विकासका क्षेत्रमा भरतपुर महानगरपालिकाले सम्पन्न गरेका कार्यक्रमहरूलाई विशिष्टीकरणका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### (क) सामाजिक विकास सम्बन्धी नीतिनिर्माण

समाजका व्यक्तिहरूको कुनै न कुनै आधारमा वर्गीकरण गरेर विशिष्टीकृत सेवा प्रदान गर्ने महानगरको नीतिअनुरूप समुदायको प्रत्येक तहका व्यक्तिहरूलाई समेट्ने गरी महिला, बालबालिका तथा समाज कल्याण शाखाले काम गरिरहेको छ । महानगरको सेवा सर्वसाधारणसम्म पुर्याउन सर्वप्रथम सोसम्बन्धी आवश्यक नीति-नियमहरू आवश्यक हुन्छन् । त्यसैले सर्वसाधारणका घरघरमा सेवा पुर्याउन सहज होस् भन्नका लागि कानुनी बाटो निर्माण गर्न महिला, बालबालिका तथा समाज कल्याण शाखामार्फत महानगरले तपसिलबमोजिम नीति तथा कानुनहरू निर्माण गरेको छः

- अपाङ्गता भएका व्यक्तिहरूको पहिचान खुल्नेगरी अपाङ्ग परिचयपत्र वितरण कार्यविधि, २०७५
- स्थानीय बालअधिकार कार्यविधि,२०७६
- भरतपुर महानगरक्षेत्रमा सञ्चालित बालगृहहरूलाई व्यवस्थित गर्नका लागि आवासीय बालगृह सञ्चालन मापदण्ड २०७६,
- बालमैत्री स्थानीय शासन सञ्चालन निर्देशिका, २०७६,
- नगर/वडा/विद्यालय /समुदाय तहमा बालक्लब एवम् बाल सञ्जालको गठन सञ्चालन र सहजीकरणसम्बन्धी निर्देशिका, २०७७

- लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि, २०७६
- लक्षित समूहका किशोरी छात्रालाई साइकल वितरण कार्यविधि, २०७६
- मध्यम (ग) वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य विमा कार्यविधि, २०७७
- अपाङ्गताको हकअधिकार संरक्षण तथा प्रवर्धन कार्यविधि, २०७७
- लक्षित समुदायको सशक्तीकरण एवम् सबलीकरण कार्यक्रम सञ्चालन मापदण्ड मस्यौदा, २०७६
- टोल विकास संस्थाको गठन तथा परिचालन कार्यविधि, २०७७
- जनयुद्ध तथा सबै प्रकारका आन्दोलनहरूमा सहिद भएका एवम् बेपत्ता पारिएका परिवारलाई सहायता प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०७८

### (ख) 'महिला तथा जोखिम समुदायसँग मेयर' कार्यक्रम

किशोर-किशोरीहरू नै हाम्रो समाजको विकास र समृद्धिका आधार हुन्। किशोरीहरूको सशक्तीकरणले नै महिला हिंसाका घटनालाई न्यूनीकरण गर्न सक्दछ भन्ने मान्यता महानगरको रहेको छ। तदनुरूप किशोरीहरूको मनोवैज्ञानिक तथा शैक्षिक सबलीकरणका लागि "महिला तथा जोखिम समुदायसँग मेयर" कार्यक्रमलाई महानगरले अगाडि बढाएको छ। सोही कार्यक्रमअन्तर्गत महानगरका विभिन्न वडाका विपन्न किशोरीहरूलाई साइकल वितरण गरिएको छ । यसै क्रममा आ.व. २०७६/०७७ मा भरतपुर महानगरपालिकाअन्तर्गतका वडाहरू क्रमशः ६, ९, १३, १४, १७, २२, २३, २४, २५, २६, २७ र २८ गरी जम्मा १२ वटा वडामा ३२४ जना किशोरीहरूलाई साइकल वितरण गरिसकिएको छ भने आ.व. २०७८/०७९ मा क्रमशः २१, २०, १९, १८, १६, १५, ५, ८, ७ र ११ गरी जम्मा १० वटा वडाहरूमा प्रति वडा २० जना किशोरीहरूका लागि जम्मा २०० थान साइकल वितरण गरिएको छ। यस कार्यक्रमले समाजमा रहेका सामाजिक एवं अन्य प्रकारका जोखिमसँग लडिरहेका व्यक्तिहरूलाई आत्मनिर्भर बन्न थप सहयोग गरेको छ ।

### (ग) महिला तथा बालबालिकमसँग उपमेयर कार्यक्रम

महिलाको सशक्तीकरण, नेतृत्व विकास, कानुनी अधिकारका सम्बन्धमा भएका व्यवस्थाका वारेमा समुदायको तल्लो तहसम्म सन्देश प्रवाह गर्ने गरी चालु आर्थिक वर्षमा ८ समूहमा ३३५ जना महिलाहरूलाई प्रशिक्षण कार्यक्रम गरिएको छ । त्यस्तै गरी महिलाहरूलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागि ४० जना महिलालाई मखमली जुत्ता चप्पल, २२ जना महिलाका लागि ब्युटिसियन सम्बन्धी आधारभूत तालिम, २२ जनालाई मोटर ड्राईभिङ्ग तालिम प्रदान गरी आत्मनिर्भर बनाउने कार्यमा सहयोग पुगेको छ ।

### (घ) लैङ्गिक हिंसा व्यवस्थापन

लैङ्गिक हिंसा वर्तमान समयको एउटा जटिल समस्या हो। लैङ्गिक हिंसाले महिला तथा पुरुष दुवैमाथि हुने हिंसालाई जनाउँछ तापनि मुख्य रूपमा महिलाहरू नै हिंसाका सिकार भएका धेरै घटनाहरू छन्। हिंसाका यस्ता घटनालाई न्यूनीकरण गर्न र हिंसामा परेका व्यक्तिहरूलाई न्याय दिनका लागि महानगर कटिबद्ध छ। सोही प्रतिबद्धताअनुसार महानगरले लैङ्गिक हिंसा व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। महानगरले पाँच वर्षका अवधिमा लैङ्गिक हिंसा व्यवस्थापनका क्षेत्रमा गरेका प्रयासहरू निम्नानुसार रहेका छन्:

- महानगरपालिकाका सबै महिला जनप्रतिनिधि एवम् महिला कर्मचारीहरूको सशक्तीकरण, अवसर र चुनौती विषयक क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम,
- महिला तथा बालबालिकाउपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरूमा अभियानमूलक कार्यक्रम,
- हिंसाविरुद्ध शून्य सहनशीलताको नीतिअनुरूप लैङ्गिक हिंसा व्यवस्था गर्ने गरी प्रत्येक वडामा एक मनोसामाजिक विमर्शकर्तालाई (६ महिना/७९० घण्टे ) तालिमको व्यवस्था,
- लैङ्गिक हिंसासम्बन्धी घटनालाई तत्काल सम्बोधन गर्ने गरी महानगरमा लैङ्गिक हिंसाको सुनुवाइ प्रक्रियालाई व्यवस्थित गर्दै लगिएको,
- जनआन्दोलन, जनयुद्ध र मधेस आन्दोलन लगायत राजनैतिक आन्दोलनमा सहादत प्राप्त गर्ने सहिद परिवार र बेपत्ता

नागरिकका परिवारलाई आर्थिक सहायतता प्रदान गरी जीवन निर्वाहमा सहजता ल्याउने उद्देश्यका साथ प्रतिमहिना रु. २०००।- उपलब्ध गराउने कार्यविधिमा व्यवस्था भएबमोजिम महानगर क्षेत्रमा बसोबास गर्ने ६० परिवारलाई मासिक आर्थिक सहायता वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

- घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, साइबर अपराधसँग जोडिएर हुने घटना व्यवस्थापनमा महानगरपालिका क्षेत्रभित्रका विद्यालयमा अध्ययनरत किशोर किशोरीहरूलाई प्रतिनिधिमूलक रूपमा नियमित रुपमा प्रशिक्षण गराइदै आएको र सो सम्बन्धमा सरोकारवाला निकायहरू (जिल्ला प्रहरी, सामाजिक संघ सस्था/विद्यालय)सँग सहकार्य र समन्वय गरिएको,
- नगर उपप्रमुखको संयोजकत्वमा न्यायिक समितिको गठन/सचिवालयको व्यवस्था र निरन्तर सुनवाइ हुने व्यवस्था,
- महानगरपालिकाका २९ वटै वडामा लैङ्गिक हिंसा व्यवस्थापन समितिको गठन प्रक्रियामा रहेको र वडास्तरीय समितिको क्षमता विकासका लागि कानुनी सचेतना एवम् मनोसामाजिक परामर्श सम्बन्धी सीप तथा प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाईएको,
- द्वन्द्व पीडित तथा प्रभावित व्यक्तिका परिवारका सदस्यहरूलाई मनोसामाजिक परामर्शसम्बन्धी प्रशिक्षण प्रदान गरिएको,
- महानगरभित्रका सामुदायिक एवम् संस्थागत विद्यालयमा एक-एक जना लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था र लैङ्गिक सम्पर्क शिक्षकका लागि चालु आर्थिक वर्ष २०७८/०७९ मा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका अवसरमा क्षेत्रगत रूपमा २२० जना शिक्षकलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको,

लैङ्गिक हिंसा विरुद्धका यस्ता कार्यक्रमहरू घरेलु तथा लैङ्गिक हिंसामा परेका व्यक्तिहरूको आत्मबल बढाउन र हिंसाका घटनाहरूलाई न्यूनीकरण गर्न प्रभावकारी सावित भएका छन्। यस्ता कार्यक्रमले विस्तारै महानगरलाई लैङ्गिक हिंसामुक्त महानगर बनाउन सहयोग पुर्याउने अपेक्षा राखिएको छ ।

### (ङ) बालबालिकाको हकहित, संरक्षण र संबर्धन

आजका बालबालिका नै भोलिका जिम्मेवार नागरिक हुन् । बालबालिकालाई सानै उमेरदेखि नै मानसिक एवं शारीरिक रूपमा सबल र सक्षम बनाउन सके मात्र महानगरको विकास र प्रगति सम्भव छ । बालबालिकाहरू पनि आफ्नो घर, परिवेश, जातजाति र आर्थिक स्थितिका कारणले प्रभावित बन्न पुग्दछन्। महानगरको मुख्य कर्तव्य भनेको असहाय, परिवारबाट परित्यक्त र विपन्न बालबालिकाको संरक्षण र विकासमा उचित सहयोग पुर्याउने रहेको छ। सो कार्यका लागि भरतपुर महानगरपालिकाको न्यायिक समितिका संयोजक एवम् नगर उपप्रमुखको संयोजकत्वमा स्थानीय बालअधिकार समिति गठन भएको छ। आवश्यकतानुसार सो समितिको बैठक सञ्चालन हुनेगरेको छ। समितिको सक्रियतामा असहाय तथा अनाथ बालबालिकाको व्यवस्थापनमा सहजीकरण सेवा प्रवाह हुँदै आएको छ। यसैगरी भरतपुर महानगरपालिकाको छैठौं नगरसभाद्वारा महानगरलाई बालमैत्री महानगर बनाउने निर्णय भइसकेको छ । तदनुसार मिति २०७६ असार २५ गते वडा नं. १४ लाई महानगरको पहिलो बालमैत्री वडाका रूपमा घोषणा गरिएको छ। यसका साथै बालमैत्री शासन पद्धतिप्रतिको प्रतिबद्धताअनुरूप बालमैत्री स्थानीय वडा समितिको गठन र परिचालनमा जोड दिइएको छ र हाल १३ वटा वडालाई बालमैत्री वडा घोषणाका लागि प्रक्रिया अघि बढाइएको छ । वालमैत्री वडा घोषणाका लागि बालबालिका सम्बन्धी २२१३६ घरधुरीमा आधारभूत सर्वेक्षण सम्पन्न गरिएको र ५६७९ घरधुरीको सर्वेक्षणबाट प्राप्त सूचना विश्लेषणको कार्य सम्पन्न भएको छ। बालबालिकाको आन्तरिक क्षमता प्रस्फुटन गराउने उद्देश्यले प्रत्येक वडामा बाल क्लबमार्फत बालबालिकालाई मनोवैज्ञानिक रूपमा सशक्त बनाउने महानगरको लक्ष्य रहेको छ । यस अनुरूप महानगरभित्रका सबै वडा बाल क्लबको प्रतिनिधित्व हुनेगरी नगर बाल सञ्जालको गठन तथा पुनर्गठनको कार्य हुँदै आएको छ । यस क्रममा २०७८ मङ्सिर ४ गते अन्तर्राष्ट्रिय बालदिवसका अवसरमा नगर बाल सञ्जालको पुनर्गठन भइसकेको छ र बाल सञ्जालले आफ्नो दुई वर्षे कार्यकाल सम्पन्न गरी जिम्मेवारी हस्तान्तरण गरेको छ। यसैको विस्तारस्वरूप महानगरका सबै वडाहरूमा वडास्तरीय बाल क्लब/बाल सञ्जालको गठन भई नियमित रूपमा बाल अधिकार सम्बन्धी गतिविधिहरू सञ्चालनमा सक्रिय रहँदै आएका छन्। नगर तथा वडास्तरमा गठन भएका बाल सञ्जालका पदाधिकारीहरूका लागि बालबालिकाको हकहित तथा संरक्षणका सवालमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

हाल महानगरभित्र २२ वटा बालगृहहरू सञ्चालित छन् । ती बालगृहमा संरक्षित बालबालिकाको हेरचाह, संरक्षण,

पालन–पोषण, शिक्षा-स्वास्थ्यलगायत सेवा व्यवस्थापनका सम्बन्धमा तोकिएको मापदण्डबमोजिम भए-नभएको निरन्तर अनुगमन तथा सञ्चालकहरूलाई पृष्ठपोषण दिने कार्य महानगरबाट निरन्तर रूपमा भइरहेको छ। महानगरको पहलमा प्रदेश सरकारको सहकार्यमा आ.व. २०७७/०७८ देखि महानगर क्षेत्रमा बसोबास गर्ने, बाबु र आमा दुबै नभएका १२ जना अनाथ बालबालिकाको शिक्षा तथा पोषणका लागि मासिक रू. २०००।- बैङकिङ् प्रणालीमार्फत सहायता उपलब्ध गराउने गरिएको छ । सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि निःशुल्क सेनेटरी प्याडको व्यवस्था गरेको छ।आ.व. २०७७/०७८ मा भरतपुर महानगरपालिका वडा नं. २९ लाई बालविवाहमुक्त वडा घोषणा गर्न विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएको छ। साथै, अनाथ तथा सडक बालबालिकाका लागि आवासीय शैक्षिक प्रबन्धका लागि वार्षिक रु.४०,०००/– को व्यवस्था गरिएको छ ।

महानगर भित्रका सामुदायिक तथा संस्थागत विद्यालमा अध्ययनरत किशोर किशोरीहरूलाई लागु पदार्थ दुर्व्यसनी तथा साइबर अपराधका घटना र रोकथामका उपाय अवलम्बन गराउने भरी ३१० जनालाई सचेतना जागरणका क्रियाकलाप सञ्चालन गरिएको छ ।

यो पाँच वर्षको अवधि महानगरलाई सडक बालबालिकामुक्त क्षेत्र निर्माणलगायत दुःखी, असहाय र आर्थिक एवं अन्य कारणले अप्ठ्यारोमा परेका बालबालिकाको अधिकार, संरक्षण र बालगृह स्थापनामा उल्लेखनीय बनेको छ ।

### (च) दलित तथा सीमान्तकृत समुदायको सशक्तीकरण

समाज सुधारको पहिलो चरण भनेको जीवनमा व्यक्तिको स्वतन्त्रतालाई प्राथमिकता दिनु हो । आफ्नो जीवन र विवाहजस्ता विषयमा समाज र संस्कृति बाधक हुनु हुँदैन भन्ने व्यक्तिगत स्वतन्त्रताको मान्यताअनुरूप दलित तथा सीमान्तकृत समुदायका व्यक्तिको स्वतन्त्रता र सशक्तीकरणका लागि महानगरले विशेष कार्यक्रम सञ्चालनमा ल्याएको छ। सोही कार्यको थालनीस्वरूप महानगरले अन्तर्जातीय विवाह गर्ने दम्पतिलाई सम्मान एवम् प्रोत्साहन गर्ने कार्यक्रम ल्याएको छ । आर्थिक बर्ष २०७७।०७८ मा अन्तर्जातीय विवाह गर्ने तीन दम्पतीलाई सम्मान एवं प्रोत्साहन गरिएको छ। यसैगरी दलित समुदायको बाहुल्य रहेका वडाहरूलाई लक्षित गरी दलित तथा गैरदलित समुदायका व्यक्तिहरूका बीच अन्तर्घुलन कार्यक्रमहरू सञ्चालन गरी सामाजिक विभेदको अन्त्य गर्ने प्रयास थालनी गरिएको छ । यसरी नै महानगरले दलित तथा सीमान्तकृत समुदायको सांस्कृतिक एवं परम्परागत सीप तथा व्यवसायिकता विकासका लागि थप सहयोग गरिरहेको छ। ८० जना दलित, मुस्लिम तथा सीमान्तकृत वर्गका महिलालाई साझेदार गैससमार्फत सीप विकास तालिम प्रदान गरिएको छ ।

सामाजिक विभेदको अन्त्य चेतनाका स्तरबाट हुन जरुरी छ । समुदायका व्यक्तिलाई उनीहरूको समानताका विषयमा सचेत गराउनु महानगरको प्रमुख लक्ष्य हो । सोहीअनुरूप सचेतना, जागरण र लक्षित समुदायको सशक्तीकरणका साथै सूचना, शिक्षा र सञ्चारको प्रभावकारी कार्यान्वयनका लागि एफ.एम. रेडियो, होर्डिङ् बोर्ड व्यवस्थापनलगायतका कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्दै आइएको छ। त्यस्तै, महानगरपालिकाभित्र बसोबास गर्ने विपन्न मुस्लिम समुदायका महिलाको आर्थिक सशक्तीकरणका लागि ब्युटिसियन सम्बन्धी सीपमूलक तालिम सञ्चालन गर्न सहयोग प्रदान गरिएको छ।

यसरी महानगरपालिकाले समाजमा बसोबास गर्ने व्यक्तिबीच भिन्न जाति, संस्कृति र धर्मका आधारमा हुने विविधखाले विभेदको अन्त्यका लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरेको छ ।

### (छ) दिवसीय कार्यक्रमहरू

दिवसहरूले व्यक्तिलाई सम्बन्धीत विषयमा मनोवैज्ञानिक रूपमा तयारी गराउँछन्। त्यसैले दिवसहरू मनाइन्छन् । यस महानगरपालिकाले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, महिला तथा अन्य विषयका सान्दर्भिक दिवसीय कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा मनाउने गरेको छ । यस्ता कार्यक्रमहरूले सम्बन्धीत वर्ग र समुदायका व्यक्तिलाई आफ्नो हक अधिकार प्राप्तिका साथै पहिचानका लागि सचेत गराउँदछन् । विभिन्न कार्यक्रममार्फत महानगरले निम्नलिखित दिवसहरूलाई निरन्तर रूपमा मनाइरहेको छ ।

- मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस, भाद्र २० गते,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बालअधिकार दिवस, सेप्टेम्बर १४ र नोभेम्बर २०,
- लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म,

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, अक्टोबर १ र पुस ११ गते,
- अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दिवस, ३ डिसेम्बर,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला दिवस, जेठ १६ र मार्च ८ ।


अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा महानगरका सबै वडाबाट प्रतिनिधित्व हुने गरी आर्थिक वर्ष २०७८/०७९ मा प्रति वडा ५ जना गरी १५० जना ९० वर्षमाथिका ज्येष्ठ नागरिकहरूलाई महानगरस्तरीय सम्मान कार्यक्रम राखिएको साथै शताब्दी उमेर पार भएका १२ जना ज्येष्ठ नागरिक बुबाआमालाई विशेष सम्मान गरिएको छ । दिवसहरू कुनै न कुनै विशेष दिनहरू हुन् । यस्ता दिनहरूलाई विशेष रूपमा मनाउने काम गरेर महानगरले सम्बन्धीत वर्ग, समुदाय, उमेर र लिङ्गका व्यक्तिहरूको सम्मान गर्ने गरेको र उनीहरूको मनोबल उच्च राख्ने काम गरेको छ ।

### (ज) अपाङ्गता सशक्तीकरणमा महानगर

व्यक्ति शारीरिक रूपले फरक क्षमता लिएर जन्मिएको हुन सक्दछ तर जन्मको भिन्नताका आधारमा उनीहरूलाई सामाजिक रूपमा विभेद गरिनु हुँदैन । सोही कुरालाई मध्यनजर गर्दै शारीरिक एवं मानसिक रूपमा फरक क्षमता भएका व्यक्तिहरूलाई सशक्तीकरण गरी समाज निर्माणको मूल धारमा समाहित गर्ने अभियानलाई यस महानगरले विशेष रूपमा सञ्चालन गरेको छ ।

राज्यले अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र सहयोगका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । राज्यको सोही कार्यक्रमअन्तर्गत यस महानगरपालिकाले अपाङ्गता पहिचान, परिचयपत्र वितरण र सहयोगका कार्यक्रमहरू सञ्चालन गरेको छ । शारीरिक र मानसिक रूपमा फरक क्षमता भएका व्यक्तिलाई सकेसम्म सहयोग गर्ने लक्ष्य महानगरले राखेको छ । हालसम्म अपाङ्गता पहिचान र वर्गीकरण गरी महानगरभित्र १५४८ जना व्यक्तिहरूलाई अपाङ्गताको परिचयपत्र प्रदान गरिएको छ । परिचयपत्रका आधारमा अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकरण निम्नानुसार रहेको छः

**अपाङ्गताको वर्गीकरण २०७५/०७६ देखि २०७७/०७८ सम्म**




माथिको तालिका अनुसार २०७५ देखि २०७८ माघ मसान्तसम्म यस महानगरपालिकाभित्र पूर्ण अपाङ्गता भएका २९० जना, अति अशक्त अपाङ्गता भएका ९५५ जना, मध्यम अपाङ्गता भएका २६९ जना र सामान्य अपाङ्गता भएका मात्र ३४ जना गरी जम्मा १५४८ जना अपाङ्गता भएका व्यक्तिले परिचयपत्र प्राप्त गरेका छन् । अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवनयापन सहज र सरल बनाउन अपाङ्गताको प्रकृतिअनुसार ह्विल चियर, वाकर, बैसाखी, सेतो छडी

तथा क्यालीपर जुत्ता र कृत्रिम हातखुट्टाजस्ता सहायक सामग्रीहरू वितरण गरिएको छ ।

यसरी नै दृष्टिविहीन, बहिरा एवम् सुस्त मनस्थितिका बालबालिकाहरूको शिक्षामा पहुँच स्थापना गर्न महानगर क्षेत्रभित्र विशेष विद्यालयहरू सञ्चालन भएको र उक्त विद्यालयमा अध्ययनरत बालबालिका र तीनका अभिभावकहरूबीच अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह, शिक्षा, स्वास्थ्य, पोषण लगायत स्याहारसुसार एवम् सेवा सुविधासम्बन्धी समुदाय तहमा सचेतना अभिवृद्धि अभियान सञ्चालन गरिएको छ ।

जसको सवाल उसैको नेतृत्व' भन्ने मान्यतालाई आत्मसात गर्दै नगरस्तरीय अपाङ्गताको सरोकारमा क्रियाशील सामाजिक संघसस्थालाई प्रत्येक वर्ष महानगरको वार्षिक नीति तथा कार्यक्रममा सम्बोधनसहित बजेट विनियोजन गर्दै अपाङ्गता भएका व्यक्तिको हकअधिकारको संरक्षण र सम्बर्धनमा सहयोग पुर्याउँदै आइएको छ । यस क्रममा चालु आर्थिक वर्ष २०७८/०७९ देखि अपाङ्गता भएका व्यक्तिको पहिचानसहितको डिजिटल परिचयपत्र वितरण गर्ने कार्यका लागि सेवा प्रदायक संस्था छनौट भई हालसम्म वितरित परिचयपत्रलाई समेत डिजिटल कार्ड वितरण गर्ने कार्य प्रारम्भ गरिएको छ।

## (झ) ज्येष्ठ नागरिकसँग महानगर

ज्येष्ठ नागरिक समाजका सम्पत्ति हुन् ।उनीहरूको जीवनयापन सहज हुनुपर्दछ ।उनीहरूमा उमेरका कारण शारीरिक र मानसिक समस्याहरू बढी हुन्छन् । साथै उनीहरूमा धेरै अनुभव र अनुभूति रहेको हुन्छ ।त्यसैले उनीहरूको सामाजिक सुरक्षाका लागि भरतपुर महानगरपालिका संवेदनशील छ र सोहीअनुसार कार्यक्रम अघि बढाएको छ ।

सामाजिक सुरक्षाका सुरक्षाका साथै भरतपुर महानगरले ज्येष्ठ नागरिकहरूलाई सम्मानजन जीवनयापनका लागि आवश्यक थप कार्यक्रमहरू सञ्चालन गरेको छ । उनीहरूलाई समयमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ । सो भत्तालाई सम्बन्धीत व्यक्तिको बैङ्क खातामा नै पठाउने व्यवस्था मिलाईएको छ । यसले उनीहरूलाई आफ्नो भत्ताका लागि लामो समयसम्म लाईनमा बस्ने झन्झटबाट मुक्ति दिलाएको छ । यसका अतिरिक्त महानगरले उनीहरूलाई लक्षित गरी थप कार्यक्रमहरू सञ्चालन गरेको छ ।

आ.व.२०७५/०७६ मा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालनबाट करिब ५०० जना ज्येष्ठ नागरिक लाभान्वित भएका छन् । ज्येष्ठ नागरिकहरूको विश्रामस्थल निर्माणलगायत भजन–कीर्तनसहित दिवा सेवा सञ्चालनका लागि ज्येष्ठ नागरिक संघ चितवनको भवन निर्माण गर्न सहयोग अनुदान उपलब्ध गराइएको छ । स्थानीय समुदायका सक्रियतामा वडा नं. २१, ९, २६, र ७ मा निर्मित ज्येष्ठ नागरिक भवन एवम् अन्य विभिन्न वडाहरूमा ज्येष्ठ नागरिक विश्रामस्थल, मन्दिर एवम् दिवा सेवा सञ्चालनमा सहयोग पुर्याइएको छ । यसैगरी आर्थिक वर्ष २०७६/०७७ देखि निरन्तर रूपमा देवघाटधाममा रहेको रोटरी करूणालयमा आश्रित एवम् वरपर रहेका असाहाय बुबाआमाको भोजन सेवालगायत अन्य स्वास्थ्य सेवा तथा सुविधाका लागि महानगरले आवश्यक रकम सहयोग प्रदान गर्दै आएको छ । यसका अतिरिक्त भरतपुर केन्द्रीय अस्पताललगायत महानगर क्षेत्रभित्रका अन्य निजी अस्पतालहरूमा समेत ज्येष्ठ नागरिकको स्वास्थोपचारमा विशेष सहयोग पुर्याउन अस्पताल प्रशासनसँग पैरवी गर्दै आएको छ। यसरी ज्येष्ठ नागरिकलाई समाजमा सम्मानजनक र सुरक्षित जीवन यापनका लागि यस महानगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

## (ञ) लघु उद्यम विकास

नियमित आय आर्जन नभएका वा रोजगारीको अवसरबाट वञ्चित भएका विपन्न आर्थिक अवस्था भएका व्यक्तिहरूको न्यूनतम आय आर्जनको सुनिश्चितता गर्ने उद्देश्यले भरतपुर महानगरले आ.व. २०७७/०७८ देखि लघु उद्यम विकास कार्यक्रम सञ्चालनमा ल्याएको छ । उक्त कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गराउन महानगर लघु उद्यम सहजकर्ता छनोट गरी समुदाय तहसम्म पुगेको छ । यसै वर्ष वडा नं. १३,१४,१८ र २५ वडाका ८० जना नयाँ लघु उद्यमीको छनोट भएको छ । उनीहरूलाई मागमा आधारित तालिम प्रदान गरिएको छ, जसअन्तर्गत सिलाई–कटाइ, व्युटीपार्लर, होटल व्यवस्थापन, कृषिमा आधारित कुखुरापालन, बाख्रापालन आदि तालिम प्रदान गरिएको छ। चालु आ.व. २०७८/०७९ मा वडा नं. २७ र २८ छनोट भई ९० जना नयाँ उद्यमीको सिर्जना गरिएको छ। उक्त ९९ जना उद्यमीहरू मध्ये अचार वनाउने तालिममा १८, बाख्रा तथा बङ्गुरपालन ४९ जना, कुखुरा पालन २० जना, नेचर गाइड ४ जना होटल व्यवस्थापन ८ जना लाई प्रदान गरिएको छ। तालिम प्राप्त सदस्य स्वरोजगार बन्दै गएका छन् । उद्यमशिलता विकास तालिम लिएका सम्भावित

उद्यमीहरूकै चाहना र मागका आधारमा अचार बनाउने तालिम, बाख्रापालन तथा बङ्गुर पालन तालिम सञ्चालन गरी उनीहरूलाई व्यावसायिक सीप प्रदान गरिएको छ। वडा नं. २८ मा रहेको होटल वाराहीसँग सहकार्य गरी १८ जनालाई तीन महिने निःशुल्क होटल व्यवस्थापन तथा कुक तालिम दिइएको छ। यसका अतिरिक्त विपन्नता भएका बस्तीमा रहेका महिलाहरूको आर्थिक सशक्तीकरण गर्न महानगरपालिका वडा नं. ९, २५ र २६ मा ६० जना अति विपन्न महिलालाई सीप तथा व्यावसायिकता विकास तालिमअन्तर्गत बाख्रापालन तालिम प्रदान गरी व्यवसाय स्थापनार्थ प्रति सदस्य रु. १०,०००।– बीउ पुँजी अनुदान उपलब्ध गराइएको छ।

### (ट) संघ संस्था समन्वय तथा सामुदायिक परिचालनमा महानगर

महानगर क्षेत्रभित्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था मार्फत सञ्चालन गरिने विकासको गतिविधिलाई व्यवस्थित र नियमन गर्न नगर परियोजना परामर्श समितिको गठन र परिचालन भएको छ। महानगर क्षेत्रभित्र सञ्चालनमा रहेका सामाजिक संघ संस्थाको विवरण अद्यावधिक गरिएको छ। चालु आ. व मा १४ वटा गैरसरकारी संघ संस्थालाई कार्यक्रम सञ्चालन गर्ने अनुमति प्रदान गरिएको छ।

चालु आर्थिक वर्ष २०७८/०७९ मा जम्मा ६७ वटा सामाजिक संघ संस्थाले वार्षिक कार्यक्रम र बजेट सहित सूचीकृत भएका छन्।जसमध्ये १८ वटा महिलासँग सम्बन्धीत संस्था रहेका छन् भने स्वास्थ्य क्षेत्रसँग सम्बन्धीत १२ वटा, विभिन्न विषय र क्षेत्रमा अध्ययन र अनुसन्धानसँग केन्द्रित सामाजिक संघ संस्था १२ वटा र अनाथ, असहाय बालबालिकाको शिक्षा स्वास्थ्य र पोषणसँग सम्बन्धीत १९ वटा संस्थाहरू रहेका छन्।

महानगरपालिकाको अभिन्न अङ्गका रूपमा २९ वटा वडामा जम्मा ६४१ वटा टोल विकास संस्थाहरू गठन भई नियमित रूपमा क्रियाशील रहेका छन्।टोल विकास संस्थाको काम कर्तव्य र जिम्मेवारीका सम्बन्धमा यसै चालु आर्थिक वर्षमा १० वटा वडाका २७५ टोल विकास संस्थाको क्षमता विकास अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

## ५) महानगर र कानुनी व्यवस्था

कानुनी मामिला शाखाले चार वर्षका अवधिमा विभिन्न प्रकृतिका मुद्दा तथा विवादको किनारा लगाउनका साथै राजश्व, प्रशासन, शिक्षा, अर्थ, वातावरण, प्रज्ञाप्रतिष्ठान गठन, सहकारी, कर्मचारी समायोजन, विपद् व्यवस्थापन आदि विविध विषयक्षेत्रसँग सम्बन्धीत ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड तयार गरेको छ। यस क्रममा भरतपुर महानगरपालिका न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ उपदफा (१) र (२) बमोजिमका विविध मुद्दाहरूमध्ये ५७ वटा मुद्दाहरू न्यायिक समितिको इजलासबाट किनारा लगाएको छ। यसका साथै ठाडो निवेदनबाट उजुरी प्राप्त भएका २०१ वटा निवेदनउपर दुवै पक्षको छलफलबाट आपसी समझदारी कायम गराई मेलमिलाप समितिमार्फत सम्बन्धीत पक्षलाई न्याय दिलाईएको छ भने न्यायिक समितिको निर्णयउपर चित्त नबुझी चितवन जिल्ला अदालतमा रिट निवेदन दर्ता भएका नौवटै मुद्दामा न्यायिक समितिले गरेको निर्णय नै सदर भई आएको छ। यसबाट भरतपुर महानगरपालिकाको न्यायिक समिति निष्पक्ष निर्णय गर्नमा कुशल रहेको देखिन्छ। यसका साथै महानगरले बाटो, लेनदेन, साँधसीमा आदि विषयमा हुने विवाद समाधानका लागि स्थलगत रूपमा नै उपस्थित भई समस्या समाधान गरेको छ।

### महानगरको न्यायिक समितिले स्थानीय तह स्वमूल्याङ्कन पद्धतिमा शत प्रतिशत अङ्क हासिल गरेको छ।

महानगरपालिकाले व्यवस्थित, चुस्त–दुरुस्त र विधिसम्मत रूपमा काम गर्नका लागि आवश्यक पर्ने कानुनहरू निर्माण गरेको छ। यस क्रममा शिक्षा, स्वास्थ्य, न्यायसमितिको कार्यविधि, सहकारी, प्रशासनिक कार्यविधि, सार्वजनिक एवम् निजी र साझेदारीसम्बन्धी व्यवस्था, राजश्व, वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण, स्थानीय सेवामा कर्मचारीहरूको समायोजन आदि विविध विषयक्षेत्रसँग सम्बन्धीत ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड गरी ११२ वटा कानुन निर्माण गरेको छ। यसलाई तल तालिकामा देखाइएको छ।


**महानगरले विगत पाँच वर्षमा निर्माण गरेका ऐन नियमहरू**

| विवरण | वटा |
|---|---|
| ऐन | २३ |
| नियमावली | ५ |
| निर्देशिका | १० |
| कार्यविधि | ६२ |
| मापदण्ड | १० |
| अन्य | २ |
| जम्मा | ११२ |

**तालिका नं. २**

महानगरपालिकाबाट बनेका कानुनी प्रावधानहरूलाई तलको चित्रले प्रतिशतका आधारमा प्रस्ट पारेको छ।

**महानगरपालिकाबाट विगत ५ वर्षमा बनेका ऐन नियमहरु**





यस तालिका अनुसारको ऐन, नियमावली, निर्देशिका, कार्यविधि आदि सम्बन्धी नीति तथा कानुनहरूको विस्तृत विवरण परिशिष्ट २ मा दिइएको छ।

## ६) पञ्जीकरण, घटना दर्ता र संशोधन

महानगरभित्र बस्ने व्यक्तिका घटना दर्ता गर्न यथाशक्य सर्वसाधारणलाई सहज होस् भन्ने महानगरको प्रमुख ध्येय रहेको छ। दर्तासँग जोडिएका जन्म, मत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदका घटनाहरू व्यक्तिको जीवनमा प्रभाव पार्ने घटनाहरू हुन्। यस्ता घटना अभिलेखहरू व्यक्तिको जीवनपर्यन्त आवश्यक हुने विषय हुन्। त्यसैले महानगरपालिकाका २९ वटै वडा कार्यालयबाट प्रदान गरिने घटनादर्ता र अभिलेखीकरणको कार्यलाई सकेसम्म वस्तुनिष्ठ, निष्पक्ष र सर्वसुलभ किसिमले सञ्चालन गर्ने गरेको छ। उद्देश्यबमोजिम महानगरले नीतिनियमभित्र रहेर सर्वसाधारणलाई सकेसम्म सहज किसिमले सेवा प्रवाह गरेको छ। घटना दर्ताका अभिलेखहरूलाई व्यवस्थित गर्न डिजिटाइजेसन कार्य अघि बढाइएको छ।व्यक्तिगत घटना दर्ताको प्रगति विवरणलाई तलको स्तम्भ चित्रबाट सहज किसिमले बुझ्न सकिन्छ।


### घटना दर्ता




उल्लिखित विवरण हेर्दा २०७६ सालमा ५३१०, २०७७ सालमा ५५९० र २०७८ चैत्र २१ सम्म ५१८३ जनाको जन्मदर्ता भएको देखिन्छ। यसरी नै २०७६ सालमा २३९५, २०७७ सालमा २२८१ र २०७८ चैत्र २१ सम्म २५३७ जनाको विवाह दर्ता भएको पाइन्छ। यस्तै, २०७६ सालमा १५३२, २०७७ सालमा १८८२ र २०७८ चैत्र २१ सम्म १९७६ जनाको मृत्यु दर्ता भएको छ भने २०७६ सालमा ११२११, २०७७ सालमा १३१९४ र २०७८ चैत्र २१ सम्म ११४८४ जनाको बसाइँसराइ भएको छ। सो अवधिमा क्रमशः २१४, २१२ र ३०६ जनाको सम्बन्ध विच्छेद भएको छ।


भरतपुर महानगरपालिकामा बाहिरी जिल्लाबाट र चितवनका अन्य स्थानबाट बसाइँ सरेर आउनेहरूको सङ्ख्यालाई तलको रेखाचित्रले थप स्पष्ट पारेको छ।

### बसाइँसराइको अवस्था




यसबाट बसाइँसराइका क्रममा २०७६ सालमा ११२११ जना बाहिरबाट महानगरभित्र आएको देखिन्छ भने २०७७ सालमा सो सङ्ख्या वृद्धि भई १३१९४ पुगेको देखिन्छ। विवरण हेर्दा बसाइँसराइको दर बढ्दो अवस्थामा रहेको देखिन्छ। भरतपुर महानगरपालिकाबाट बसाइँ सरेर जानेहरूको संख्या तलको रेखा चित्रले थप स्पष्ट पारेको छ।

**महानगरबाट बसाइँसरी जानेको अवस्था**





नयाँ घटना दर्ताबाहेक अगाडि नै दर्ता भइसकेका घटनाहरूको संशोधन र परिमार्जन गरी त्रुटिपूर्ण घटना दर्तालाई सुधार गर्नु पनि महानगरको प्रमुख कार्य हो । यस कार्यलाई महानगरले चासो र सहजताका साथ अगाडि बढाएको छ ।

## ७) सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रमले असक्त, ज्येष्ठ नागरिक, एकल महिलाहरू आदि व्यक्तिलाई ठूलो सहयोग पुर्याएको छ । यसलाई सर्वाधिक भरपर्दो, पारदर्शी र निष्पक्ष बनाउन महानगरले प्रयास गरेको छ । सामाजिक सुरक्षा कार्यक्रमको दायराभित्र पर्ने कुनै पनि व्यक्ति सो सेवाको पहुँचबाट बाहिर नपरोस् भन्ने कुरामा महानगर पूर्ण सचेत रही कार्य गरिरहेको छ । महानगरभित्र बसोबास गर्ने नागरिकहरूलाई महानगरबाट उपलब्ध गराइएको आ.व.२०७७/०७८ को सामाजिक सुरक्षाको विवरणलाई निम्नलिखित चित्रले प्रस्ट पारेको छः

**सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको संख्या**




यसरी हेर्दा ज्येष्ठ नागरिक, असहाय, एकल महिला, विधवा, पूर्ण एवं अति असक्त अपाङ्ग, लोपोन्मुख आदिवासी र बालपोषण शीर्षकमा सामाजिक सुरक्षा पाउने लाभग्राहीको सङ्ख्या आ.व. २०७७/०७८ मा २४१३० रहेको र उनीहरूलाई रु. ६८९१४९९३४/– बराबरको सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ । यो सेवा आ.व.२०७६/०७७ का तुलनामा २०७७/०७८ मा सङ्ख्या एवं रकम दुवै हिसाबले विस्तार भएको छ । २०७६/०७७ मा २३०२४ व्यक्ति लाभान्वित भएका थिए भने आ.व.२०७७/०७८ मा २४१३० जना लाभान्वित भएका छन् । यसैगरी सामाजिक सुरक्षा भत्ता रकम पनि तदनुसार नै वृद्धि भएको छ ।




महानगरको छुवाछुत मुक्त अभियान
अन्तरजातीय विवाह गर्ने दम्पती
सम्मान


भरतपुर महानगरपालिका
अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस-२०७८ मंसिर १९
International Volenteers Day- 5th Dec.


लैङ्गिक सम्पर्क शिक्षक अभिमुखीकरण कार्यक्रम


वडा बाल क्लब गठन पुन: गठन
एवम्
अभिमुखीकरण कार्यक्रम


शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि
अभिमुखीकरण एवं समझदारीपत्रमा
हस्ताक्षर समारोह


मध्य नेपालको सुन्दर शहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर
निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको
सम्बन्धमा
अन्तरक्रिया कार्यक्रम
१३ माघ, २०७८
आयोजक:
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय


सामूहिक आवास हस्तान्तरण कार्यक्रम

## ८) महानगर र जनस्वास्थ्य

नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवा सबै नगरबासीसम्म पुर्याउनका लागि भरतपुर महानगरपालिका प्रतिवद्ध रहेको छ । गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच अभिवृद्धि गर्नका लागि महानगरपालिकाका सबै वडाहरूमा कम्तीमा १ वटा स्वास्थ्य संस्था स्थापना गरी सञ्चालनमा ल्याइएको छ । मेडिकल सिटिका रुपमा समेत परिचित भरतपुर महानगरमा भरतपुर अस्पताल वि पि कोइराला मेमोरियल क्यान्सर अस्पताल, मेडिकल कलेजहरू लगायत दर्जनौं निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरूले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विरामीहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराएका छन् ।

संघीय संरचना अनुसार भरतपुर महानगरपालिकामा जनप्रतिनिधिहरू पद बहाल भए पश्चात स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी स्वास्थ्य सेवाको सुदृढीकरण तथा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गरिएका छन् । स्थानीय तहको अधिकार तथा जिम्मेवारीका कामहरू सम्पन्न गर्नका लागि जनस्वास्थ्य ऐन लगायत कार्यविधि, निर्देशिकाहरू तयार गरी नेपाल स्वास्थ्य क्षेत्र रणनीतिले निर्दिष्ट गरेका निर्देशक सिद्धान्त अनुसार स्वास्थ्य सेवामा समतामुलक पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य प्रणालीमा सुधार र वहुपक्षीय सहकार्यको सुनिश्चितता गर्दै आवश्यक कार्य गरिएको छ ।

हालसम्म स्वास्थ्य क्षेत्रमा भएको लगानीबाट औषत आयुमा वृद्धि, नवजातशिशु तथा वाल मृत्युदरमा कमी, मातृ मृत्युदरमा कमी हुनुका साथै कुष्ठरोग, नवशिशु धनुष्टंकार जस्ता रोगहरू निवारण भएको, पोलियो उन्मुलनको क्रममा रहेको साथ मलेरिया, कालाजर, दादुरा जस्ता रोगहरू नियन्त्रणमा रहेका अवस्था समेतलाई दृष्टिगत गरी थप उपलव्धीहरू हासिल गर्नका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुने भएकोले स्वस्थ र समुन्नत समाज निर्माणका लागि स्वास्थ्य क्षेत्रमा उल्लेख्य लगानी गरी दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्य राखिएको छ ।

### स्वास्थ्य सेवा

महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था, खोप तथा गाउँघर क्लिनिक, महिला स्वास्थ्य स्वयंसेविकाहरूका साथै अन्य सरकारी, निजी तथा गैरसरकारी अस्पताल एवं स्वास्थ्य संस्थाको सञ्जाल मार्फत प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पूनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा प्रदान गरिएको छ । बाल तथा परिवार स्वास्थ्य अन्तर्गत खोप, पोषण, नवशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन, परिवार नियोजन, सुरक्षित मातृत्व तथा सुरक्षित गर्भपतन सेवाहरू दिइएको छ । क्षयरोग, कुष्ठरोग, मलेरिया, डेंगी, फाइलारियासिस, एचआइभी जस्ता रोगहरूको नियन्त्रण तथा निवारणका लागि क्रियाकलापहरू सञ्चालन गरिएको छ । विभिन्न स्वास्थ्य संस्थाहरू मार्फत ओपिडि सेवा, आकस्मिक सेवा, प्रयोगशाला सेवा, सुरक्षित प्रसुती सेवा नियमित रुपमा उपलब्ध गराइएको छ । नसर्ने रोग तथा मानसिक रोगको रोकथाम लगायत सचेतनाका लागि स्वास्थ्य शिक्षा तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू गरिएको छ ।

### स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

महानगर अन्तर्गत विभिन्न तहका स्वास्थ्य संस्थाहरू मार्फत नगरवासीहरूलाई स्वास्थ्य सेवा पुर्याइएको छ । महानगर अन्तर्गत १ प्राथमिक स्वास्थ्य केन्द्र, १३ स्वास्थ्य चौकी, १४ आधारभूत स्वास्थ्य केन्द्र, ३ नगर स्वास्थ्य केन्द्र, १ सामुदायिक स्वास्थ्य इकाई, १ मातृशिशु स्वास्थ्य क्लिनिक, १ स्वास्थ्य क्लिनिक मार्फत चौकीडाँडादेखि गोलाघाट सम्मका सेवाग्राहीका लागि स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गरिएको छ । स्वास्थ्य संस्थाहरूको अतिरिक्त समुदाय स्तरमा ८० खोप क्लिनिक, ३८ गाउँघर क्लिनिक र २०७ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत स्वास्थ्य सेवा घरदैलो सम्म पुर्याइएको छ । यसका साथै ६ वटा आयुर्वेद औषधालय मार्फत वैकल्पिक तथा आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराइएको छ  निदान तथा परीक्षणलाई सुदृढिकरणका लागि वडा नं. ६, ९, १४, १५, १६, १९, २२, २५, २६ र २७ मा रहेका स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला सेवाको स्थापना तथा विस्तार गरिएको छ। स्वास्थ्य सेवा सञ्चालनका लागि एक वडा, एक स्वास्थ्य संस्थाको लक्ष्य हासिल गरिएको छ । शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र र शारदानगर स्वास्थ्य चौकीलाई नगर अस्पतालको रुपमा स्तरोन्नती गर्नका लागि नगरसभाबाट निर्णय गरी डिपिआर लगायतको प्रक्रिया अगाडि बढाइएको छ ।

## स्वास्थ्य जनशक्ति व्यवस्थापन

स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदानका लागि आवश्यक पर्ने जनशक्तिको उपलब्धता र उचित व्यवस्थापनलाई प्राथमिकता दिइएको छ। स्वास्थ्य सेवाका विभिन्न तह, सेवा र समूहका स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरू समेतको ज्ञान, सीपलाई उच्चतम उपयोग गरी सेवा प्रवाह गर्नका लागि उत्प्रेरणा दिनुका साथै क्षमता अभिवृद्धिका क्रियाकलापहरू समेत सञ्चालन गरिएको छ। भरतपुर महानगरपालिकामा मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य निरीक्षक, नर्सिङ अधिकृत र निरीक्षक, हेल्थ असिष्टेन्ट, सि.अ.हे.ब., सि.अ.नं.मी, अ.हे.ब., अ.नं. मी, विद्यालय नर्स, कविराज निरीक्षक, कविराज, ल्याब टेक्निसियन र सहायक, वैद्य, कार्यालय सहयोगी गरी २३८ जना चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी मार्फत स्वास्थ्य सेवा प्रदान गरिएको छ। दरवन्दी कायम नभइसकेका आधारभूत स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्थाहरूमा समेत महानगरको आन्तरिक स्रोत मार्फत स्वास्थ्यकर्मीहरूको व्यवस्था गरी स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गरिएको छ।

## पूर्वाधार निर्माण तथा स्वास्थ्य सेवा सुदृढीकरण

गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि दक्ष जनशक्ति, अत्याधुनिक औजार उपकरणका साथै सुविधा सम्पन्न भौतिक पूर्वाधार विकासको महत्वपूर्ण भूमिका दृष्टिगत गरी स्वास्थ्य संस्थाहरूको भवन निर्माण तथा सुदृढीकरण गरिएको छ। यस क्रममा वडा नं. ३, ४, ११, २१, २२, २३, २५, २७ र २९ मा रहेका स्वास्थ्य चौकी, आयुर्वेद औषधालय तथा आधारभूत स्वास्थ्य केन्द्रहरूका भवन निर्माण सम्पन्न भएको छ। यसैगरी वडा नं. १, ५, ७, १३, २०, २४, र २८ मा रहेका स्वास्थ्य चौकी, आयुर्वेद औषधालय तथा आधारभूत स्वास्थ्य केन्द्रहरूका भवनहरू निर्माणाधीन रहेका छन्। साथै आवश्यकता अनुसार भवनको मर्मत सम्भार, स्तरोन्नती गरिएको छ। शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र भवनको मर्मत तथा विस्तार गरी अल्ट्रासाउण्ड, डिजिटल एक्सरे सहित सेवा सुदृढिकरण गरिएको छ। स्वास्थ्य संस्थाहरूमा कम्पयुटर, प्रिन्टरको उपलब्धता गरी इन्टरनेट सेवाको विस्तार गरिएको छ।

## महिला तथा बाल स्वास्थ्य

महानगरपालिकाले महिला तथा बालबालिकाहरूको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। भरतपुर अस्पतालमा सेवा लिन आउने महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएकाहरूका लागि निशुल्क ओपिडि टिकटको व्यवस्था गरिएको छ जसबाट ५० हजार भन्दा धेरै जना सेवाग्राही लाभान्वित भएका छन्। स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने महिलाका लागि निशुल्क एम्वुलेन्स र यातायात खर्चको व्यवस्था गरिएको छ। स्वास्थ्य संस्थामा गर्भजाँच गराउन आउने महिलाहरूका लागि मेडिकेटेड झुल वितरण तथा क्याल्सियम सप्लिमेन्टेशन कार्यक्रम सञ्चालन गरिएको छ। बालबालिकाहरूको निशुल्क खोप पाउने अधिकारको प्रत्याभूति सहित पूर्ण खोप सुनिश्चित महानगर घोषणा गरिएको छ। मातृ तथा बाल स्वास्थ्यका संवाहक २०७ जना महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई उत्प्रेरित गर्न यातायात खर्च, चाडवाड खर्च, सम्मानजनक विदाई लगायतका सेवा सुविधाहरू उपलब्ध गराइएको छ।

## आपूर्ति व्यवस्थापन

स्वास्थ्य सेवाको महत्वपूर्ण आधारस्तम्भको रुपमा रहेको औषधी उपकरण व्यवस्थापनका लागि आवश्यक योजना तर्जुमा, आवश्यकताको प्रक्षेपण गरी खरिद भण्डारण तथा वितरणको कार्य प्राथमिकताका साथ गरिएको छ। महानगरका ४० वटा स्वास्थ्य संस्थाहरूका लागि आवश्यक औषधी सामाग्रीहरू खरिद गरी मासिक रुपमा स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको छ। उचित सामग्री, उचित परिमाणमा, उचित स्थानमा, उचित समयमा, उचित मूल्यमा र उचित अवस्थामा हुनुपर्ने आपूर्ति व्यवस्थापनका सिद्धान्तलाई मनन गर्दै Electronic Logistics Management and Information System (ELMIS) को प्रयोग गरी आपूर्ति व्यवस्थापन गरिएको छ। दूरदराजका विरामीहरूलाई सेवा पुर्याउने उद्देश्यका साथ एम्बुलेन्स खरिद गरी वडा नं. २३ जगतपुरमा हस्तान्तरण गरिएको छ। साथै महानगरपालिकाको पहलमा गैरआवासीय नेपाली संघ मार्फत उपलब्ध गराइएको अत्याधुनिक ब्लड कलेक्सन बस नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार केन्द्र भरतपुरलाई हस्तान्तरण गरिएको छ।

### स्वास्थ्य सूचना व्यवस्थापन

जनमुखी तथा वैज्ञानिक स्वास्थ्य सेवाको उपलब्धताका लागि तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रमहरू तयार गर्नुपर्ने कुरालाई दृष्टिगत गरी स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गरिएको छ । स्वास्थ्य सेवाको योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याकंनका लागि स्वास्थ्य व्यवस्थापन सम्बन्धी तथ्याङ्क तथा सूचकहरूको आवश्यकता पर्दछ । सो को व्यवस्थापनका लागि स्वास्थ्य संस्थाहरूबाट प्राप्त हुने मासिक प्रतिवेदनहरू समयमा नै प्राप्त गरी विश्लेषण र पृष्ठपोषण गरिएको छ । महानगर अन्तर्गतका स्वास्थ्य संस्थाबाट मात्र नभएर मेडिकल कलेज, निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरू, स्वास्थ्य सेवा प्रदायक गैरसरकारी संघ संस्थाहरूबाट समेत मासिक प्रतिवेदन अनिवार्य रुपमा लिई अनलाईन सुचना व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको छ । वार्षिक स्वास्थ्य प्रतिवेदन, मासिक स्वास्थ्य बुलेटिन निरन्तर रुपमा प्रकाशन गरिएको छ । सूचना व्यवस्थापन लगायत स्वास्थ्य सेवाको उपलब्धता र पहुँच बढाउनका लागि स्वास्थ्य संस्था प्रमुखहरूको मासिक समीक्षा गरी छलफल तथा पृष्ठपोषणको प्रणाली विकास गरिएको छ ।

### आयुर्वेद सेवा

स्वास्थ्यको संरक्षण, प्रवर्धन, रोगको रोगथाम तथा उपचारका लागि आयुर्वेद सेवाका पञ्चकर्म पूर्वकर्म, औषधी, उपयुक्त आहार र स्वस्थ जिवनशैली लगायतका आधारभूत मान्यताहरू अनुसरण गर्दै महानगरपालिका अन्तर्गत ६ वटा औषधालय मार्फत नियमित आयुर्वेद स्वास्थ्य सेवा प्रदान गरिएको छ। सुत्केरी महिलाहरूका लागि स्तनपायी सेवा, ज्येष्ठ नागरिक सेवा उपलब्ध गराउनुका साथै गाउँघर क्लिनिक मार्फत समुदाय टोल स्तरसम्म आयुर्वेद सेवाको पहुँच पुर्याइएको छ। पूर्वकर्म, पञ्चकर्म, स्नेहन, स्वेदन लगायतका सेवाहरूको सुदृढिकरण गर्नुका साथै स्थानीय स्तरमा उपलब्ध जडिबुटीहरूको प्रवर्धन र उपयोगमा जोड दिइएको छ ।

### कोभिड १९ लगायत महामारी नियन्त्रण

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि महानगर मार्फत सक्रियतापूर्वक क्रियाकलापहरू सञ्चालन गरिएको छ । कोभिड १९ को पहिलो लहरको शुरुवातमा नै कोरोना विशेष अस्थायी अस्पतालको स्थापना गरिएको थियो । योगी नरहरिनाथ प्राकृतिक चिकित्सालयमा आइसोलेसन केन्द्र स्थापना गरी करिब ५०० जना संक्रमितहरूलाई उपचार गरिएको छ । महानगरपालिकाका सबै वडाहरूमा क्वारेन्टिन स्थापना गर्नुका साथै समुदाय स्तरमा ५ हजार भन्दा बढिको पिसिआर स्वाब सङ्कलन र केस अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिङका क्रियाकलापहरू सञ्चालन गरिएको छ । स्वास्थ्यकर्मीहरूको टिम तयार गरी संक्रमितहरूलाई परामर्श र कन्ट्याक्ट ट्रेसिङको क्रममा २० हजार जना भन्दा बढिलाई सम्पर्क गरिएको छ ।

कोभिड १९ को दोस्रो लहर र त्यसपश्चातको व्यवस्थापनका लागि भरतपुर महानगरपालिका वडा नं. १४ शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र भवन र वडा नं. १९ शारदानगर स्वास्थ्य चौकीमा कोभिड १९ अस्पताल स्थापना गरी संक्रमितहरूको परीक्षण, निदान तथा उपचारका क्रियाकलापहरू सञ्चालन गरिएको छ । स्वास्थ्य संस्था स्तरसम्म स्वास्थ्य सुरक्षा सामाग्रीको उपलब्धता, अक्सिजन सिलिन्डर, अक्सिजन कन्सन्ट्रेटरको उपलब्धता गराइएको छ । कोभिड संक्रमितहरूलाई परामर्श र कन्ट्याक्ट ट्रेसिङलाई निरन्तरता दिँदै कोभिड १९ को सहज निदानका लागि १० वटा प्रयोगशालाहरू मार्फत एन्टिजेन परीक्षण गरिएको छ । कोभिड संक्रमितहरूका लागि निशुल्क एम्बुलेन्स सेवा ५०० जना भन्दा बढीलाई उपलब्ध गराइएको र मृत्यु भएकाहरूका लागि निशुल्क शववाहन सेवा र जलाउने दाउरा समेत उपलब्ध गराइएको छ । कोभिड १९ रोग विरुद्धको खोप अभियानलाई स्वास्थ्य संस्था तथा विद्यालयहरूमा व्यवस्थित रुपमा सञ्चालन गरी ५ लाख भन्दा बढि मात्रा खोप लगाइएको छ । महामारीको रुपमा फैलिरहेने डेंगी रोगको रोकथाम तथा नियन्त्रणका लागि खोज र नष्ट गर लगायतका अन्य सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गरिएको छ ।




AUSTRALIA
ABC Education & Migration
"लामखुट्टेको बासस्थान तथा लार्भा नष्ट गरौं, डेंगु रोगको प्रकोपबाट बचौं"
डेंगु रोग नियन्त्रण तथा
रोकथाम अभियान
आयोजक:
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७६ भाद्र १४ गते


भरतपुर महानगरपालिका
भरतपुर महानगरपालिका
दीर्घकालिन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई
सम्मानजनक
बिदाई समारोह
२०७८


भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठिमुरा आधारभुत स्वास्थ्य केन्द्र
भरतपुर-१, चितवन

## ९) कृषि तथा पशु विकास

भरतपुर महानगरपालिका कृषि तथा पशुपालनका दृष्टिले प्रचुर सम्भावना बोकेको महानगरका रूपमा रहेको छ। कृषि र पशुविकास हाम्रो समृद्धिको सूचक पनि हो। कृषि तथा पशुपालनमा महानगर व्यवसायीकरण तथा आधुनिकीकरण तर्फ अगाडि बढेको छ। कृषि विकासलाई प्राथमिकतामा राखी भरतपुर महानगरपालिकाले कृषक लक्षित विविध कार्यक्रम सञ्चालन गर्नाका साथै अनुदानका कार्यक्रमलाई समेत सँगसँगै अगाडि बढाएको छ।

### पशु विकास तर्फ

भरतपुर महानगरपालिका पशुपालन तथा पोल्ट्री व्यवसायको दृष्टिले अग्रणी रुपमा रहदै आएको छ। पोल्ट्रीको राजधानी भनेर चिनिने चितवन जिल्लामा पनि भरतपुर महानगर अझ उत्कृष्ट रहँदै आएको छ। दूध उत्पादनदेखि माछा मासु तथा अण्डा उत्पादनमा निकै अगाडि रहेको महानगर यसको प्रवर्धन तथा विकासमा उच्च प्राथमिकता दिंदै आफ्ना योजानाहरूमा पशु विकास सेवा कार्यक्रम अन्तर्गत विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

### प्राविधिक सेवाटेवाका कार्यक्रम

यस कार्यक्रम अन्तर्गत आ.व. २०७४/०७५ मा ३००० पशुहरूमा खोरेत रोगविरुद्ध खोप लगाइयो। यसैगरी गाईभैंसीका लागि कृत्रिम गर्भाधान सेवा, पशुवस्तु उपचार र पशुहरूमा बाँझोपन निवारण शिविर आयोजना गरिएको थियो।

त्यसैगरी आ.व.२०७५/०७६ खोरेत विरुद्ध खोप, पशु उपचारजस्ता कार्यक्रमहरूले निरन्तरता पाएका थिए भने युवा लक्षित गोठ सुधार, बोयर बोका वितरण, जैघाँसको बिउ वितरण, पेलेटदाना मिल वितरण, ह्वीलव्यारो वितरण, भूकम्प पीडित र सीमान्त कृषकलाई चल्ला वितरणजस्ता नयाँ कार्यक्रमहरू सञ्चालन भएका थिए।

त्यसैगरी आ.व.२०७६/०७७ मा पशु विकास सेवाअन्तर्गत नयाँ कार्यक्रमहरू विस्तार भएका थिए। यस अवधिमा लागत साझेदारीमा नमुना फार्म स्थापना, युवा लक्षित बाख्रा कार्यक्रम, युवा लक्षित बङ्गुर कार्यक्रम, बङ्गुर पाठापाठी वितरणजस्ता नयाँ कार्यक्रमहरू सञ्चालन भएका थिए भने जैघाँसको बिउ वितरण, पशु खोप र स्वास्थ्य शिविरजस्ता पुराना कार्यक्रमले पनि निरन्तरता पाएका थिए।

त्यसैगरी आ.व. २०७७/०७८ बाख्रा प्याकेज कार्यक्रम, कृषि पर्यटन प्रवर्धन कार्यक्रम, सीमान्तकृत समुदाय लक्षित कार्यक्रम, युवा लक्षित कार्यक्रम, गोबर र दूध परीक्षण, सर्जिकल उपचार, मेडिकल उपचार, मत्स्य व्यवसाय प्रवर्धन, पशुपंक्षी बिमा प्रिमियम, फार्म आधुनिकीकरण, माछामासु पसल सुधारजस्ता नयाँ कार्यक्रमहरू सञ्चालन गरिएका थिए।

### अनुदानका कार्यक्रमहरू

#### दूध उत्पादन गर्ने कृषकलाई प्रति लिटर दूधमा रु ३ अनुदान

महानगरपालिकाले दूध उत्पादनलाई बढावा दिनका लागि दूध उत्पादन गर्ने कृषकहरूलाई प्रति लिटर दूधमा अनुदान दिंदै आएको छ। प्रति लिटर दूधमा २५ (पच्चीस) पैसा अनुदानबाट शुरु गरिएको अनुदानलाई कृषकको माग अनुसार वृद्धि गरी चालु आ.व.बाट प्रति लिटर रु ३ कायम गरिएको छ। यो कार्यक्रम दूध उत्पादन गर्ने कृषक माझ निकै लोकप्रिय हुन गएको छ। प्रतिलिटर दूध उत्पादनमा कृषकको लागत वृद्धि हुँदै गैरहेको सन्दर्भमा महानगरपालिकाबाट यो सहयोग हुनुले आम कृषकहरूले राहत महसुस गरेका छन्। चालु आ.व.मा १ करोड ७० लाख लिटर दूधको लागि रु ५ करोड १० लाख बजेट विनियोजन गरी वितरण प्रकृया शुरु गरिसकिएको छ। यस कार्यक्रमबाट प्रत्येयक वर्ष करीव ७००० कृषक लाभान्वित भएका छन्।

#### मिल्किङ मेसिन, च्याप कटर, काउम्याट तथा अन्य उपकरण अनुदानमा वितरण

पशुपालन क्षेत्रको आधुनीकिकरण तथा यान्त्रीकरणको लागि महानगरपालिकाले १७ वटा मिल्कीङ मेसीन, ५४ वटा स्टेनलेस स्टिलका मिल्क क्यान, ३२ वटा ईलेक्ट्रीक च्याफकटर, २ वटा पेलेट दाना मिल, २९ वटा ह्वील ब्यारो तथा ४३७ वटा काउम्याट लागत साझेदारीमा कृषकहरूलाई वितरण गरिएको छ भने यस आ.व.मा समेत ५०० काउम्याट वितरण गर्ने कार्यक्रम रहेको छ।


### प्रवर्धनात्मक कार्यक्रम

पशुपालनको क्षेत्रमा संलग्न हुने कृषकहरूलाई आफ्नो व्यवसायको प्रवर्धनका लागि महानगरपालिकाबाट विभिन्न सहयोगका कार्यक्रमहरू सञ्चालन भएका छन्। विगतका चार वर्ष र चालु वर्षमा गरी महानगरबाट निम्नानुसारका सेवाटेवाका कार्यक्रमहरू सञ्चालन भइ कृषकहरू प्रत्यक्ष लाभान्वित भएका छन् ।

- भरतपुर-२९ म भुकम्प पिडीत तथा सिमान्तीकृत कृषकहरूलाई २ हजार वटा चल्ला वितरण गरिएको ।
- भरतपुर-६ को अन्नपुर्ण दुग्ध उत्पादक सहकारी संस्थासंगको लागत साझेदारीमा नमुना गाई फार्मको स्थापना गरिएको ।
- युवा लक्षित बाख्रा कार्यक्रम मार्फत १६ वटा बाख्रा फार्महरूको प्रवर्धन गरिएको ।
- सिमान्तिकृत समुदाय लक्षित पशु विकास कार्यक्रम मार्फत भरतपुर ६ देवनगरमा समूहमा आवद्ध २० जना कृषकहरूलाई ४० बाख्रा र २ वोका वितरण गरिएको ।
- बाख्रा प्याकेज कार्यक्रम अन्तर्गत भरतपुर २९ मा समूहका कृषकहरूलाई ७७ बाख्रा र ३ वोका वितरण गरिएको ।
- बंगुर व्यवसाय प्रवर्धनका लागि २० वटा बंगुरका पाठापाठी वितरण गरिएको ।
- ५० भन्दा वढी बाख्रापालन गर्ने फार्मलाई १० बाख्रा खरिदमा अनुदान दिने कार्यक्रम मार्फत १० वटा फार्मलाई १०/१० वटाका दरले १०० वटा बाख्रा खरिदमा अनुदान सहयोग गरिएको ।
- युवा लक्षित कुखुरा विकास कार्यक्रम मार्फत २ वटा नयाँ फार्म स्थापना गरिएको ।
- गाई भैंसी फार्ममा जैविक सुरक्षा व्यवस्थापनमा सहयोग कार्यक्रममा १२ फार्मलाई अनुदान सहयोग गरिएको ।
- लागत साझेदारीमा ३ वटा फार्मलाई आधुनीकीकरण गरिएको ।
- २१ वटा माछा फार्महरूलाई अनुदान सहयोग गरिएको ।
- कृषि पर्यटन प्रवर्धन कार्यक्रम अन्तर्गत भरतपुर २८ का समूहका कृषकहरूलाई १ हजार कुखुरा वितरण र २० वटा खोर निर्माण गरिएको।
- पशुको बिमा प्रिमियममा १२.५ प्रतिशत अनुदान उपलब्ध गराइएको ।
- २ वटा फ्रेस हाउसलाई स्तरोन्नति गरिएको ।
- २२ वटा वोयर क्रस बोका वितरण गरिएको ।
- ९० हजार गाईभैंसी र बाख्रालाई कृतिम गर्भाधान गरिएको ।
- ८० हजार पशुवस्तुहरूलाई विभिन्न रोग विरुद्ध खोप लगाइएको ।
- पशु स्वास्थ र पशुहरूको बाँझोपन निवारणका लागि ३० वटा पशुस्वास्थ्य शिविर सञ्चालन गरिएको ।
- गोबर तथा दूधको गरी १२ हजार नमुनाहरूको प्रयोगशाला परीक्षण गरिएको ।

**पशु विकास सेवा कार्यक्रम तर्फको गत ४ वर्षको बार्षिक खर्च**

**( रू हजारमा)**




प्रस्तुत विवरण हेर्दा पशुविकास कार्यक्रमहरूका लागि २०७४/–०७५ देखि क्रमशः बजेटमा वृद्धि भएको र तदनुरूप नयाँनयाँ कार्यक्रमहरू पनि थपिंदै गएका साथै पशुपालक कृषकहरू लाभान्वित भएका देखिन्छन् ।

## कृषि विकास तर्फ

देशकै मध्य भागमा रहेको भरतपुर महानगरपालिका कृषि उत्पादन तथा यसको व्यवसायीकरण र आधुनिकीकरणमा अग्र पङक्तिमा आउने गर्दछ । महानगरको कूल क्षेत्रफलको ३२.२ प्रतिशत जमिन खेती योग्य रहेको छ । समग्र कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण मार्फत कृषकको आयमा वृद्धि गरी समृद्ध महानगर बनाउने कार्यमा महानगरपालिकाले विभिन्न कार्यक्रम मार्फत कृषकलाई सहुलियत प्रदान गरेको छ । महानगरले सञ्चालन गरेका कार्यक्रममा साना तथा मझौला सिंचाइ निर्माण, कृषिको यान्त्रीकरण, उन्नत बिऊमा अनुदान, कृषि बजार पूर्वाधारमा लगानी, फलफूल तथा तरकारीका नर्सरीहरूको स्थापनामा सहयोग, खाद्य प्रशोधनका मेसीन तथा गोदाम घर निर्माणमा सहयोग, माटो जाँच तथा माटो सुधारका कार्यक्रम, बिऊ उत्पादन तथा प्रशोधनमा सहयोग, तालिम तथा अन्य प्राविधिक सेवाटेवाका कार्यक्रमहरू रहेका छन् ।

## साना सिंचाइ तथा मझौला सिंचाइ निर्माणमा अनुदान

बाली सघनता वृद्धि संगै कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सिंचाइ अनिवार्य आवश्यकता भएकोले महानगरले खेती योग्य जमिनमा सिंचाइ सुविधा पुर्याउनका लागि अनुदानको व्यवस्था गरेको छ । यसै व्यवस्था बमोजिम आ.व. २०७५/०७६ मा भरतपुर महानगर भित्रका सहकारी समूह मार्फत ५२ वटा साना सिंचाइ आयोजना सम्पन्न भएका छन् । त्यसै गरी आ.व. २०७६/०७७ मा महानगरमा रहेका २९ वटै वडामा रहेका समूह सहकारी मार्फत १२५ वटा साना सिंचाइ आयोजना सम्पन्न भएका छन्। यस कार्यक्रमलाई निरन्तरता दिँदै आ.व.२०७७/०७८ मा महानगरभरिका जम्मा १७३ साना सिंचाइ आयोजनाहरू र २० वटा मझौला सिंचाइ आयोजनाहरू सम्पन्न भएका छन्। आ.व. २०७८/०७९ मा १२५ वटा साना सिंचाइ र २५ वटा मझौला सिंचाइको लागि सम्झौता भई सम्पन्न हुने क्रममा रहेका छन्। साना सिंचाइका लागि प्रति आयोजना रु ८० हजार देखी रु १ लाख सम्म र मझौला सिंचाइका लागि प्रति आयोजना रु २ देखी ४ लाख सम्म अनुदान उपलब्ध गराइएको छ । यी कार्यक्रमले कृषि उत्पादनमा अत्यन्त महत्त्वपूर्ण र सकारात्मक प्रभाव पारेको पाइन्छ ।

## कृषिको यान्त्रीकरण

कृषि क्षेत्रमा मानव श्रमको अभावका कारण जग्गाहरू बाँझो रहने अवस्थाको सृजना तथा उत्पादन लागतमा समेत वृद्धि हुँदै गएको सन्दर्भमा यान्त्रीकरणबाट नै यसको समस्या समाधान गर्न सकिने तथा कृषि क्षेत्रको आधुनिकीकरणका लागि समेत यन्त्र उपकरणको प्रयोग अवस्यक महसुस गरी महानगरपालिकाबाट कृषकहरूले प्रयोग गर्ने यन्त्रहरू अनुदानमा उपलब्ध गराउने नीति लिएको छ । यस कार्यक्रम अन्तर्गत निम्नानुसारका औजार उपकरणहरू अनुदानमा कृषकहरूलाई उपलब्ध गराइएको छ ।

- आ.व. २०७६/७७ मा प्रशोधन कार्यमा प्रयोग हुने इलेक्ट्रिक ड्रायर २ वटा र तोरी मिल ३ वटा र कम्वाईन हार्भेस्टर १ वटामा अनुदान उपलब्ध गराइएको छ । इलेक्ट्रिक ड्रायरले कृषकले उत्पादन गरेका बेसार तथा अदुवा र जडीबुटी सुकाउने कार्यलाई सरल बनाएको छ भने प्रशोधन प्रकृयालाई सरल तथा छिटो छरितो बनाएको छ । यसबाट कृषकहरूले प्रत्यक्ष लाभ लिन सफल भएका छन् ।
- आ.व. २०७७/७८ मा धान रोप्ने मेसीन १, बिऊ प्रशोधन मेसीन ४, इलेक्ट्रिक ड्रायर १, ट्र्याक्टर ६ वटा, मिनिटीलर १ वटा अनुदानमा उपलब्ध गराइएको छ । धान रोप्ने मेसीन वितरणमा महानगरपालिका स्थानीय स्तरमा देशैभरिको पहिलो महानगर भएको छ । धान रोप्ने मेसीनको प्रयोगले कृषकको उत्पादन लागत घटाउनमा सहयोग पुगेको छ । बिऊ प्रशोधन मेसीनको प्रयोगले गुणस्तरीय बिऊको उपलब्धतालाई सहज बनाएको छ ।
- आ.व. २०७८/७९ मा बिऊ प्रसोधन मेसीन ४, ट्र्याक्टर ४, धान थ्रेसर ६, मिनी टिलर २, पावर टिलर २, रोटाभेटर ३, सेल्फप्रोपेलर रिपर २, कर्न थ्रेसर १, कम्बाइन मिल १, पोर्टेवल पावर स्प्रेयर १ र हांगा काट्ने कैची ४ वटाको लागि अनुदान उपलब्ध गराइएको छ ।

## फलफूल तथा तरकारीका नर्सरी स्थापनामा सहयोग

महानगरभित्र फलफूल तथा तरकारीका गुणस्तरीय विरुवाहरू सहजरुपमा कृषकहरूलाई उपलब्ध होस भनी फलफूल तथा तरकारीका नर्सरी स्थापनामा महानगरपालिकाले जोड दिँदै आएको छ । आ.व.२०७७/०७८ मा एक वडा एक नर्सरी कार्यक्रम अन्तर्गत १० वटा नर्सरी स्थापनाका लागि अनुदान सहयोग गरिएको छ । सोही आ.व.मा संघीय सशर्त

अनुदान तर्फबाट वडा नं. १५ मा एक वटा नयाँ नर्सरी स्थापना गरिएको छ । त्यसैगरी आ.व. २०७८/०७९ मा एक वडा एक नर्सरी स्थापना गर्ने कार्यक्रम अन्तर्गत थप १० वटा नर्सरी स्थापनाका लागि लाभग्राहीसँग सम्झौता भै कार्य प्रारम्भ भैसकेको छ भने महानगर वडा नं. ८ मा एउटा आधुनिक तथा बृहत नर्सरी स्थापनाको लागि कार्य भइरहेको छ। नर्सरी स्थापनाबाट कृषकहरूले सहज तथा सरल रुपमा गुणस्तरीय विरुवाहरू प्राप्त गर्न सकेका छन् ।

पुरानो नर्सरी सुदृढीकरण: यस कार्यक्रम अन्तर्गत वडा नं. १२ मा पुरानो नर्सरीलाई सुदृढीकरणको लागि अनुदान उपलब्ध गराइएको , जसबाट नर्सरीको क्षमता विकासमा सहयोग पुगेको ।

### मेयरसँग युवा लक्षित कार्यक्रम

यस कार्यक्रमबाट युवाहरूलाई कृषि पेशा तर्फ आकर्षित गर्नका लागि र वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई स्वरोजगार हुनमा सहयोग पुर्याउने उद्देश्यले सञ्चालन गरिएको छ। आ.व. २०७६/०७६ मा ४० जना युवा, २०७७/०७८ मा ४० जना र आ.व. २०७८/०७९ मा ४० जना युवाहरू गरी कूल १२० जना युवाहरू प्रत्यक्ष लाभान्वित भएका छन्। यो कार्यक्रमबाट रोजगार सृजना हुनुका साथै तरकारी तथा च्याउ र मह उत्पादनमा समेत वृद्धि भएको छ।

### उन्नत बिउ तथा मूल बिउमा अनुदान

उन्नत बिउको प्रयोगमा वृद्धि गर्न सकेमा मात्र पनि उत्पादनमा १५ देखि २० प्रतिशत वृद्धि गर्न सकिन्छ। त्यसैले उन्नत बिउको प्रयोग तथा उत्पादनमा महानगरपालिकाले कृषकहरूलाई सहुलियत प्रदान गर्न अनुदानको व्यवस्था गरेको छ । महानगरपालिका क्षेत्रमा हुने मुख्य खाद्यान्न बालीहरूको उन्नत बीऊमा अनुदान वितरण गर्दै आएको छ। यस आ.व.मा बिउ उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले मुल बिउ उत्पादन गर्ने कृषकहरूलाई प्रति के.जी. बिउ उत्पादनमा अनुदान दिनको लागि रु ६० लाख वजेट विनियोजन गरी प्रस्ताव आह्वान गरी छनौटको चरणमा रहेको छ। यसबाट करिब १० हजार कृषक परिवार लाभान्वित हुने अपेक्षा राखिएको छ ।

### सङ्कलन केन्द्र तथा हाटवाजार निर्माण तथा सुधारमा सहयोग

उत्पादित तरकारी तथा फलफूलको बजारीकरणमा सहजता ल्याउनका लागि आ.व. २०७५/०७६ मा एक वटा तरकारी सङ्कलन केन्द्र निर्माणमा अनुदान उपलब्ध गराइएको ।आ.व. २०७७/०७८ मा केरुङ्गा ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्था र पञ्चतत्त्व सहकारी संस्थालाई प्रति संस्था रु.१५०००००।- (पन्ध्र लाख) का दरले अनुदान उपलब्ध गराइ तरकारी सङ्कलन केन्द्रको स्थापना गरिएको छ । यसका साथै खाद्य गोदाम नहुँदा धेरै खाद्य सामग्री नष्ट हुने समस्याबाट पीडित कृषक र फर्महरूलाई सहयोग गर्ने कार्यक्रमअन्तर्गत आ.व. २०७७/०७८ मा वडा नं. २१ को समाज उत्थान कृषि सहकारी संस्थालाई रु.२५०००००/– (अक्षरूपी पच्चीस लाख) अनुदान प्रदान गरी खाद्य गोदाम तथा प्रशोधन घर निर्माण गरिएको छ।

## विषादीको प्रयोग दूरुत्साहन कार्यक्रम

### विषादी परीक्षण ल्याब सञ्चालनमा सहयोग

महानगरपालिकामा उत्पादन हुने तरकारी तथा अन्य क्षेत्रबाट आयात हुने तरकारी बालीहरूमा प्रयोग हुने विषादीका कारण महानगरवासीको स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्ने र स्वस्थ बाली उत्पादन गर्ने उद्देश्यले विषादी परीक्षण कार्यलाई महत्व दिंदै महानगरीय तरकारी बजारमा एक वटा द्रुत विषादी परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याइएको छ । जसबाट विषादीको प्रयोगमा सचेतना वृद्धि हुनुका साथै प्रयोगमा समेत कमी आएको महसुस गरिएको छ ।

### आ.पि.एम. कृषक पाठशाला सञ्चालन

विषादीको प्रयोगलाई कम गर्ने उद्देश्यले कृषकहरूलाई आ.पि.एम. पद्धतिबाट कृषी वस्तु उत्पादन गर्न सिकाउनका लागि आ.पि.एम. कृषक पाठशाला सञ्चालन गरिएको छ । यस अवधिमा २० वटा यस्ता पाठशाला सञ्चालन गरी करिब ५०० कृषक प्रत्यक्ष लाभान्वित भएका छन् ।

### तालिम कार्यक्रम

कृषकहरूको क्षमता वृद्धि तथा प्राविधिक ज्ञान दिनका लागि विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन भएका छन्। बाली विषेश र रोग कीरा नियन्त्रण सम्बन्धी स्थलगत तथा घुम्ती तालिमबाट कृषकहरूको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि ल्याउने कार्य भएको छ।

यसरी हेर्दा भरतपुर महानगरपालिकाले कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन र पूर्वाधारका लागि उल्लेख्य रूपमा कार्य गरेको छ। सबैजसो कार्यक्रमहरूमा कृषकहरू प्रत्यक्ष वा परोक्ष रुपमा लाभान्वित भएका छन्।

## १०) महानगर र सहकारी

नेपालमा सहकारी संस्थाको विकास क्रमलाई हेर्ने हो भने राणाकालको गुठी, पैँचो, पर्म, धर्म भकारी, ढुकुटी जस्ता अनौपचारिक संगठन हुँदै विकसित भएको देखिन्छ। भरतपुर महानगरपालिका वडा नं. १९, शारदानगरमा बिक्रम संवत २०१३ चैत्र २० गते स्थापित "बखान ऋण सहकारी" नेपालकै पहिलो सहकारी हो। हाल भरतपुर महानगरपालिकामा संचालित सहकारी मध्ये बचत तथा ऋण १४९, दुग्ध ७४, कृषि ५९, बहुउद्देश्यीय ३८, तरकारी ७, उपभोक्ता ६, जडीबुटी ६, सामाजिक उद्यमी ४, संचार २, मौरी-१, माछा-१, निर्माणकर्मी-१ र शितभण्डार-१ गरी जम्मा ३५० सहकारी संस्थाहरू रहेका छन् भने यी मध्ये ३४ वटा प्रदेशको नियमन क्षेत्राधिकार र ३१६ वटा भरतपुर महानगरपालिकाको नियमन क्षेत्राधिकारमा संचालित छन् जसमा झन्डै दुई लाख साठ्ठी हजार जना सदस्य छन्। यस क्षेत्रले भरतपुर महानगरपालिकामा करिब तीनहजार पाँच सय जनालाई प्रत्यक्ष रोजगारी दिनुको साथै हजारौंको सङ्ख्यामा अप्रत्यक्ष रोजगारी सृजना गरेको छ। महानगरीय क्षेत्रमा सञ्चालनमा रहेका सहकारी संस्थाहरूको सेयर पूँजी करिब ४.५ अर्ब, बचत सङ्कलन करिब २२ अर्ब, ऋण लगानी करिब १९ अर्ब र संस्थागत पूँजी करिब १ अर्ब रहेको छ। वित्तीय क्षेत्रका अतिरिक्त भरतपुर महानगरपालिकाभित्र सञ्चालनमा रहेका दुग्ध उत्पादक सहकारी संस्थाहरूले महानगरपालिकालाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाई सहकारी पशुपालन र सहकारी पशु आहार उत्पादनमा अब्बल देखिंदै गएका छन्। त्यसैगरी अन्य उत्पादन र सेवा क्षेत्र जस्तै कृषि, फलफूल, शिक्षा, सञ्चारमा सहकारीहरूले महत्त्वपूर्ण योगदान गरेका छन्।

### भरतपुर महानगरपालिकाको आ.व. २०७७/२०७८ को सहकारी तथा रोजगार प्रवर्धन नीति

- ☐ सहकारी अभियानको जननीको रूपमा रहेको भरतपुरमा सहकारी संस्थाहरूलाई समुदायस्तरमा प्रवर्धन गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने,
- ☐ सहकारी शिक्षा र तालिम मार्फत सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गरी संस्थागत स्व(नियमन र सुशासन प्रवर्धन गर्ने।
- ☐ कृषि, , मौरी, माछापालन आदि कृषि व्यवसाय र अन्य स्वरोजगारमूलक व्यवसायमा संलग्न हुन् चाहने वा भइरहेका युवाहरूलाई सहकारी संस्था वा बैंक मार्फत लिने तीन लाख र पाँच लाख रुपैयाँ सम्मको ऋणमा तीन वर्षसम्मको लागि क्रमशः शतप्रतिशत र असि प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने,
- ☐ सामुहिक कृषि उत्पादन, उन्नत बिऊबिजनको उत्पादन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण गर्न चाहने गैर वित्तीय सहकारी संस्थालाई सहकारी संघ वा बैंक मार्फत लिने एक करोड रुपैयाँ सम्मको ऋणमा तीन वर्षसम्मको लागि असी प्रतिशतसम्म ब्याज अनुदान उपलब्ध गराउने,
- ☐ उपभोक्ता भण्डार सञ्चालन गर्न चाहने वा सञ्चालन गरिरहेका गैर वित्तीय सहकारी संस्थाहरूलाई सहकारी संघ वा बैंक मार्फत लिने एक करोड रुपैयाँ सम्मको ऋणमा तीन वर्षसम्मको लागि असी प्रतिशतसम्म ब्याज अनुदान उपलब्ध गराउने,
- ☐ कृषि सामग्रीको भण्डारण गर्न सहकारी संस्थाका घर, गोदाम निर्माण र मर्मत गरी सञ्चालनमा ल्याउन दिदैं आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिने,
- ☐ सहकारी संस्थाहरूको बृहत एकीकरण र डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सहकारी संस्थाहरूको आवद्धतालाई प्रोत्साहन गर्ने,
- ☐ युवा तथा उद्यमीहरूलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच सहजीकरण र बजारीकरणका कार्यक्रमसँग आवद्ध गराई रोजगारी अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

### सहकारी तथा रोजगार प्रवर्धन शाखाबाट सम्पादन भएका मुख्य कार्यहरू

- ☐ सहकारीकर्मी र सहकारी संघ संस्थाहरूसँग नियमित अन्तरक्रिया र सहजीकरण,
- ☐ सहकारी संघरसंस्थाहरूबाट प्राप्त प्रगति प्रतिवेदन अध्ययन गरी पृष्ठपोषण प्रदान,
- ☐ भरतपुर महानगरपालिकाको आंशिक वा सबै वडाहरू कार्यक्षेत्र रही सञ्चालनमा रहेका सहकारी संस्थाहरूको संस्था दर्ता फाइल तात्कालीन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, चितवनबाट बुझिलिएको,
- ☐ सहकारी संस्था, सहकारीकर्मी, बचतकर्ताबाट प्राप्त सुझाव तथा उजुरीलाई प्रचलित कानुन, सहकारीका अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तको आधारमा समाधान र सहजीकरण गरेको,
- ☐ भरतपुर महानगरपालिका सहकारी ऐन, २०७४ परिमार्जन २०७५ स्थानीय राजपत्रमा प्रकाशन भएको,
- ☐ सहभागितात्मक आधारभूत सहकारी लेखापालन, सहभागितात्मक आधारभूत सहकारी व्यवस्थापन तालिम, आधारभूत सहकारी लेखापालन, आधारभूत सहकारी व्यवस्थापन तालिम, सहकारी सचेतना तालिम, सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अन्तरक्रिया, प्रभावकारी सहकारी व्यवस्थापनको लागि सहकारीकर्मीहरूबीच अन्तर्क्रिया सम्पन्न ( सहभागी महिला ९३५ र पुरुष ७९८, जम्मा (१७३३ जना)
- ☐ सहकारी संस्था र सहकारी अभियन्ताहरूलाई ६२ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा पुरस्कार तथा सम्मान ।
- ☐ सहकारी ऐन, नियम र अन्य प्रचलित कानुन कार्यान्वयनको लागि सहकारी संस्थाहरू र अन्य सरोकारवालाहरूको जानकारीको लागि विभिन्न मितिमा सूचना सम्प्रेषण,
- ☐ भरतपुर महानगरपालिकाको सहकारी संघरसंस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ स्थानीय राजपत्रमा प्रकाशन,
- ☐ भरतपुर महानगरपालिकाको सहकारी संस्था दर्ता निर्देशिका, २०७५ स्थानीय राजपत्रमा प्रकाशन,
- ☐ भरतपुर महानगरपालिका सहकारी (प्रथम संशोधन) ऐन, २०७६ स्थानीय राजपत्रमा प्रकाशन,
- ☐ सहकारी संस्थालाई अनुदान सुबिधा प्रदान गर्ने कार्यविधि, २०७६ स्थानीय राजपत्रमा प्रकाशन,
- ☐ सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) निर्देशिका, २०७७ तर्जुमा र कार्यान्वयन,
- ☐ सहकारी संस्थाहरूको एकीकरण प्रक्रियालाई प्रोत्साहन र सहजीकरण गरी ४७ वटा सहकारी संस्थाहरूको एकीकरण मार्फत २१ कायम,
- ☐ सहकारी तथा रोजगार प्रवर्धन शाखालाई सेवाग्राही मैत्री बनाइएको,
- ☐ सहकारी संस्थाहरूलाई वद्युतीय सूचना प्रवाह र व्यवस्थापनको लागि सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयर निर्माण र कार्यान्वयन,
- ☐ २०७७/१२/२० गते ६४ औँ राष्ट्रिय सहकारी दिवस नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू र करिब ४०० जना सहकारीकर्मीहरूको सहभागितामा पुल्चोकदेखि नगर कार्यपालिका कार्यालय परिसर सम्म बृहत सरसफाई सम्पन्न,
- ☐ महानगर सहकारी गतिविधिको पहिलो र दोस्रो अंक प्रकाशन सम्पन्न भएको जसबाट भरतपुर महानगरपालिकामा सञ्चालनमा रहेका सहकारी संस्थाहरूको संक्षिप्त झलक र सहकारीको विविध विषयमा जानकारी प्राप्त गर्न आम सर्वसाधारणहरूलाई सहज हुने अपेक्षा,
- ☐ महानगरपालिकाको विभिन्न वडामा सञ्चालनमा रहेका सहकारी संस्थाहरूलाई अनुदान वितरण,
- ☐ सहकारी संस्थाहरूलाई विधुतीय सूचना प्रवाह र व्यवस्थापनको लागि सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयर कार्यान्वयन र सहजीकरण,
- ☐ वित्तीय सहकारी दर्ता निरुत्साहित गरी अन्य सहकारी संस्था दर्ता, विनियम पुनर्लेखन र संशोधन स्वीकृत,
- ☐ सहकारी संस्थाको माग अनुसार संस्थाको साधारणसभामा उपस्थित भै प्रचलित सहकारी कानुन अनुसारको कार्यसम्पादन गर्न प्रेरित गरेको,
- ☐ "सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ तर्जुमा सहित कार्यपालिकाबाट पारित गरी कार्यान्वयन,
- ☐ सहकारी उपभोक्ता भण्डार सञ्चालनमा प्रोत्साहन, आवश्यक सहजीकरण, समन्वय र सहयोग ।
- ☐ आधारभूत सहकारी लेखापालन तालिममा सहभागी महिला - ३९ र पुरुष - २१ , जम्मा - ६० जना,
- ☐ सहकारी संस्थाहरू, सहकारी अभियन्ताहरू, सहकारी संस्थाका पदाधिकारीहरू र कर्मचारीहरूलाई ६५ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा पुरस्कार तथा सम्मान ।
- ☐ उत्पादक सहकारी संस्थाहरूलाई चालु आर्थिक वर्षमा भवन निर्माण, मेसिनरी, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन आदिमा करीब नब्बे लाख रूपैयाँको अनुदान सम्झौता सम्पन्न ।


TAFE




भरतपुर, चितवन
सहकारी संघ/संस्थाहरुलाई
अनुदान हस्तान्तरण कार्यक्रम
२ चैत्र, २०७८











## ११) महानगर र पर्यटन

भरतपुर महानगरलाई आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने उद्देश्यले विगत पाँच वर्षदेखि तीव्र रुपमा पर्यटकीय पूर्वाधारहरू निर्माणको कार्यहरू अगाडि बढीरहेका छन्। भरतपुर महानगरपालिका वडा नं. २८ गोलाघाटदेखि वडा नं. २९ चौकीडाँडासम्म फैलिएको महानगर हावापानी र भौगोलिक रूपमा विविधता र पर्यटकीय महत्व भएको प्रमुख स्थानीय तह हो पर्यापर्यटन, सांस्कृतिक पर्यटन, कृषि पर्यटन, मनोरञ्जन पर्यटन, खेल पर्यटन, विकास पर्यटन जस्ता सबै प्रकारका पर्यटकीय आयामहरूलाई महानगरले पहिचान गरी कार्यक्रमहरू मार्फत अगाडि बढाएको अवस्था छ। भरतपुर महानगर प्रकृतिप्रदत्त नदी, वनक्षेत्र, सीमसार क्षेत्र, तराई र पहाडी भू-भाग रहेको ऐतिहासिक, भौगोलिक, धार्मिक, सामाजिक, साँस्कृतिक स्थितिले पर्यटकीय सम्भावना बोकेको महानगर हो। भरतपुरमा विश्वसम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जको अवलोकन, देवघाटधाम धार्मिकस्थलका साथै, बीसहजारी ताल जस्ता विश्वसीमसार सूचीमा सूचीकृत संरचनाको अवलोकनदेखि सबै प्रकारका पर्यटकीय क्रियाकलाप गर्न सकिने महानगरमा बिगत ४ वर्षमा भएगरेका कार्यक्रमलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### (क) प्राकृतिक पर्यटनको विकासमा भएका कार्यहरूः

प्राकृतिक पर्यटनअन्तर्गत चितवन राष्ट्रिय निकुञ्जसँगको सहकार्यमा विश्वसम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्जभित्र पाइने एकसिंगे गैँडा, पाटेबाघ, गोही प्रजनन् केन्द्र आदिका बारेमा प्रचारप्रसार गरिएको छ भने सम्बन्धीत लाभग्राहीको प्रत्यक्ष सहभागितामा नारायणी नदीमा जल विहार (बोटिङ्ग), बीसहजारी ताल, राइनो ताल, बाटुली पोखरीजस्ता तालतलैयाहरूको संरक्षणा गर्ने तथा आवश्यक भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्ने काम भएको छ । महानरभित्र विभिन्न स्थानमा भ्यु टावर निर्माण तथा महानगरीय पार्क/सहिदपार्क निर्माण गरिएको छ ।

### (ख) सांकृतिक तथा धार्मिक पर्यटनका क्षेत्रको विकासका लागि भएका कार्यहरू

सांकृतिक तथा धार्मिक पर्यटनका क्षेत्रमा देवघाट धाम, हरिहर मन्दिर, गणेशस्थान मन्दिर, विक्रम बाबा, महबौद्ध गुम्बा जस्ता धार्मिक क्षेत्रहरूको भौतिक संरचना सुधारमा आवश्यक कामहरू गरिएको छ। साथै, मेघौली साँस्कृतिक महोत्सव, चितवन महोत्सव, मेघौली पर्यटन महोत्सव, नारायणगढ फुड फेस्टिबल तथा खिचरा महोत्सव आदिको प्रवर्धनमा सहयोग पुऱ्याइएको छ। विभिन्न जातजातीको भेषभुषा लगायत साँस्कृतिक नाचहरूको संरक्षण सम्बन्धी विविध कार्यक्रम गरिएको छ। महानगरभित्र विभिन्न स्थानका ब्रम्हकुमारी राजयोग सेवा केन्द्र लगायत मठ, मन्दिर, गुम्बा आदि निर्माणका लागि सहयोग गरिएको छ । महानगर क्षेत्रभित्रका विभिन्न जातजातिको धर्म, संस्कृति, रीतिरिवाजको संरक्षण एवम् प्रवर्धन गरिएको छ ।

### (ग) पूर्वाधार विकासका क्षेत्रमा भएका कार्यहरू

महानगरका गौरवका योजनाहरू खासगरी महानगरीय चक्रपथ, महानगरीय सिटीहल, चितवन प्रर्दशनी केन्द्र, महानगर मेट्रो प्लाजा, नारायणी रिभर बीच, गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रङ्गशाला, अम्रेला स्ट्रिट पटिहानी, पुल्चोकदेखि गोन्द्राङसम्मको छ लेन(Six Lane) सडक र ल्यान्डफिल साइट निर्माण गर्ने कार्य आरम्भ भएको छ। भरतपुर विमानस्थल स्तरीकरण तथा विस्तार योजनालाई अगाडि बढाइएको छ। बागमती प्रदेश सरकारसको समन्वयमा मेघौलीमा राइनो पार्क निर्माणको काम अघिबढेको छ।

### (घ) आन्तरिक तथा बाह्य पर्यटन विकासका क्षेत्रमा भएका कार्यहरू

यस कार्यक्रम अन्तर्गत भरतपुर (चितवन) – पोखरा (कास्की) – लुम्बिनी स्वर्ण त्रिकोण (GOLDEN TRIANGLE) प्रवर्धन गर्नेगरी सम्बन्धीत गण्डकी प्रदेश तथा लुम्बिनी सांस्कृतिक नगरपालिकासँग पर्यटन प्रवर्धन सम्बन्धी सम्झौता गरिएको छ । सम्बन्धीत सरोकारवालाको परामर्शमा ६ रात ७ दिनको टुर प्याकेज तयार पारिएको छ। नेपाल सरकारले पर्यटनक्षेत्रमा उत्कृष्ट १०० गन्तव्य स्थानभित्र चितवन जिल्लाका तीन स्थानमध्ये भरतपुर महानगरपालिकाभित्रका दुई स्थानहरू क्रमशः पटिहानी क्षेत्र र भरतपुर ८ मा पर्ने बीसहजारी ताल सूचीकृत गर्न आवश्यक पहल गरिएको छ। बागमती प्रदेशद्वारा १० जिल्लाबाट हरेक जिल्लामा एक/एक वटा उत्कृष्ट गन्तव्य छनोट गर्दा भरतपुर महानगरपालिकाको मेघौली

क्षेत्रलाई सूचीकृत गर्न आवश्य सहजीकरण गरिएको छ। पर्यटन प्रवर्धनका लागि डकुमेन्ट्री तयारी तथा विश्व पर्यटन दिवसमा विविध कार्यक्रम गरिएको छ। पर्यटन परिचय पुस्तिका, अङ्ग्रेजी तथा नेपाली भाषामा महानगरका गन्तव्य चिनाउन ब्रोसर प्रकाशन गरिएको छ। यसैगरी भरतपुर महानगर र गौतमबुद्धको जन्मस्थल लुम्बिनीबीच पर्यटन प्रवर्धन गर्न लुम्बिनीसम्म कारयात्रा सम्पन्न भएको छ। विभिन्न पर्यटन गन्तव्यहरूमा सौन्दर्यकरण तथा सजावटमा बृद्धि गरी पर्यटकीय क्रियाकलाप विस्तार गरिएको छ। यस सिलसिलामा नगर प्रमुख, उपप्रमुख तथा अन्य जनप्रतिनिधिहरूबाट विभिन्न मित्रराष्ट्रहरूको पर्यटन भ्रमण गरी महानगरका गन्तव्यहरूको प्रवर्धन गरिएको छ।

यस क्षेत्रमा अन्य कैयौं कामहरू पनि सम्पन्न गरिसकिएको छ। उद्योग वाणिज्य संघ चितवन, चितवन उद्योग संघ, चितवन पर्यटन विकास समिति, होटल व्यवसायी संघलगायतका निजी क्षेत्रहरूसँग पर्यटन विकासमा सहकार्य गरिएको छ । विश्व पर्यटन दिवस, वातावरण दिवस, सीमसार दिवस आदि अवसरहरूमा पर्यटकीय क्षेत्रमा सरसफाइ तथा वृक्षरोपण गरिएको छ। संघ तथा प्रदेशबाट पर्यटनक्षेत्रमा प्राप्त रकम विभिन्न स्थानका गन्तव्यहरूमा पूर्वाधार विकास निर्माण तथा मरम्मतसंभारमा खर्च गरिएको छ। भरतपुर महानगरपालिका क्षेत्रभित्र रहेका प्रमुख पर्यटकीय क्षेत्रहरू (मेघौली, सीतामाई, पटिहानी, जगतपुर, देवघाट, ज्ञानेश्वर ब्लक, बीसहजारी ताल, बाटुली पोखरी, कसरा गोही प्रजनन केन्द्र तथा विक्रमबाबा, गोलाघाट, वागीश्वरी, गणेशधाम, बी.पी. शान्तिनगर वन, नारायणी रिभर बीच क्षेत्र, गाँजीपुर, सिमरी टाउन, महाबौद्ध गुम्बा, राइनो ताल तथा धनगढा मन्दिर, चितवन प्रदर्शनी केन्द्र, बखान बहुउद्देश्यीय सहकारी संस्था, रानी पोखरी, प्राङ्गारिक कृषि उत्पादक सहकारी संस्था, संयुक्त राप्ति दुन सामुदायिक वन, देवीस्थान पार्क, चौकीडाँडा, कविलास गढी, दियालो बंगला)को पहिचान गरी उक्त स्थानमा भ्रमणका लागि Tour Package तयार गरी कार्यान्वयनका लागि सम्बन्धीत पक्षहरूसँग छलफल गरिएको छ। निजीक्षेत्र, जनप्रतिनिधिहरू, व्यापारी, पत्रकार, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी आदि सरोकारवालाहरूको बृहत् भेलाबाट भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालको संयोजकत्वमा ८५ सदस्यीय "महानगर नेपाल भ्रमण वर्ष २०२० समन्वय तथा सहजीकरण समिति" गठन गरिएको छ । पर्यटन वर्षलाई भव्य र सभ्य रूपमा मनाउन विभिन्न ३२ वटा कार्यक्रमहरू गर्ने निर्णय गरिएको छ । उक्त कार्यलाई सम्पादन गर्न ११ सदस्यीय निर्देशन समिति, न्याली उपसमिति, पर्यटन स्तम्भ निर्माण उपसमितिलगायत विभिन्न उपसमितिहरूले काम गर्दै जाँदा १० वटा काम सम्पन्न भएपछि कोरोना महामारीका कारण नेपाल सरकारबाट नेपाल पर्यटन वर्ष २०२० स्थगित गर्ने निर्णयबाट पर्यटकीय गतिविधि प्रभावित भएपनि हाल पर्यटनक्षेत्रमा स्वीकृत योजनाहरूको पूर्वाधार निर्माण प्रक्रिया अघि बढाइएको छ। यसरी पर्यटनका क्षेत्रमा विविध कार्यक्रम सञ्चालन गरी यसको विकासमा विशेष ध्यान दिइएको छ ।








"Stay with us and feel the difference"
WELCOME TO
THARU COMMUNITY HOME STAY,MEGHAULI


HONORARY CREDENTIAL
HONORARY CREDENTIAL

## १२) वातावरण तथा विपद् व्यवस्थापन

"मध्य नेपालको सुन्दर सहर; समृद्ध र सुसंस्कृत भरतपुर महानगर" भन्ने दूरदृष्टि प्राप्तिका लागि महानगरले विगत ५ वर्षको अवधिमा संस्थागत विकासको आधार तयार गरेको छ। एकातर्फ वातावरण तथा विपद् व्यवस्थापन महाशाखालाई स्रोत साधन सम्पन्न र प्रविधियुक्त बनाइँदै लगिएको छ भने अर्कोतर्फ सहरलाई हरियाली युक्त र स्वच्छ बनाउनका लागि हरियाली सडकको अभियानलाई तीब्र बनाइएको छ। वातावरण महाशाखा अन्तर्गत रहेका वातावरण तथा सरसफाइ व्यवस्थापन शाखा, हरियाली प्रर्वद्धन शाखा र विपद् व्यवस्थापन शाखाहरू स्वच्छ महानगर निर्माणको महान लक्ष्यमा दत्तचित्त भएर कार्य सम्पादन गरिरहेका छन्।

### वातावरण तथा सरसफाइका क्षेत्रका उपलब्धिहरू

यस शाखा अन्तर्गत महानगरमा उत्सर्जन भएका फोहोरमैला सङ्कलन, ढुवानी तथा व्यवस्थापन गर्नुका साथसाथै फोहोरलाई स्रोतमै वर्गीकरण गरी सकेसम्म कम फोहर उत्पादन गर्ने, वातावरणमैत्री सामग्रीहरूको मात्र प्रयोग गर्ने र उत्सर्जित फोहरलाई मोहर बनाइ आय आर्जन,सभ्यता र स्वास्थ्यसँग जोड्ने अभियानको प्रारम्भ गरिएको छ। यसका लागि विभिन्न किसिमका वडा तथा टोल स्तरीय अभिमुखिकरण कार्यहरू विशेष सक्रियताका साथ गरिएको छ भने फोहोरमैलाको उचित व्यवस्थापनको महत्व झल्कने तथा महानगरको वातावरणलाई स्वच्छ सफा राखिरहनका लागि समय समयमा सार्वजनिक स्थानहरू सफाईका लागि विभिन्न सरकारी तथा गैर सरकारी तथा स्वयम् सेवकहरूसंगको सहकार्यमा नगर सफाइ अभियान (Campaign) को आयोजना गरी नगर सफा राख्ने कार्यमा यस शाखाले महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ ।

महानगरको वातावरणलाई स्वच्छ बनाई वातावरणीय सन्तुलन कायम राख्न भरतपुर महानगरपालिका वडा नं. ५ का वडा अध्यक्ष पदमपाणी सुवेदीको संयोजकत्वमा वातावरण तथा विपद् व्यवस्थापन समिति समेत गठन गरिएको छ। यस समितिले वातावरण फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्धन, पानीको मुहान संरक्षण लगायतका सम्बन्धीत कार्यहरूमा सहजीकरण गर्दै आइरहेको छ।

महानगरले फोहोरमैला व्यवस्थापनको लागि पाँच वर्षको अवधिमा हाल सम्म निम्नलिखित कार्य सम्पादन गरेको छ।

वातावरण संरक्षणसँग सम्बन्धी देहायका कानुन निर्माण गरी अभिमुखीकरण कार्यक्रम कार्यान्वयनमा ल्याएको छ।

१. वातावरण संरक्षण ऐन, २०७८

२. हरियाली प्रर्वधन तथा वृक्षारोपण कार्यविधि, २०७८

३. टोल सुधार समिति गठन कार्यविधि, २०७६

### प्राप्त उपलब्धिहरू

| क्र. स. | विषय शीर्षक | प्रगति विवरण | सम्पादित योजना संख्या | लागत रु. |
|---|---|---|---|---|
| १ | फोहोरमैलाको दिगो व्यवस्थापन | फोहोरमैलाको दिगो व्यवस्थापनको लागी महानगरपालिकाको वडा नं. ११ मा जलदेवी सामुदायिक वन क्षेत्रको करिव १५ विगाहा जग्गामा ल्याण्डफिल साइट निर्माणको लागि कोरियन कम्पनी SUDUCON को सहकार्यमा डि.पि.आर. तयार भई कोरियन सरकारको सहकार्यमा ल्याण्डफिल साइट निर्माणको लागि सम्झौता हुने क्रममा रहेको छ । दक्षिण कोरियामा पछिल्लो समयमा फैलिएको कोभिड १९ को नयाँ भेरियन्टका कारण द्विपक्षीय समझदारीमा हस्ताक्षर गर्ने कार्यमा केही ढिलाई हुन गएको अवस्था छ। | १ | २ अर्व २५ करोड |

| क्र.स. | विषय शीर्षक | प्रगति विवरण | सम्पादित योजना संख्या | लागत रु. |
|---|---|---|---|---|
| २ | फोहोरमैलाको अस्थायी व्यवस्थापन | क्षेत्रगत तवरले महानगर क्षेत्रभित्रको संकलित फोहोरलाई अस्थायी व्यवस्थापनका लागि भ.म.नं.पा. २४ र ३ मा वैज्ञानिक तवरको डम्पिङ्ग साइट निर्माण गरी फोहोरको डम्पिङ्ग गरिएको स्थानलाई वडा नं. ३ र २४ मा पार्कको रुपमा विकास गरिएको छ। | | |
| ३ | फोहोर व्यवस्थापनबाट आम्दानी | आ.व. २०७७ पौष महिनादेखि ३ वर्षको लागि फोहोरमैला सङ्कलन र ढुवानी र सेवा शुल्क सङ्कलन कार्यमा पि.पि.पि. मोडेल अनुरुप २ वटा निजी कम्पनीहरू वेष्ट मेनेजमेन्ट ग्रुप नेपालले वडा नं. ७ देखि १२ सम्मको र वातावरण सुन्दर नेपाल बुटवलले वडा नं. १ देखि ५ सम्मको फोहर व्यवस्थापनको लागि सहकार्य गरिएको जसबाट वातावरण सुन्दर नेपाल बुटवलले सङ्कलन गरेको सेवा शुल्क रकमको वार्षिक सरदर ४८% र वेष्ट मेनेजमेन्ट ग्रुप नेपालले सङ्कलन गरेको रकममध्ये वार्षिक सरदर २५% रकम महानगरलाई दिने सम्झौता अनुरुप कार्य भई रहेको। | | |
| ४ | | फोहोर न्यूनिकरणमा अभिमुखीकरण कार्यक्रमहरू | | |
| | तालिम | प्लास्टिकजन्य फोहोरको न्यूनीकरणका गर्ने उदेश्यले प्लास्टिकजन्य फोहोरबाट ढक्की चकटी लगायतका विभिन्न किसिमका हस्तकला सममाग्रीहरू निर्माण सम्बन्धी तालिमहरू सञ्चालन गरिदै आएको छ। | कार्यक्रम संख्या ३ वटा (१०५ जना लाई तालिम दिएको) | १ लाख ३० हजार |
| | वडा तथा टोल विकास संस्थामा अभिमुखी करण कार्यक्रम | फोहोरलाई न्यूनिकरण गर्नका लागि उत्सर्जन स्थानमा नै फोहोरको बर्गिकरण र उचित व्यवस्थापन गर्ने उद्देश्यले मेरो फोहोर मेरो जिम्मेवारी भन्ने अभियान अन्तर्गत जैविक फोहोरबाट कम्पोष्ट मल बनाउने र अजैविक फोहोरमा प्लास्टिकजन्य फोहोरले जल, जमिन र स्वास्थ्यमा पुर्‍याउने असर सम्बन्धमा जानकारी गराउँदै उचित व्यवस्थापन सम्बन्धी अभिमूखीकरण कार्यक्रमहरू वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १५, १६, १७, १८, २१, १३, १४, २५, २७ र २८ का विभिन्न टोल विकास संस्थामा कार्यक्रम सम्पन्न गरिएको। | कार्यक्रम संख्या ५७ वटा | १४ लाख |
| ५ | शौचालय निर्माण | सार्वजनिक शौचालय निर्माण वडा नं. १,१० र २५ मा | ३ वटा | |
| | | गरीब बस्तीहरूमा शौचालय निर्माण (१देखि २९ नं. वडाहरूमा) | ७१५ वटा | |
| ६ | कम्पोष्ट च्याम्बर वितरण कार्यक्रम | फोहोरको बर्गीकरण गरी फोहोर उत्सर्जन स्थानमा नै व्यवस्थापन गर्ने उदेश्यले ५०% लागत सहभागितामा जैबिक फोहोरबाट कम्पोष्ट मल बनाउनको लागि कम्पोष्ट च्याम्बर वितरण कार्यक्रम सम्पन्न भएका छन् (वडा नं.१ देखि २९ सम्म ) | ३३८१ थान | ७० लाख |

| क्र. स. | विषय शीर्षक | प्रगति विवरण | सम्पादित योजना संख्या | लागत रु. |
|---|---|---|---|---|
| ७ | डस्टविन वितरण कार्यक्रम | फोहोरलाई बाटोघाटोमा नफाली वातावरण सफा बनाउनका लागि वडा नं. २, ४, ८, १० र १२ मा धार्मिक, सार्वजनिक स्थानहरूमा डस्टविन राख्ने कार्य सम्पन्न भएका छन्। | ३०० थान | |
| ८ | वायु प्रदुषण न्यूनीकरण कार्यक्रम | प्रदेश सरकारको सहयोगमा वडा नं. २९ मा सुधारिएको चुलो वितरण कार्यक्रम सम्पन्न भइसकेको छ। | ५१ थान | २ लाख |
| ९ | जैविक फोहोरबाट उर्जा उत्सर्जन | भान्साबाट निस्कने जैविक फोहोरबाट उर्जा उत्पादनका लागि प्रदेश सरकार र बैकल्पिक उर्जाको सहयोगमा १३ वटा टोलमा १३ थान मिनि बायो ग्यास प्लान्ट जडान कार्य सम्पन्न भएङ्का छन् । | १३ थान | ७लाख ८० हजार |
| १० | विश्राम स्थल कुर्चि वितरण कार्यक्रम | धार्मिक तथा सार्वजनिक स्थानमा कंक्रिट चियर वितरण (वडा नं. १-२९) | | २७ लाख |
| ११ | फोहोरमैला सेवा केन्द्र स्थापना | वडा नं.१५ मा फोहोरमैला सेवा केन्द्र स्थापना गरिएको छ । | १ वटा | १० लाख |
| १२ | शबदाह गृह निर्माण कार्य | महानगरपालिकाको अग्रसरतामा संघीय सरकारको लगानीमा वडा नं. १ र २८ मा शवदाह गृह निर्माण कार्य निर्माणाधीन अवस्थामा रहेको छ । | २ वटा | |
| १३ | मर्करी मुक्त महानगर घोषणा सम्पन्न | दन्त अस्पातालको सक्रियतामा २०१९ मार्च १९ मर्करी मुक्त महानगर घोषणा कार्य सम्पन्न भएको छ। | | |
| १४ | होडिङ्ग बोर्ड लगाउने कार्य | भ.म.नं.पा.को पुल्चोक, लायन्सचोक लगायत विभिन्न ५ स्थानमा सार्वजनिक स्थानहरूमा वातावरणीय सचेतनामूलक होडिङ्ग बोर्ड लगाउने काम सम्पन्न भएका छन् । | ५ थान | |
| १५ | कौसि क्विन (कोशी खेती फोटो प्रतियोगिता) | फोहोरको उत्सर्जन स्थलमा नै व्यवस्थापन गरी फोहोर न्यूनीकरण गर्ने उद्देश्यले जैविक फोहोरको कम्पोष्ट मलको प्रयोगको कौसीखेती फोटो तथा भिडियो प्रतियोगिता कार्यक्रम अन्तर्गत उत्कृष्ट ४ जनालाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरिएको । | कार्यक्रम संख्या १ | |
| १६ | उत्कृष्ट टोलहरूलाई पुरस्कृत गर्ने कार्यक्रम | एकै दिन एकै समयमा महानगरभित्रका सम्पूर्ण टोल विकास संस्थाहरूबाट सफाइ कार्यक्रममा सहभागी टोल मध्ये वडा नं. २९,१५,२१,२४,७,२,१२ र २० नं.का टोललाई पुरस्कृत गर्ने कार्यक्रम सम्पन्न। | १ वटा | |
| १७ | बेवारिसे शब व्यवस्थापन | क्षेत्रीय अस्पताल भरतपुरको बेवारिसे अवस्थामा आएका शवहरूको महानगरबाट स्रोत व्यवस्थापन गरी व्यवस्थापन कार्य हुँदै आएको छ । | पाँच वर्षमा ६९६ वटा वेवारिसे लासहरूको व्यवस्थापन गरिएको छ। | |

वातावरण तथा हरियाली प्रवर्धन गरी वातावरणको सन्तुलन कायम राखी राख्न महानगरले एक घर दुई रुखको नीति लिएको छ । जस अन्तर्गत नक्शा पास गरी नयाँ बन्ने घरहरूको नि.स.प्र.प. लिँदा अनिवार्य २ रुख लगाएको हुनु पर्ने प्राव्धान छ। महानगरको हरियाली सौन्दर्यलाई बढाउन विभिन्न वडाहरूमा फलफूलको बिरुवा तथा बाटोको छेउ रुखहरू रोप्ने कार्य सम्पन्न भएको छ ।

## हरियाली सडक कार्यक्रम लागू भएका स्थानको विवरण:

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम रु. | कार्य सम्पन्न |
|---|---|---|---|---|
| १ | बुद्ध पार्क | २ | ५०,००००/- | भएको |
| २ | कमल पोखरी पार्क | ५ | १०,००००/- | भएको |
| ३ | चिल्ड्रेन पार्क | ७ | ५,००,०००/- | भएको |
| ४ | शिव मन्दिर | ९ | ५,००,०००/- | भएको |
| ५ | फन पार्क | ११ | ९,००,०००/- | भएको |
| ६ | राइनो पार्क | १२ | ३०,००,०००/- | भएको |
| ७ | दुलेगौडा भ्यू प्वाईन्ट | १३ | १०,००००/- | भएको |
| ८ | विश्व छहारी | १४ | ५,००,०००/- | भएको |
| ९ | प्रज्ञा कुन्ज पार्क | १४ | ९,००,०००/- | भएको |
| १० | वि.पी.सहिद स्मृति | १५ | ९,००,०००/- | भएको |
| ११ | सहिद पार्क | १६ | ९,००,०००/- | भएको |
| १२ | चिल्ड्रेन पार्क | १९ | ९,००,०००/- | भएको |
| १३ | बाल उद्यादन | २१ | ९,००,०००/- | भएको |
| १४ | कमलपोखरी परिसर | २२ | ९,००,०००/- | भएको |
| १५ | सामुदायिक वन भित्रको पार्क(राप्ती दुन) | २५ | ९,००,०००/- | भएको |
| १६ | देवीस्थान पार्क | २४ | ८६,००,०००/- | |
| १७ | आधारभूत विद्यालय भगडी (बोट विरुवा संरक्षणको लागि मेष जाली लगाउने काम) | २६ | ८,००,०००/- | भएको |

## खानेपानी मुहान संरक्षण लगायतका कार्यक्रमहरू

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | धारापानी पानीको मुहान संरक्षण | ४ | ७,५०,०००/- | भएको | १ | धारापानी पानीको मुहान संरक्षण |
| २. | परशुराम कुण्ड | २७ | ७,५०,०००/- | भएको | | |
| | जम्मा वनियोजित वजेट रकम रु. | | १५,००,०००/- | | | |

### आ.व.२०७८/०७९ को हरियाली प्रवर्धन शाखाको कार्य प्रगती

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | मिल्स एरियामा भरतपुर ओरालो नहरदेखि विक्रम मार्ग ओरालोमा ग्रिन बेल्ट एरिया | ०.५ | २ | २,००,०००/- | १.० | २८४ |
| २. | धारे चोकदेखि तिनतले चोकमा ८०० मी र बसपार्क दक्षिण सिमान देखि वडा नं. ९ र ८ को सिमानासम्म | १.३ | ९ | २,००,०००/- | १.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | बुद्ध चोकदेखि कटहर चोकसम्म | २ | ७ | २,००,०००/- | १.० | १६० |
| | कूल जम्मा | | | ६,००,०००/- | | |
| ४. | बाईपास रोडको डिभाईडरमा वृक्षारोपण | | | १०,००,०००/ | ०.८ | ८३० |

## १३) विपद् व्यवस्थापनमा महानगरपालिकाका उपलब्धिहरू

महानगरपालिकाभित्र हुने र हुनसक्ने आपत्कालीन जोखिमका घटनाहरू न्यूनीकरण गर्न र घटिसकेका घटनामा उद्धार र व्यवस्थापनको उद्देश्यका साथ भरतपुर महानगरपालिकाअन्तर्गत विपद् व्यवस्थापन शाखाको स्थापना गरी कार्य सञ्चालन गरिएको छ । बाढीपहिरो, भूकम्प, चट्याङजस्ता प्राकृतिक प्रकोप एवम् युद्ध, आगलागी र महामारीजस्ता मानवजन्य विपत्तिका समयमा विशेष सक्रिय रहने यस शाखाले अन्य समयमा पनि विपद् न्यूनीकरण र व्यवस्थापनका क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आइरहेको छ ।

महानगर विपद् व्यवस्थापन समितिको अध्यक्ष नगर प्रमुख हुने व्यवस्था छ । यो संयन्त्र महानगरका २९ वटै वडामा सक्रिय छ । प्राकृतिक विपद् व्यवस्थापनमा थप सहजीकरण गर्न वातावरण तथा विपद् व्यवस्थापन समिति गठन गरिएको छ । महानगरले विपद् व्यवस्थापनका लागि हालसम्म निम्नलिखित कार्य सम्पादन गरेको छः-

- राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा भरतपुर महानगरपालिकामा विपद् व्यवस्थापनको नीतिगत, कानुनी तथा संस्थागत विकास गरिएको छ। स्थानीय स्तरमा आइपर्ने संभावित विपद्हरूको पूर्वानुमान, तयारी, रोकथामा तथा उत्थानशीलता जस्ता पक्षहरूमा महानगरले कानुनीदेखि ब्यवाहरिक तहसम्मको संस्थागत क्षमता हासिल गरेको छ ।

विपद् व्यवस्थापनका लागि चाहिने निम्नानुसारका नीतिनिर्माण गरिएको छ -

- नगर विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन, २०७५
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०७
- विपद् व्यवस्थापन कोष सञ्चालन कायर्यविधि, २०७६
- विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८
- आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८
- अपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य पूर्वाभ्यास निर्देशिका, २०७८
- भरतपुर महानगरपालिकाको अपत्कालीन कार्य सञ्चालन कार्यविधि, २०७८
- महानगरपालिकास्यरीय विपद् राहत मापदण्ड, २०७८
- नेपाल सरकार उर्जा,सिंचाइ तथा जलस्रोत मन्त्रालयको लगानीमा र भरतपुर महानगरपालिकाका नगर प्रमुखको सक्रियतामा नारायणी नदीको शिवघाटदेखि गोलाघाटसम्म बोल्डर र हरियाली पेटी तथा बाटो सहितको तटबन्ध निर्माणको शिलान्यास भइसकेको छ। यसको निर्माण पश्चात पश्चिम चितवनका जनताका नारायणी नदी सम्बद्ध दुखहरू सुख र समृद्धिमा रुपान्तरण हुने अपेक्षा गरिएको छ।
- नारायणी नदीको बाढी नियन्त्रण गर्ने क्रममा वडा नं. २७/२८ को निहुरे चोक र वडा नं. २६ भगडीमा अस्थायी तटबन्ध निर्माणमा सहजीकरण गरिएको छ।
- भ.म.नं.पा का २९ वटै वडामा विपद् प्रतिकार्य लागि चाहिने औजारहरूको व्यवस्था गरिएको छ ।
- वडा नं. २९ मा बर्सेनी हुने पहिरो व्यवस्थापनमा सहजीकरण गरिएको छ ।
- वारुणयन्त्र इकाइको सबलीकरण गरेर कास्कीदेखि बारासम्म पनि सेवा दिन सकिएको छ ।
- आगलागी नियन्त्रण सम्बन्धमा  समुदायलाई सैद्धान्तिक र व्यवहारिक तालिम सञ्चालन गरिएको छ ।
- विपद् व्यवस्थापन कार्यमा प्रयोग गर्न रबरको डुङ्गा (१६ सिट क्षमता) खरिद एवम् प्रयोग गरिएको छ ।
- विभिन्न समयमा नेपाल प्रहरीलाई विपद् प्रतिकार्यमा प्रयोग हुने सामाग्री तथा रोड डिभाइडर प्रदान गरिएको छ ।
- सघन सहरी विकास तथा भवन निमार्ण आयोजनाको सहयोगमा वडाहरूमा खरको छानामुक्त घर अभियान सञ्चालन गरिएको छ ।

- हावाहुरी, वर्षा र आगलागी पीडितलाई राहत प्रदान गरिएको छ।
- भूकम्प प्रविधि समाज नेपाल (NSET) को सहकार्यमा तालिम, सङ्कटासन्न क्षमता लेखाजोखा तालिम, विपद् परिदृष्य तथा कार्ययोजना कार्यशालाहरू सञ्चालन गरिएको छ।
- कालीबहादुर गण भरतपुरको सहयोगमा वडा नं. २, २०, २७ र २९ का २०८ जनालाई सामुदायिक विपद् प्रतिकार्य तालिम प्रदान गरिएको छ।
- महानगरका विभिन्न ५ वटा स्रोत केन्द्र विद्यालय आवद्ध १६१ जना (रेडक्रस शिक्षकनायक, विद्यार्थीहरू) लाई अग्नि सुरक्षा र प्राथमिक उपचार सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- UNDP को सहयोगमा वडा नं. २, ३, ४, ७, ९, १० र ११ मा सञ्चालित बहुप्रकोपकीय जोखिममा रहेका सहरी क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा आकस्मिक प्रतिकार्य क्षमता अभिबृद्धि परियोजना सञ्चालनमा सहजीकरण गरिएको छ।
- विश्वव्यापी कोरोना महामारीको न्यूनीकरण कार्यमा कोरोना विशेष अस्थायी अस्पताल स्थापना, गरिब तथा अति विपन्न नागरिकहरूलाई राहत वितरण, बाहिरबाट आएका नागरिकहरूको सूचना सङ्कलन, क्वारेन्टाइन व्यवस्थापन, होल्डिङ सेन्टर आदिको व्यवस्थापन, सूचना सङ्कलन तथा प्रतिवेदन तयार गरिएको छ।
- कोभिड–१९ नियन्त्रणमा समन्वयकारी कार्य (क्वारेन्टिन व्यवस्थापन, आइसोलेसन व्यवस्थापन, एम्बुलेन्स व्यस्थापन, निःशुल्क शवबाहन, जेसिबि र दाउरा व्यवस्थापन गरिएको छ।
- आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिएको छ।
- विपद्मा परेका १२० जनाभन्दा बढी समुदायलाई राहत रकम वितरण गरिएको छ।
- वडा नं. २ र १० मा २०० जना विपद् प्रतिकार्य स्वयंसेवक तयार गरिएको छ।
- आवश्यक उद्धार सामग्रीहरू तयार गरिएको छ।
- भूकम्पबाट सुरक्षित भवन निर्माणका लागि मेसन तालिम सञ्चालन गर्नका लागि सम्झौता गरिएको छ।
- Fire Extinguisher ६५ थान खरिद गरी कार्यालय परिसर र वडा कार्यालयहरूमा जडान र महानगरपालिकाको अपत्कालीन पूर्वतयारी अभ्यास कार्यक्रम सम्पन्न गरिएको छ।


यसरी महानगरपालिकाको महानगरभित्र विपद् न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक नीतिनिर्माण गर्ने, विपद्मा परेका व्यक्तिलाई राहत र उद्धार गर्ने, विपद् न्यूनीकरण र विपद्का बेला जीवनरक्षाका लागि आवश्यक तालिम सञ्चालन गर्ने एवम् व्यवस्थापनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने कार्य प्रभावकारी रुपमा सञ्चालन गरेको छ। आगलागी एउटा मानवजन्य विपद् हो। सो नियन्त्रणका लागि वारुणयन्त्र शाखाको महत्त्वपूर्ण भूमिका रहन्छ। यस महानगरमा आ.व. २०७४/०७५ देखि २०७७/०७८ सम्म भएका आगलागीका घटना र त्यसमा यस शाखामार्फत अग्नि नियन्त्रण गरिएका प्रयासलाई निम्न तालिकाले थप स्पष्ट पारेको छः

**आगलागी विवरण**

| आ.व. | आगलागी |
|---|---|
| २०७४।७५ | ४९ |
| २०७५।०७६ | ८४ |
| २०७६।०७७ | ४० |
| २०७७।०७८ | ८९ |
| २०७८।०७९ चैत्र मसान्तसम्म | ५२ |

महानगरले गरेको आगलागी नियन्त्रणका कार्यहरूको विस्तृत विवरण

## आगलागी नियन्त्रण विवरण




यस महानगरपालिकाले आ.व. २०७४/०७५ मा आगलागी भएका ४९ वटा घटनामध्ये घर १०, पसल ६, उद्योग ४, बस/ट्रक ४ र गोठ/टौवा ४ वटाको नियन्त्र गरेको छ भने आ.व. २०७५/०७६ मा भएका ८४ वटा घटनामध्ये घर ६, पसल १२, उद्योग २, बस/ट्रक ८ र गोठ/टौवा ५६ वटाको नियन्त्र गरेको छ। यसैगरी २०७६/०७७ मा घटेका ४० वटा घटनामध्ये घर ७ वटा, पसल ८ वटा, उद्योग ६ वटा, बस/ट्रक ४ वटा र गोठ/टौवा १ वटाको आगलागी नियन्त्रण गरेको छ।




विपद् बहस


आपत्कालीन कार्यसञ्चालन केन्द्र समुद्घाटन
“बहुप्रकोपीय जोखिममा रहेका नेपालका शहरी क्षेत्रमा विपद् जोखिम
आकस्मिक प्रतिकार्य क्षमता अभिवृद्धि परियोजना”


जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, चितवन
कोभिड-१९ आयुर्वेद आइसोलेशन सेन्टर
उद्घाटन समारोह



## १४) भूमिहीन समस्या व्यवस्थापन

बर्षौंदेखि जटिल समस्याका रूपमा रहेको भूमिहीन तथा अव्यवस्थित बसोबास समस्या समाधानमा सङ्घीय सरकार राष्ट्रिय भूमि आयोगको कार्यक्रम अनुसार भरतपुर महानगरले यस महानगरभित्र बसोबास गर्ने वास्तविक भूमिहीन पहिचान गरी उनीहरूको बसोबास व्यवस्थापनका लागि विशेष कार्यक्रमहरू अगाडि सारेको छ। त्यसका लागि पहिलो चरणमा महानगरभित्र बसोबास गर्ने भूमिहीनहरूको तथ्याङ्क सङ्कलनका लागि महानगरभित्र बसोबास गर्ने भूमिहीनलाई भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास गरेर तीन भागमा वर्गीकरण गरी उनीहरूको पारिवारिक विवरण फाराम भर्ने काम सम्पन्न भएको छ। यस क्रममा महानगरभित्र बस्ने १०७७७ वटा घरपरिवारले भूमिहीन फाराम भरिसकेका छन्। यी मध्ये भूमिहीन दलित १९७९ जना, भूमिहीन सुकुम्बासी ३७९३ जना, अव्यवस्थित बसोवासी ५००५ रहेका छन्। यी मध्ये ४७ जना भूमिहीन दलितहरूलाई २०७८ चैत्र २३ गते वडा नं. २ स्थित देवकोटा चोकमा भव्य समारोहका पूर्व प्रधानमन्त्री तथा चितवन क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्य माननीय पुष्कमल दाहाल प्रचण्डज्यूबाट लालपूर्जा वितरण गरेर भूमिहीनहरूलाई भूस्वामित्व दिलाउने कार्यको प्रारम्भ भएको छ। यसैगरी उक्त फाराम भरेका भूमिहीनहरूको लगत राख्ने क्रममा तत्तत् वडाकार्यालयमा उनीहरूको भूमिहीन निस्सा तयार गरी वितरण प्रक्रिया पनि सुरु गरिएको छ। साथै वडामा अभिलिखित भएका फारामहरूलाई राष्ट्रिय भूमि आयोगको प्रणाली (NALCIS) मा प्रविष्ट गर्ने काम पनि भइसकेको छ। यसरी सूचीकृत भएका भूमिहीनहरूको पहिचान भइसकेपछि उनीहरूले उपयोग गरेका जग्गा नापजाँच गर्दा बढीभन्दा बढी विश्वसनीय, भरपर्दो र पारदर्शी बनाउने उद्देश्यले उनीहरूको जग्गा नापजाँचमा DGPS विधि एवम् स्याटलाईट इमेज प्रविधि अवलम्बन गरिएको छ।



## १५) प्रधानमन्त्री रोजगार कार्यक्रम


युवा बेरोजगारी राष्ट्रकै ठूलो समस्याका रूपमा रहेको छ। त्यसैले बेरोजगारी समस्यालाई न्यूनीकरण गर्ने उद्देश्यले देशभरि नै प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। तदनुरूप भरतपुर महानगरपालिकाले पनि बेरोजगार व्यक्तिहरू सूचीकृत गर्ने र सम्भाव्य ठाउँहरूमा सूचीकृत बेरोजगारहरूबाट रोजगारीको अवसर दिने व्यवस्थाको थालनी गरेको छ। सोही कार्यक्रमअन्तर्गत आ.व. २०७७/०७८ मा महानगरमा सूचीकृत भएका जम्मा ५७२ बेरोजगारमध्ये १५७ जनाले निश्चित अवधिको रोजगारी प्राप्त गरेका छन्।

प्रधानमन्त्री रोजगार कार्यक्रमले नै अर्थमन्त्रालयबाट जारी कार्यक्रमअन्तर्गत रही कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरणको कार्यक्रम २९ वटै वडामा थालनी भएको छ। सोका लागि प्रत्येक वडाबाट लाभग्राही फाराम भरी नगद वितरणका लागि प्रक्रिया अगाडि बढाइएको छ।

## १६) राजश्व सङ्कलन तथा व्यवस्थापन

कर जनताको लागि भन्ने  अभियानसहित राजस्व प्रणालीलाई जनताको विश्वास आर्जन गर्न सक्ने गरी सेवा गरेर खुशीले कर तिर्ने वातावरण निर्माणमा भरतपुर महानगरपालिका दत्तचित्त रहँदै आएको छ। भरतपुर महानगरले राजश्व सङ्कलनलाई प्रभावकारी र व्यवस्थित गराउने कामलाई विशेष प्राथमिकतामा राखेको छ।आर्थिक वर्ष २०७३।७४ मा ४० करोडको हाराहारीमा भएको राजस्वको आकार पाँचवर्षको अवधिमा तीन गुनाले वृद्धि भएको छ। यो निकै ठूलो उपलब्धि हो। पछिल्लो समयमा आएर राजस्वको नयाँ आधार निर्माण तथा करको दायरा विस्तारका लागि अध्ययन अनुसन्धान गरी राजस्व सुधार कार्ययोजना लागू हुने क्रममा रहेको छ। राजस्व सङ्कलनलाई वडा स्तरमा नै विकेन्द्रित गरी नागरिकहरूलाई प्रभावकारी सेवा दिइएको छ भने नागरिकहरूले घरबाटै अनलाईन कर तिर्न सक्ने गरी ई-पेमेन्टको कार्य प्रारम्भ भएको छ।

### भरतपुर महानगरपालिकाको आ.व. २०७३/०७४ देखि २०७७/०७८ सम्मको आम्दानी विवरण




## १७) महानगर र अन्तर्राष्ट्रिय सम्बन्ध

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानुन र मापदण्डमित्र रहेर भरतपुर महानगरले आफ्ना छिमेकी स्थानीय तहहरू, विदेशी नगरपालिका र महानगरपालिकाहरू एवं अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सौहार्दपूर्ण भगिनी सम्बन्ध स्थापना र विस्तार गरेको छ। यसरी स्थापित अन्तर्राष्ट्रिय एवम् भगिनी सम्बन्धले महानगरको विकासमा आपसी सहयोग र सद्भाव एवं शैक्षिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा पारस्परिक सम्बन्ध स्थापना भएको छ। महानगरको पाँच वर्षको अवधिमा निम्नलिखित विदेशी तथा स्वदेशी महानगर र नगरहरूसँग पारस्परिक सम्बन्ध स्थापना भइसकेको छ।

### भगिनी संस्था सम्बन्ध कायम भएका महानगरहरू

a. Geermu ( Golmud City) of Qinghai Provience of China, sister city
b. Xining Municipality,of Qinghai Provience of China, sister city
c. Jilin Provience of China, Sister City,
d. Pokhara Metropoliatan City, Nepal, Sister City,
e. Lumbini Cultural Municipality, Nepal, sister city

### आपसी सम्बन्ध अघि बढाइएका शहरहरू

a. City of Yokosuka , Japan
b. Bayside Council, Australia
c. City of Sevastopol, Russia
d. Muscat ,Oman
e. Grobbendonk City, Belgium
f. Changsha City, China
g. Biratnagar Metropolitan City, Nepal

### अन्तर्राष्ट्रिय संस्थासँगको सहमति र सदस्यता

महानगरको विकासलाई अन्तर्राष्ट्रिय तहको विकाससँग मेलखाने खालको बनाउन र अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन भरतपुर महानगरपालिका र निम्नलिखित अन्तर्राष्ट्रिय संस्थाहरूका बीचमा सहकार्य र पारस्परिक सम्बन्ध आदान–प्रदानका लागि सहमति भएको छ।

### Agreement with International Institutions

a. WU Lan County (Ulan County), China : Friendly cooperation framework Agreement
b. Central South University, China : Educational Scholarship Agreement, April १०th २०१८
c. Jengshi Group Shandang , China, Agreement, May २९ २०१८

त्यसैगरी यस महानगरपालिकाले अन्तर्राष्ट्रिय स्तरका विभिन्न सङ्घ-सङ्गठनको सदस्यता लिएको छ। यसको विवरण निम्नानुसार रहेको छः

### Membership of various international forums:

a. CITYNET, Full Member
b. WeGO ( World Smart Sustainable Cities Organization, Member,१२th October २०१६
c. ICLEI (Local Governments for Sustainability), Member, ८th March २०१७
d. LUCI (Lighting Urban Communities International), Member,११th March २०१८
e. APCAT (Asia Pacific Cities Alliance for Tobacco Control and NCDs Prevention), Member,

**Membership of various national forums:**

1 MUAN (Municipal Association of Nepal), Member
2 RLC (Regional Learning Center Hetauda), Member


CHINA CENTER FOR URBAN DEVELOPMENT
成都 CHENGDU
第二届国际城市可持续发展高层论坛
暨首届国际城市可持续发展博览会
城市变革与发展
URBAN TRANSFORMATION AND DEVELOPMENT
EXPO ON SUSTAINABLE CITIES






भरतपुर महानगरपालिका
BHARATPUR METROPOLITAN CITY


Long Live the Sisterly Relationship between
Bharatpur Metropolitan City, Nepal
&
Siping City, China
Hearty Welcome to the Distinguished Guests from
Siping City, China
Organized by:
Bharatpur Metropolitan City
Nepal
Jin Ziying







## १८) भवन निर्माण इजाजत

भरतपुर महानगरभित्र बनेका व्यक्तिगत तथा संस्थागत संरचनाहरूको आधिकारिक अनुमतिका आधारमा अभिलेखीकरण गर्ने कार्य अद्यावधिक गरिएको छ। यसको विस्तृत विवरण तल तालिकामा दिइएको छ।विसं २०३५ देखि हालसम्म आधिकारिक रुपमा निर्माण अनुमति प्राप्त गरेका घरहरूको कुल संख्या ३५११० रहेको देखिन्छ।

| क्र. स | आ.व. | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | २०३५ देखि २०५८ सम्म | ११५४१ | १०४८७ |
| २ | २०५८ देखि ०५९ सम्म | ११७३ | १०२१ |
| २ | २०५९ देखि ०६० सम्म | ११०४ | ९३६ |
| २ | २०६० देखि ०६१ सम्म | ८४२ | ७१९ |
| ४ | २०६१ देखि ०६२ सम्म | ९५६ | ८६६ |
| ५ | २०६२ देखि ०६३ सम्म | १०१२ | ८८१ |
| ६ | २०६३ देखि ०६४ सम्म | १०७९ | ९५७ |
| ७ | २०६४ देखि ०६५ सम्म | ११६५ | ९५६ |
| ८ | २०६५ देखि ०६६ सम्म | १७३४ | १३२६ |
| ९ | २०६६ देखि ०६७ सम्म | १९६५ | १३८७ |
| १० | २०६७ देखि ०६८ सम्म | १८९६ | १३०१ |
| ११ | २०६८ देखि ०६९ सम्म | १८२५ | १२७७ |
| १२ | २०६९ देखि ०७० सम्म | १८३३ | १०४२ |
| १३ | २०७० देखि ०७१ सम्म | १५८० | ८५५ |
| १४ | २०७१ देखि ०७२ सम्म | १४०४ | ११०२ |
| १५ | २०७२ देखि ०७३ सम्म | १६१८ | १३१५ |
| १६ | २०७३ देखि ०७४ सम्म | ३५६४ | २६०५ |
| १७ | २०७४ देखि ०७५ सम्म | २१३९ | १७४९ |
| १८ | २०७५ देखि ०७६ सम्म | १८७० | १२४४ |
| १९ | २०७६ देखि ०७७ सम्म | १५७७ | ११२० |
| २० | २०७७ देखि ०७८ सम्म | १९५४ | ९९२ |
| २१ | २०७८ को फागुन ३० सम्म | १६५५ | ९७२ |
| २२ | कूल दर्ता | ४५४८६ | कूल पास संख्या ३५११० |

यस अन्तर्गत २०७४/०७५ मा नक्सा पास एवम् दर्ता २१३९/१७४९, निर्माण सम्पन्न १३७३, घरजग्गा नामसारी/प्रतिलिपि ८२ र कित्ता/नक्सा संशोधन ४० वटालाई इजाजत प्रदान गरिएको छ। यसैगरी २०७५/०७६ मा नक्सापास एवम् दर्ता १८७०/१२४४, निर्माण सम्पन्न १५६८, घरजग्गा नामसारी/प्रतिलिपि १२३, अभिलेखीकरण ३८९ घरजग्गा नामसारी,

प्रतिलिपिसमेत १२३ र कित्ता/नक्सा संशोधन ७० वटालाई इजाजत प्रदान गरिएको छ। आ.व. २०७६/०७७ मा नक्सा दर्ता १५७७, नक्सापास ११२०, निर्माण सम्पन्न १११८, घरजग्गा नामसारी/प्रतिलिपि १९२ र कित्ता संशोधन २६, प्रतिलिपि ४० र नक्सा संशोधन १४० वटालाई इजाजत प्रदान गरिएको छ।यस्तै, आ.व. २०७७/०७८ मा नक्सा दर्ता १९५४, नक्सा पास ९९२, निर्माण सम्पन्न १३७०, नामसारी २५२, कित्ता संशोधन २३, प्रतिलिपि प्रमाणित ६२ र नक्सा संशोधन ११० वटालाई इजाजत प्रदान गरिएको छ। यसैगरी २०७८ को फागुन मसान्तसम्मको अभिलेखअनुसार नक्सा दर्ता १६५५ र नक्सा पास ९७२ रहेको छ। यसबाट महानगरले नक्सा दर्ता र नक्सा पास कार्यलाई छिटोछरितो रूपमा सञ्चालन गरेको देखिन्छ।

यस भरतपुर महानगरपालिका भित्र निर्माण हुने भवनहरूको निर्माण अनुमति प्रक्रिया तथा भवन निर्माण सुपरिवेक्षण गर्ने कार्यलाई अझ व्यवस्थित, वैज्ञानिक र चुस्त वनाउनका लागि यही २०७८ भाद्र ४ गते Electronic Building Permit Software लागु गरेको छ। यस कार्यमा भरतपुर महानगरपालिकालाई भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) ले प्राविधिक सहयोग गरिरहेको छ। सोही Software मार्फत २०३५ सालदेखि हालसम्म नक्सा पास भएका फाइलहरूको Degitization गर्ने काम पनि सञ्चालन भैरहेको छ।

हालसम्म EBPS बाट दर्ता भएका नक्साको संख्याः ९०९ वटा

पुरानो नक्सा पास भएका फाइलहरू Digitized भएको संख्याः ५९३६ वटा

## १९) उपभोक्ता हित, बजार अनुगमन तथा खाद्यसुरक्षा

भरतपुर महानगरले नगरवासीको खाद्यसुरक्षा एवं उपभोक्ता हितलाई मध्यनजर गरी समयसमयमा बजार अनुगमनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।सोसम्बन्धी नियमनका लागि भरतपुर महानगरपालिका बजार अनुगमन कार्यविधि, २०७७ निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ। यसरी नै उपभोक्ताको हित संरक्षण सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एवंम समन्वय गर्नको लागि उपभोक्ता हित संरक्षण समिति गठन गरिएको छ। सो समितिद्वारा स्वच्छ बजार कायम राख्न र गुणस्तरीय वस्तु तथा सेवाको उचित उपयोगको निम्ति खाद्य वस्तुलगायतका सामग्रीहरूको बजार अनुगमन कार्य निरन्तर रूपमा भइरहेको छ।

यसका साथै उपभोक्ताको हितलाई ध्यानमा राखी उपभोक्ता हित संरक्षण शाखाबाट आ.व. ०७७/०७८ मा खाद्यान्न पसल, किराना पसल, तरकारी पसल, माछामासु पसल, दुग्धजन्य पसल आदि समेत महानगरपालिका क्षेत्रभित्र ६५(पैसट्ठी) वटा पसल व्यवसायहरूको संयुक्त बजार अनुगमन टोलीबाट बजार अनुगमन भएको तथा आर्थिक वर्ष ०७८/०७९ को फागुन मसान्तसम्म खाद्यान्न पसल, किराना पसल, तरकारी पसल, माछामासु पसल, दुग्धजन्य पसलहरू गरी ५८(अन्ठाउन्न) वटा पसल व्यवसायहरूको संयुक्त बजार अनुगमन टोलीबाट अनुगमन भएको छ। शंकास्पद उपभोग्य खाद्य वस्तुको नमुना सङ्कलन गर्ने र सङ्कलन गरिएका मध्ये शंकास्पद खाद्य वस्तुहरूको नमुना परीक्षणको लागि खाद्य अनुसन्धान तथा गुण नियन्त्रण प्रयोगशालामा पठाउने गरिएको छ। बजार अनुगमनको मुख्य जिम्मेवारी जिल्ला प्रशासन कार्यालयसँग रहने हुनाले यस सम्बन्धी काममा समन्वय तथा सहयोगको लागि जिल्ला प्रशासन कार्यालय लगायत अन्य सरोकारवाला नियमनकारी निकायबाट संयुक्त बजार अनुगमनको लागि माग भई आएमा महानगरले सो कार्यमा संलग्न रही सहयोग र समन्वय गर्ने गरेको छ। साथै उपभोक्ता सचेतना सम्बन्धी कार्य गर्ने र स्वस्थ बजार कायमका लागि तथा उचित बजार मूल्यमा वस्तु तथा सेवाको खरिद बिक्री सम्बन्धी कार्यमा प्रचलित ऐन कानुनको पालना हुने गरी उपभोक्ता हित सचेतना कार्यक्रम संञ्चालन गर्नेसमेत कार्य गर्दै आएको छ। यसका साथै नगर प्रहरीको समन्वयमा उपभोग्य वस्तु तथा सेवाको गुणस्तरयुक्त, सहज एवंम् सुलभ आपूर्ति हुने व्यवस्था गर्ने गरेको छ।

बजार अनुगमन कार्यबाट उपभोक्ता हित संरक्षणका लागि स्वच्छ बजार कायम राख्न, गुणस्तरीय वस्तु तथा सेवा उपयोग गर्न, अखाद्य वस्तु तथा म्याद सकिएका सामानहरूको बिक्री वितरण नगर्न, पसल व्यवसाय दर्ता/नवीकरण गरी सञ्चालन गर्न, बिल/विजक अद्यावधिक राख्न तथा उपभोक्ता संरक्षण ऐन तथा नियमावलीहरूको पालनामा सुझाव दिइएको छ। उपभोक्ता हित, उपभोक्ता सचेतना सम्बन्धी कार्यका सन्दर्भमा स्वच्छ बजार कायमका लागि तथा उचित बजार मूल्यमा

वस्तु तथा सेवाको खरिद बिक्री गर्ने सम्बन्धी कार्यमा प्रचलित ऐन कानुनको पालना हुने गरी उपभोक्ता हित सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा उपभोग्य वस्तु तथा सेवाको गुणस्तरयुक्त, सहज एवंम सुलभ आपूर्ति सम्बन्धी कार्य गर्ने व्यवस्था छ ।उक्त कार्यको लागि नगर प्रहरीलाई परिचालन गरिएको छ।

## २०) शासकीय सुधार

भरतपुर महानगरपालिका सुशासन प्रवर्धनका लागि दत्तचित्त भएर लागिपरेको छ ।जनताको खुसी र सन्तुष्टिलाई नै सुशासनको सबैभन्दा प्रमुख सूचकका रुपमा लिइ जनविश्वास आर्जन गर्ने उद्देश्य शासकीय सुधार तथा सुधार प्रवर्धन एकाइको स्थापना गरिएको छ ।यस एकाइले मुख्यत भरतपुर महानगरपालिकाले प्रवाह गर्ने हरेक प्रकारका सेवाहरूउपर रहे गरेका गुनासाहरूको प्रभावकारी रुपमा संबोधन गरी जनविश्वास आर्जन गर्ने उद्देश्य लिएअनुरुप प्रभावकारी रुपमा कार्यसम्पादन गरेको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (हेलो सरकारका गुनासा), अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सहकारी विभाग, जिल्ला प्रशासन कार्यालय चितवन लगायतका सरोकारवाला एवंम नियमनकारी निकाय तथा यस कार्यालयमा विभिन्न मितिमा परेका उजुरी गुनासो फछ्यौंटका क्रममा विभिन्न आर्थिक वर्षहरूमा उजुरीहरूको जवाफ पठाइएको सम्बन्धमा तमसिल बमोजिमको तालिकाबाट स्पष्ट पारिएको छ ।यसैगरी स्वतन्त्र निकायबाट नागरिक मत सर्वेक्षण गराई नागरिकहरूका गुनासाहरूको सम्बोधन समेत गरिएको छ ।

| सि.नं. | आ.व. | पत्र प्रेषित गर्ने निकायहरू | कार्य सम्पन्न/ फछ्यौंट भएको जवाफ/ पठाइएको जम्मा उजुरी | कैफियत |
|---|---|---|---|---|
| १ | आ.व. ०७५/०७६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग,राष्ट्रिय सतर्कता केन्द्र, सहकारी विभाग, जिल्ला प्रशासन कार्यालय, चितवन,<br>सडक डिबिजन कार्यालय चितवन लगायतका निकायबाट प्राप्त उजुरीहरू ।<br>यस कार्यालयको गुनासो पेटीकामा विभिन्न मितिहरूमा परेका गुनासोहरू | २२ (बाईस)<br>८ (आठ) | प्राप्त भएको उजुरी तथा गुनासाहरूको अधिकांश फर्छ्यौट भएको अभिलेखबाट देखिन्छ । |
| २ | आ.व. ०७६/०७७ | - हेलोसरकार (प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय),<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र सहकारी विभाग, जिल्ला प्रशासनकार्यालय,चितवन, नागरिक लगानी कोष, भ्रष्टचार विरुद्ध अभियान चितवन,<br>लगायतका निकायबाट प्राप्त उजुरी तथा गुनासाहरू।<br>-यस कार्यालयको गुनासो तथा सुझाव सङ्कलन पेटीकामा विभिन्न मितिहरूमा परेका गुनासाहरू। | २८ (अट्ठाईस)<br>७ (सात) | प्राप्त भएको उजुरी तथा गुनासाहरूको अधिकांश फर्छ्यौट भएको अभिलेखबाट देखिन्छ। |

| सि.नं. | आ.व. | पत्र प्रेषित गर्ने निकायहरू | कार्य सम्पन्न/ फछ्यौंट भएको जवाफ/ पठाइएको जम्मा उजुरी | कैफियत |
|---|---|---|---|---|
| ३ | आ.व. ०७७/०७८ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग, जिल्ला प्रशासन कार्यालय, चितवन, सहकारी सम्बन्धी, भ्रष्टचार विरुद्ध अभियान चितवन, लगायतका निकायबाट प्राप्त उजुरी तथा गुनासाहरू।<br>हे- लो सरकार(प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय) बाट प्राप्त उजुरी तथा गुनासाहरू।<br>- यस कार्यालयको गुनासो तथा सुझाव सङ्कलन-पेटीकामा विभिन्न मितिहरूमा परेका गुनासाहरू (ईमेलबाट प्राप्त गुनासो समेत )। | २९ (उन्नतीस)<br>२८ (अट्ठाईस)<br>८ (आठ) | प्राप्त भएको उजुरी तथा गुनासाहरूको अधिकांश फर्छ्यौट भएको अभिलेखबाट देखिन्छ। |
| ४ | आ.व. ०७८/०७९ (फागुन मसान्त सम्म ) | - अख्तियार दुरुपयोग अनुसन्धान आयोग, युवा तथा खेलकुद मन्त्रालय, सहकारी विभाग, जिल्ला प्रशासन कार्यालय,चितवन, भ्रष्टचार विरुद्ध अभियान चितवन लगायतका निकायबाट प्राप्त उजुरी तथा गुनासाहरू।<br>- हे- लो सरकार(प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय) बाट प्राप्त उजुरी तथा गुनासाहरू।<br>यस कार्यालयको गुनासो पेटिकामा विभिन्न समयमा परेका उजुरीहरू | ५६ (छपन्न)<br>४९ (उन्नपचास)<br>४ (चार) | प्राप्त भएको उजुरी तथा गुनासाहरूको अधिकांश फर्छ्यौट भएको। |

**नोटः** आ.व. (०७५/०७६, ०७६/०७७, ०७७/०७८, ०७८/०७९)को फागुन मसान्तसम्मको अभिलेख बमोजिम विवरण तयार परिएको।

## २१) महानगरको सेवा प्रवाह वर्तमान अवस्था

### सेवाप्रवाहको वर्तमान अवस्था`

- हाल भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतमा विभिन्न सेवा समूहका स्थायी, अस्थायी, करार र ज्यालादारी गरी ७५५ कमर्चारीहरू कार्यरत छन्।
- सबै महाशाखा/शाखा तथा वडा कार्यालयहरूबाट नियमित सेवा प्रवाह भइरहेको छ।
- विकास निर्माणका कार्यहरू सञ्चालन भइरहेका छन्।
- स्वास्थ्य संस्थाहरूबाट नियमित सेवा प्रवाह भइरहेको छ।
- शिवनगर र शारदानगरमा सञ्चालित कोभिड-१९ अस्थायी अस्पतालहरूबाट कोभिड-१९ का विरामीहरूको उपचार भइरहेको अवस्था छ।

### कर्मचारी प्रशासन शाखाबाट सम्पादित महत्त्वपूर्ण कार्यहरू

- स्थायी पदपूर्तिका लागि १४३ जना प्राविधिक/अप्राविधिक कर्मचारी माग गरी प्रदेश लोकसेवा आयोगमा माग गरी पठाइएको हालसम्म विभिन्न प्राविधिक सेवाका ५६ जना सिफारिश भई नियुक्ति लिइसकेका छन्।
- मिति २०७७/१२/२० गतेको विशेष नगरसभाबाट पारित कानुन अनुसार ८४ जना कर्मचारीहरूको एक तह बढुवा गरी पुल दरबन्दीमा राखिएको।
- दैनिक कार्यालय सम्बन्धी कार्यमा जनशक्ति कमी हुने देखिएको हुँदा केही आवश्यक कर्मचारीहरू ज्यालादारी तथा करारमा नियुक्ति गरिएको।

- प्राविधिक सहायक करारमा नियुक्ति गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिइएको।
- उद्यम विकासको लागि सहजकर्ता करारमा नियुक्त गरी कार्यक्रम थालनी गरिएको।
- सुशासन प्रवर्धनको लागि सुशासन समितिलाई क्रियाशील बनाइएको।
- कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यशाला गोष्ठीहरू सञ्चालन गरिएको।

## आ.व.२०७८/७९ का कार्यक्रमहरू

- सेवाकालीन तालिम
- क्षमता अभिवृद्धि सम्बन्धी तालिम
- योग, उत्प्रेरणा र सकारात्मक सोच
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण
- अभिलेख व्यवस्थापन
- नवनिर्वाचित जनप्रतिनिधिका लागि नेतृत्त्व विकास तालिम
- सुशासन सम्बन्धी गोष्ठी र अध्ययन भ्रमण
- नगरबासीसँग मेयर सम्वाद कार्यक्रम
- सार्वजनिक सुनुवाइ कार्यक्रम


## भरतपुर महानगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरूको विवरण

| क्र.स. | विवरण | स्थायी | | | करार | | | ज्यालादारी | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| १ | समायोजित निजामती कर्मचारी | ५९ | २४ | ८३ | | | | | | | |
| २ | साविक स्थानीय निकायका कर्मचारी | १०७ | २० | १२७ | | | | | | | |
| ३ | स्थानीयतहका नयाँ कर्मचारी | ४८ | ८ | ५६ | | | | | | | |
| ४ | स्थानीयतहका काजमा रहेका कर्मचारी | ६ | ८ | १४ | | | | | | | |
| | कार्यालयका जम्मा स्थायी कर्मचारीहरू | २२० | ६० | २८० | | | | | | | २८० |
| ५ | स्वास्थ्यतर्फका कर्मचारीहरू | ५७ | ७८ | १३५ | २७ | ७१ | ९८ | ० | ६ | ६ | २३९ |
| ६ | नगर प्रहरी (स्थायी १० बाहेक) | | | | ३७ | २ | ३९ | | | ० | ३९ |
| ७ | करारका कर्मचारी | | | | ३३ | २८ | ६१ | | | | ६१ |
| ८ | मासिक ज्यालादारी | | | | | | | ५३ | ४३ | ९६ | ९६ |
| ९ | दैनिक ज्यालादारी | | | | | | | ७ | १६ | २३ | २३ |
| १० | डोर हाजिरी | | | | | | | १३ | ४ | १७ | १७ |
| | कुल जम्मा | ४९७ | १९८ | ४१५ | ९७ | १९८ | १९८ | ७३ | ६९ | १४२ | ७५५ |

## २२) वडागत भौतिक पूर्वाधारहरू


वडागत भौतिक पूर्वाधारको प्रगति चित्रणबाट समग्र महानगरपालिकाको प्रगतिबारे बुझ्न सहज हुने भएको हुँदा यहाँ वडागत विकासको अवस्था देखाइएको छ ।वडाहरूको विकास नै महानगरको सम्पूर्ण विकास हो । महानगरको विकासलाई एकत्रित रूपमा यस प्रतिवेदनमा राखिएको हुनाले वडाका सम्पूर्ण कार्यक्रमहरूको विवरणलाई यस प्रतिवेदनभित्र छुट्टै नदेखाई भौतिक पूर्वाधारको विवरण मात्र देखाइएको छ ।सम्बन्धीत वडाहरूबाट यस आव २०७८।७९ मा सञ्चालन भइरहेका योजनाहरूका सम्पन्न भएको सम्बन्धमा विस्तृत विवरण प्राप्त नभएकोले यसमा समावेश गर्न गरिएको छैन ।

### वडा नं. १ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ०.२ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा २.९९ कि.मि., २०७६/०७७ मा १.७६ कि.मि.र २०७७/०७८ मा १.२३ कि.मि. विस्तार भएको छ । यसैगरी सडक ढलानतर्फ २०७४/०७५ मा ०.३ कि.मि., २०७५/०७६ मा ०.४५ कि.मि., २०७६/०७७ मा ०.६६ कि.मि.र २०७७/०७८ मा ०..१४ कि.मि. विस्तार भएको छ । सडक गाभेलतर्फ २०७४/०७५ मा ०.७ कि.मि., २०७५/०७६ मा २.०० कि.मि., २०७६/०७७ मा १.६५ कि.मि. सम्पन्न भएको छ ।

### वडा नं. २ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.२ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ०.३ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा १.३ कि.मि., २०७६/०७७ मा ०.६२ कि.मि.र २०७७/०७८ मा ०.८२ कि.मि. विस्तार भएको छ । यसैगरी सडक ढलानतर्फ २०७५/०७६ मा ०.१३ कि.मि., २०७६/०७७ मा १.११ कि.मि.र २०७७/०७८ मा ०.५७ कि.मि. विस्तार भएको छ ।

## वडा नं. ३ मा भएका पूर्वाधार विकास





महानगरपालिका वडा नं.३ मा सडक विस्तारको प्रगति २०७४/०७५ मा २.४ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा १.६३ कि.मि., २०७६/०७७ मा २.१९ कि.मि.र २०७७/०७८ मा १.९५ कि.मि. रहेको छ। यसैगरी सडक ढलानतर्फ २०७५/०७६ मा ०.२५ कि.मि., २०७६/०७७ मा ०.२७ कि.मि.र २०७७/०७८ मा ०.०६ कि.मि. विस्तार भएको छ। सडक ग्राभेलतर्फ २०७५/०७६ मा २.३६ कि.मि., २०७६/०७७ मा १.०० कि.मि. र २०७७/०७८ मा १.५० सम्पन्न भएको छ।

## वडा नं. ४ मा भएका पूर्वाधार विकास





यस महानगरपालिका वडा नं.४ मा सडक विस्तारका क्रममा २०७४/०७५ मा ०.३ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा १.३ कि.मि., २०७६/०७७ मा ०.६२ कि.मि.र २०७७/०७८ मा ०.८२ कि.मि. विस्तार भएको छ। यसैगरी सडक ढलानतर्फ २०७५/०७६ मा ०.१२४ कि.मि., २०७६/०७७ मा १.११ कि.मि.र २०७७/०७८ मा ०.५७ कि.मि. विस्तार भएको छ।

## वडा नं. ५ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. ५ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ३.६ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा २/७५ कि.मि. र २०७६/०७७ मा ८.२२ कि.मि. र २०७७ र ०७८ मा ८.३ कि.मि. विस्तार भएको छ। यसैगरी सडक कालोपत्रेतर्फ २०७४/०७५ मा १.७३ कि.मि., २०७५/०७६ मा २.४ कि.मि. र २०७७ /०७८ मा ०.८७ कि.मि. सम्पन्न भएको छ।

## वडा नं. ६ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. ६ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा २.५६ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा ६.८५ कि.मि. र २०७६/०७७ मा ९.१९ कि.मि. र २०७७र०७८ मा ४.४९ कि.मि. विस्तार भएको छ। यसैगरी सडक ग्राभेलतर्फ २०७४/०७५ मा ५ कि.मि., २०७५/०७६ मा ४.१ कि.मि. र २०७७/०७८ मा ९.६३ कि.मि. सम्पन्न भएको छ।

## वडा नं. ७ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. ७ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ४.४९ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा १.९ कि.मि. र २०७६/०७७ मा ८.६२ कि.मि. विस्तार भएको छ। यसैगरी सडक ग्राभेलतर्फ २०७४/०७५ मा ४.५ कि.मि., २०७५/०७६ मा १.९५ कि.मि.र २०७६/०७७ मा २.८२ कि.मि. सम्पन्न भएको छ।

## वडा नं. ८ मा भएका पूर्वाधार विकास





प्रस्तुत महानगरपालिकाको वडा नं. ८ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा १०.६४ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा ५.८९ कि.मि., २०७६/०७७ मा २.२१ कि.मि.र २०७७/०७८ मा ३.६१ कि.मि. विस्तार भएको छ। यसैगरी सडक ग्राभेलतर्फ २०७४/०७५ मा ३.०० कि.मि., २०७५/०७६ मा २.५ कि.मि., २०७६/०७७ मा ०.६२ कि.मि. र २०७७/०७८ मा ४.४८ कि.मि. विस्तार भएको छ।

## वडा नं. ९ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.९ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा १.५२ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा ३.४८ कि.मि., २०७६/०७७मा १.७७ कि.मि.र २०७७/०७८ मा १.९६ कि.मि. गरी जम्मा ८.७३ कि.मि. कालोपत्रे सडक विस्तार भएको छ। यसैगरी ग्राभेलतर्फ २०७४/०७५ मा ७.१ कि.मि., २०७५/०७६ मा ६.०० कि.मि., २०७६/०७७ मा २.८२ र २०७७/०७८ मा ०.२ गरी जम्मा १६.१२ कि.मि. सडक सम्पन्न भएको छ।

## वडा नं. १० मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१० मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा २.९ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा २.३ कि.मि., २०७६/०७७ मा १.३१ कि.मि.र २०७७/०७८ मा ०.६६ कि.मि. गरी जम्मा ७.१८ कि.मि विस्तार भएको छ। यसैगरी सडक ढलानतर्फ २०७५/०७६ मा ०.१२ कि.मि., २०७६/०७७ मा १.१० कि.मि.र २०७७/०७८ मा ०.५६ कि.मि. गरी जम्मा १.८०४ कि.मि. विस्तार भएको छ। सडक ग्राभेलतर्फ २०७४/०७५ मा १.८३ कि.मि., २०७५/०७६ मा ०.५ कि.मि., २०७७/०७८ मा २.२० गरी जम्मा ४.५४ कि.मि. सम्पन्न भएको देखिन्छ।

## वडा नं. ११ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.११ मा सडक कालोपत्रेतर्फ २०७४/०७५ मा ३.७६ कि.मि., २०७५/०७६ मा १२.८८ कि. मि., २०७६/०७७ मा ५.३५ कि.मि. र २०७७/०७८ मा ५.९६ कि.मि. गरी जम्मा २७.९६ कि.मि. विस्तार भएको छ। यसैगरी सडक ढलानतर्फ २०७५/०७६ मा ०.१५ कि.मि., २०७६/०७७ मा ०.३५ कि.मि.र २०७७/०७८ मा ०.२ कि.मि. विस्तार भएको छ। सडक ग्राभेलतर्फ २०७४/०७५ मा २.५ कि.मि., २०७५/०७६ मा २.२ कि.मि. र २०७६/०७७ मा २.११ कि.मि. गरी कुल ६.८१ कि.मि. सम्पन्न भएको छ।

## वडा नं. १२ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१२ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ४.९२ कि.मि., २०७५/०७६ मा ६.९३ कि. मि., २०७६/०७७ मा ५.३४ कि.मि.र २०७७/०७८ मा २.५५ कि.मि.गरी जम्मा कालोपत्रे सडक १९.७४ कि.मि. विस्तार भएको छ । यसैगरी सडक ढलानतर्फ २०७५/०७६ मा ०.१४ कि.मि., २०७६/०७७ मा ०.३५ कि.मि.र २०७७/०७८ मा ०.०६ कि.मि. विस्तार भएको छ । सडक ग्राभेलतर्फ २०७४/०७५ मा ३.७ कि.मि., २०७५/०७६ मा २.०० कि.मि. र २०७६/०७७ मा १.५ कि.मि. गरी जम्मा ७.२ कि.मि. सडक सम्पन्न भएको छ ।

## वडा नं. १३ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१३ मा सडक विस्तारको प्रगति अवलोकन गर्दा कालोपत्रेतर्फ २०७४/०७५ मा १.६ कि.मि., २०७५/०७६ मा २.९८४ कि.मि., २०७६/०७७ मा १.६२ कि.मि.र २०७७/०७८ मा ४.९९६ कि.मि. गरी कुल ११.२ कि.मि विस्तार भएको छ। सडक ग्राभेलतर्फ २०७४/०७५ मा १४.५५ कि.मि. र २०७५/०७६ मा २.०० कि.मि. गरी जम्मा १६.२२ कि.मि. सम्पन्न भएको छ।

## वडा नं. १४ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१४ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ०.५७ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा १.२ कि.मि., २०७६/०७७ मा ०.२९ कि.मि.र २०७७/०७८ मा २.४६ गरी जम्मा ४.५३ कि.मि. विस्तार भएको छ। यसैगरी ग्राभेलतर्फ २०७४/०७५ मा ४.९ कि.मि., २०७५/०७६ मा ४.६९ कि.मि., २०७६/०७७ मा ६.५० कि.मि.र २०७७/०७८ मा १.२ गरी जम्मा १७.२९ कि.मि.सडक सम्पन्न भएको छ।

## वडा नं. १५ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१५ को सडक विस्तार हेर्दा २०७४/०७५ मा २.०० कि.मि., २०७५/०७६ मा १.५ कि.मि., २०७६/०७७ मा २.६ कि.मि. गरी जम्मा ६.१ कि.मि. कालोपत्रे सडक निर्माण भएको छ। सडक ग्राभेलतर्फ २०७४/०७५ मा १.३५ कि.मि., २०७५/०७६ मा १४.९५ कि.मि. र २०७६/०७७ मा ५.८ कि.मि. गरी जम्मा २२.१ कि.मि. ग्राभेल सडक सम्पन्न भएको छ।

## वडा नं. १६ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१६ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा २.१० कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा १०.१ कि.मि., २०७६/०७७ मा ९.०० कि.मि. र २०७७/०७८ मा ५.२१ कि.मि.गरी जम्मा २६.४१ कि.मि. विस्तार भएको छ। यसैगरी सडक ग्राभेलतर्फ २०७४/०७५ मा ३.० कि.मि., २०७५/०७६ मा २.५ कि.मि., २०७६/०७७ मा २.३ कि.मि. र २०७७/०७८ मा ०.४ कि.मि. गरी कुल ८.२ कि.मि. सडक सम्पन्न भएको छ।

## वडा नं. १७ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१७ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ५.१६ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा ७.२६ कि.मि. र २०७६/०७७ मा ४.२६ कि.मि.र २०७७/७८मा ३.५१ गरी जम्मा २०.१९ कि.मि. विस्तार भएको छ। यसैगरी सडक ग्राभेलतर्फ २०७४/०७५ मा ३.२७ कि.मि, २०७५.०७६ मा ०.६१ कि.मि.र २०७७/७८ मा १.५९ कि. मि सम्पन्न भएको छ।

## वडा नं. १८ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१८ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा २.०५ कि.मि., २०७५/०७६ मा १.५ कि.मि. र २०७६/०७७ मा ०..५ कि.मि. गरी जम्मा ४.०५ कि.मि. कालोपत्रे सडक विस्तार भएको छ भने ग्राभेलतर्फ २०७४/०७५ मा ८.७८ कि.मि., २०७५/०७६ मा १.४० कि.मि. र २०७६/०७७ मा ५.४०, २०७७/०७८ मा ३.४ गरी जम्मा १८.६३ कि.मि. सम्पन्न भएको छ।

## वडा नं. १९ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.१९ मा सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ३.४५ कि.मि. कालोपत्रे रहेकामा २०७५/०७६ मा २.५३ कि.मि., २०७६/०७७ मा २.१५ कि.मि.र २०७७/०७८ मा २.५४ कि.मि. गरी कुल १०.६८ कि.मि. विस्तार भएको छ। यसैगरी सडक ग्राभेलतर्फ २०७४/०७५ मा ५.१९ कि.मि., २०७५/०७६ मा ४.७ कि. मि., २०७६/०७७ मा ५.५५ कि.मि. र २०७७/०७८ मा २.४७ कि.मि. गरी कुल १७.९१ कि.मि. सडक निर्माण भएको छ।

## वडा नं. २० मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.२० मा कालोपत्रे सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा २.५ कि.मि., २०७५/०७६ मा २.४१ कि.मि., २०७६/०७७ मा १.२८ कि.मि.र २०७७/०७८ मा १.०० कि.मि. गरी जम्मा ७.२० कि. मि. सडक निर्माण भएको छ। सडक ग्राभेलतर्फ हेर्दा २०७४/०७५ मा ७.९ कि.मि., २०७५/०७६ मा ३.५ कि.मि., २०७६/०७७ मा २.७७ कि.मि. र २०७७/०७८ मा ४.१३ कि.मि. गरी जम्मा १८.३१ कि.मि. सडक सम्पन्न भएको छ।

## वडा नं. २१ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं.२१ मा कालोपत्रे सडक विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा १.२ कि.मि., २०७५/०७६ मा १.८९५ कि.मि., २०७६/०७७ मा ६.५२३ कि.मि.र २०७७/०७८ मा २.८२ कि.मि. गरी जम्मा १२.४३ कि. मि. सडक निर्माण भएको छ। सडक ग्राभेलतर्फ २०७४/०७५ मा ७.१ कि.मि., २०७५/०७६ मा ६.९ कि.मि., २०७६/०७७ मा २.१४ कि.मि. र २०७७/०७८ मा २.५ कि.मि. गरी जम्मा १८.५४ कि.मि. सडक सम्पन्न भएको छ।

## वडा नं. २२ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. २२ मा सडक कालोपत्रे विस्तारको प्रगति हेर्दा वडा प्रगती २०७४/०७५ मा १.२ कि.मि., २०७५/०७६ मा ४.६३ कि.मि., २०७६/०७७ मा १५.३५ कि.मि., २०७७/०७८ मा २.२४ कि.मि. गरी जम्मा २३.४२ कि.मि. सडक निर्माण भएको छ। ग्रावेलतर्फ २०७४/०७५ मा ३.५ कि.मि., २०७५/०७६ मा ०.५ कि.मि., २०७६/०७७ मा ५.५ कि.मि., २०७७/०७८ मा २.७१ कि.मि. गरी जम्मा १२.२१ कि.मि. सडक निर्माण भएको छ।

## वडा नं. २३ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. २३ मा सडक कालोपत्रे विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा १.७५ कि.मि., २०७५/०७६ मा ८.६३ कि.मि., २०७६/०७७ मा ३.३ कि.मि., २०७७/०७८ मा २.४५ कि.मि. गरी जम्मा १६.१३ कि.मि. सडक निर्माण भएको छ। ग्रावेलतर्फ २०७४/०७५ मा ६.७ कि.मि., २०७५/०७६ मा ५.४ कि.मि., २०७६/०७७ मा ०.५३ कि.मि., २०७७/०७८ मा ८.२ कि.मि. गरी जम्मा २०.८२ कि.मि. सडक निर्माण भएको छ।

## वडा नं. २४ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. २४ मा सडक कालोपत्रे विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा २.०३ कि.मि., २०७५/०७६ मा १.७३ कि.मि., २०७६/०७७ मा १.११ कि.मि., २०७७/०७८ मा २.० कि.मि. गरी जम्मा ६.८८ कि.मि. सडक निर्माण भएको छ। ग्रावेलतर्फ २०७४/०७५ मा ६.१० कि.मि., २०७५/०७६ मा ५.२५ कि.मि., २०७६/०७७ मा ०.३ कि.मि., २०७७/०७८ मा ३.७५ कि.मि. गरी जम्मा १५.४० कि.मि. सडक निर्माण भएको छ।

## वडा नं. २५ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. २५ मा सडक कालोपत्रे विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा १.२७ कि.मि., २०७५/०७६ मा २.० कि.मि., २०७६/०७७ मा ३.५ कि.मि., २०७७/०७८ मा २.८२ कि.मि. गरी जम्मा ९.५९ कि.मि. सडक निर्माण भएको छ। ग्रावेलतर्फ २०७४/०७५ मा १३.२५ कि.मि., २०७५/०७६ मा १९.२ कि.मि., २०७६/०७७ मा ७.६ कि.मि., २०७७/०७८ मा ३.० कि.मि. गरी जम्मा ४३.०५ कि.मि. सडक निर्माण भएको छ।

## वडा नं. २६ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. २६ मा सडक कालोपत्रे विस्तारको प्रगति हेर्दा २०७४/०७५ मा ३.९४ कि.मि., २०७५/०७६ मा २.९९ कि.मि., २०७६/०७७ मा २.३९ कि.मि., २०७७/०७८ मा ६.३८ कि.मि. गरी जम्मा १६.१७ कि.मि. सडक निर्माण भएको छ। ग्रावेलतर्फ २०७४/०७५ मा ४.८४ कि.मि., २०७५/०७६ मा ५.९ कि.मि., २०७६/०७७ मा ७.२८ कि.मि., २०७७/०७८ मा २.९५ कि.मि. गरी जम्मा २०.९५ कि.मि. सडक निर्माण भएको छ।

## वडा नं. २७ मा भएका पूर्वाधार विकास





भरतपुर महानगरपालिका वडा नं. २७ मा सडक कालोपत्रे विस्तारको प्रगति हेर्दा वडा प्रगती २०७४/०७५ मा २.० कि.मि., २०७५/०७६ मा १.६ कि.मि., २०७७/०७८ मा १.९५ कि.मि. गरी जम्मा ५.५५ कि.मि. सडक निर्माण भएको छ। ग्रावेलतर्फ २०७४/०७५ मा १०.० कि.मि., २०७५/०७६ मा ३.४६ कि.मि., २०७६/०७७ मा ९.४८ कि.मि., २०७७/०७८ मा ९.९५ कि.मि. गरी जम्मा २६.८९ कि.मि. सडक निर्माण भएको छ।

## वडा नं. २८ मा भएका पूर्वाधार विकास




भरतपुर महानगरपालिका वडा नं. २८ मा सडक कालोपत्रे विस्तारको प्रगति हेर्दा २०७५/०७६ मा ०.६५४ कि.मि., २०७६/०७७ मा ०.६५४ कि.मि., २०७७/०७८ मा १.६०२ कि.मि. गरी जम्मा २.९१ कि.मि. सडक निर्माण भएको छ। ग्रावेलतर्फ २०७४/०७५ मा ९.७५ कि.मि., २०७५/०७६ मा ९ कि.मि., २०७६/०७७ मा ७.०८ कि.मि., २०७७/०७८ मा १.६०२ कि.मि. गरी जम्मा २९.३३ कि.मि. सडक निर्माण सम्पन्न भएको छ।

### वडा नं. २९ मा भएका पूर्वाधार विकास




भरतपुर महानगरपालिका वडा नं. २९ मा सडक कालोपत्रे कुल २.२५ कि.मि., सडक कालोपत्रे मर्मत २०.९ कि.मि., सडक ढलान ३.७९ कि.मि. निर्माण भएको छ। ग्रावेलतर्फ २०७४/०७५ मा ८.४५ कि.मि., २०७५/०७६ मा ७९.५ कि.मि., २०७६/०७७ मा ७२.२ कि.मि., २०७७/०७८ मा ०.२ कि.मि. गरी जम्मा १६०.३५ कि.मि. सडक निर्माण भएको छ।

## २३) महानगरको विकास बहस

भरतपुर महानगरपालिका संघीय शासन पद्धतिकै संस्थागत विकास गरेर नेपालको संघीयताको मर्मलाई साकार पार्ने उद्देश्यबाट अगाडि बढिरहेको छ। आफूलाई प्राप्त संवैधानिक र कानुनी अधिकारहरूको उपयोग गरी विकासको आधरभूत निर्माण गर्दै समन्वय, सहकारिता र सहअस्तित्वको संवैधानिक मूल्य बमोजिम तीनै तहका सरकारहरूसँग विकास र समृद्धिका लागि सहकार्य गर्ने उचाइमा पुगेको छ। यसै क्रममा समग्र भरतपुर र चितवनकै विकास केन्द्रित भएर भरतपुर महानगरपालिकाले २०७८ मंसिर ६ गते समृद्ध भरतपुरको लागि विकास वहस कार्यक्रम आयोजना गरेको थियो। पूर्व प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र)का अध्यक्ष माननीय श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको प्रमुख आतिथ्यमा, अर्थमन्त्री माननीय जनार्दन शर्माज्यू, उर्जा जलस्रोत तथा सिचाई मन्त्री माननीय पम्फा भूषालज्यू, पर्यटन मन्त्री तथा प्रदेशका मन्त्रीहरू, सभासदहरू र सम्बन्धीत क्षेत्रका विज्ञहरू र सरोकारवालाहरू, सञ्चारमर्मीहरू, सहितको समुपस्थितिमा सम्पन्न कार्यक्रमले स्थानीय सरकारहरू विकास र समृद्धिका केन्द्र हुन भन्ने सन्देश दिएको थियो। भरतपुर महानगरपालिकाले हासिल गरेका उपलब्धि र राखेका सपनाहरू पूरा गर्न संघ, प्रदेश, स्थानीय सरकार तथा निजी क्षेत्रको साझा संकल्प, साझेदारी र समन्वय आवश्यक पर्ने निष्कर्षका साथ सबैबाट साझा प्रतिवद्धता प्राप्त भएको थियो।

यसैगरी भरतपुर महानगरपालिकाले यसको विकास र समृद्धिका लागि विभिन्न मितिमा विभिन्न विषयक्षेत्रका विशिष्ट व्यक्ति र राजनीतिकर्मीसँग बसी बृहत् रूपमा अन्तरक्रिया गर्दै आइरहेको छ।यसरी विगत पाँच वर्षमा सञ्चालित अन्तरक्रियाका मूल विषयवस्तु संक्षिप्त र बुँदागत रूपमा प्रस्तुत गरिएको छः

- ❖ २०७४ साउनमा प्रमुख, उपप्रमुख र जनप्रतिनिधिहरूको शपथ तथा पदबहाली कार्यक्रम सम्पन्न भएको।
- ❖ २०७४ पौष ११ मा पूर्व प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र)का अध्यक्ष माननीय श्री पुष्प कमाल दाहाल "प्रचण्ड"ज्यूको प्रमुख आतिथ्यमा महानगरपालिकाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन आर्थिक, सामाजिक, पर्यटकीय र भौतिक विकासका सम्भावना र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- ❖ २०७४ फाल्गुण २७ गते मित्रराष्ट्र चिनको सेन्ट्रल साउथ विश्वविद्यालयबीच शैक्षिक सहकार्यको सम्झौतापत्रमा हस्ताक्षर,
- ❖ २०७५ मंसिर १८ गते चिनिया लगानीकर्ताहरूका बीच आधुनिक कृषि, उर्जा र पर्यटनमा वैदेशिक लगानीका सम्भावना र अवसर विषयमा अन्तरक्रिया,
- ❖ २०७५ जेष्ठ २९ गते समृद्ध भरतपुर महानगरको एकीकृत विकास गुरुयोजना निर्माणका लागि अवसर, चुनौती र भावी कार्यदिशा विषयक कार्यशाला गोष्ठी सम्पन्न,

- २०७५ असार ७ गते सुशासन र वित्तीय प्रबन्ध विषयक एक दिवसीय कार्यक्रम सम्पन्न,
- २०७५ कात्तिक ११ गते भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत महानगरपालिकामा चालु आ.व.२०७५/०७६ मा सञ्चालन हुने आयोजनाहरूको घोषणा,
- २०७५ मङ्सिर ९ गते संस्थागत सुधार र वित्तीय कार्यशाला गोष्ठी सञ्चालन गरिएको
- २०७६ जेठ ३० गते विकास निर्माणमा सार्वजनिक, निजी र साझेदारी (पी.पी.पी.)को प्रयोग एवं नारायणी किनार विकास सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको,
- २०७६ साउन १९ गते त्रि.वि.को आङ्गिक इन्जिनियरिङ्ग क्याम्पस रामपुरमा शुभारम्भ कार्यक्रम सम्पन्न,
- २०७६ साउन २० गते महानगरमा भएका समग्र कार्यसम्पादन सम्बन्धी छलफल कार्यक्रम सम्पन्न,
- २०७६ भदौ १७ गते न्यायिक अधिकारको प्रयोग एवं श्रोत व्यवस्थापन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- २०७६ भदौ १८ गते भरतपुर विमानस्थल विस्तार एवं सुधार सम्बन्धमा सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- १७ अक्टोबर २०१९ मा जापानको योगोसुका सहर र भरतपुर महानगरबीच आपसी सहयोग सम्झौता सम्बन्धमा अन्तरक्रिया,
- २०७८ मङ्सिर ६ गते अर्थ, पर्यटन आदि मन्त्रीहरूको उपस्थितिमा समृद्ध भरतपुरका लागि विकास विषयक बहस कार्यक्रम सम्पन्न,
- २०७७ फाल्गुण ११ गते महानगर प्रमुख र युरोपियन युनियनकी महामहिम राजदूत नोना केप्रेज्यूबाट भरतपुर महानगरपालिकामा निर्माण भई सञ्चालनमा आएको आपत्कालीन कार्यसञ्चालन केन्द्रको उद्घाटन,
- २०७४ भदौ १७ गते स्थानीय तहको संवैधानिक तथा कानुनी व्यवस्था सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न,
- २०७४ कात्तिकमा नवीनतम प्रविधिमार्फत स्थानीय तहको फोहरमैला व्यवस्थापनको अवसर विषयक नगरस्तरीय अन्तरक्रिया/कार्यशाला गोष्ठी सम्पन्न,
- २०७४ चैत्र ०२ गते भरतपुर महानगरपालिका र भारतीय महावाणिज्य दूतावास विरगंजको संयुक्त आयोजनामा नेपाल(भारत द्विपक्षीय पर्यटन प्रवर्धन सम्बन्धी Nepal India Bilateral Tourism Promotion Seminar नेपालका लागि भारतीय महामहिम राजदूत श्री मन्जीव सिंह पुरीको प्रमुख आतिथ्यमा र नगर प्रमुख श्री रेनु दाहालज्यूको अध्यक्षतामा सम्पन्न।
- २०७७ चैत ३ देखि ६ गतेसम्म भरतपुर महानगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरूलाई संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- २०२१ अप्रिलमा असल शासन र नेतृत्त्व विकास विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न।



## २४) कर्मचारी क्षमता अभिवृद्धि

भरतपुर महानगरपालिका, कार्यक्रम शाखाको अगुवाइमा महानगरपालिकामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गरिएको छ। सम्पन्न प्रमुख तालिमहरूको विवरण यसप्रकार रहेको छ।

### (क) योजना सञ्चालनसम्बन्धी अभिमुखीकरण तालिम

महानगरपालिकाका २९ वटै वडा कार्यालयमा कार्यरत इन्जिनियर/सव-इन्जिनियर/असिस्टेन्ट सव–इञ्जिनियर र वडासचिवहरूलाई लक्षित गरी २०७८ कार्तिक १० गते सञ्चालित एकदिने अभिमुखीकरण तालिममा महानगरका योजना कार्यान्वयनसँग सम्बन्धीत कार्य गर्ने महाशाखा र शाखाका समेत १७ जना महिला र ६२ जना पुरूष गरी जम्मा ७९ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

### (ख) सार्वजनिक खरिद व्यवस्थापन तालिम

महाशाखा एवं शाखा प्रमुखहरू, वडा कार्यालयका इन्जिनियर एवं वडा सचिवहरू र सार्वजनिक खरिद कार्य बढी हुने शाखाका कर्मचारीहरूलाई समेत लक्षित गरी २०७८ मंसिर ३ देखि ४ गतेसम्म सञ्चालित दुईदिने यस तालिममा सम्बन्धीत विषयविज्ञ प्रशिक्षकको व्यवस्था गरिएको थियो। यस तालिममा १२ जना महिला र ५९ जना पुरूष गरी कुल ७१ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

### (ग) लागत अनुमान, योजना अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तालिम


महानगरपालिका र सम्पूर्ण वडा कार्यालयहरूबाट सम्पादन हुने इन्जिनियरिङ्ग कार्यहरूमा एकरूपता र सहजता ल्याउने उद्देश्यले इन्जिनियर सेवा/समूहका कर्मचारीहरूलाई लक्षित गरी आयोजित यस २ दिने तालिम २०७८ मंसिर ८ देखि ९ गतेसम्म र २०७८ मंसिर १२ देखि १३ गतेसम्म २ समूहमा सञ्चालन गरिएको थियो। प्रथम लटमा महिला ५ र पुरूष ३१ र दोस्रो समूहमा महिला ९ र पुरूष ३७ गरी जम्मा महिला १४ र पुरूष ६८ गरेर कुल जम्मा ८२ जना कर्मचारीहरू प्रशिक्षित भएका थिए।

### (घ) राष्ट्रिय भवन संहिता तालिम

भवन विभागबाट जारी राष्ट्रिय भवन संहिताबारे भरतपुर महानगरपालिकाका इन्जिनियर सेवा/समूहका कर्मचारीहरूलाई प्रशिक्षित गर्ने उद्देश्यले २०७८ मंसिर २७ देखि २९ गतेसम्म सञ्चालित यस तालिममा भवन विभागमै कार्यरत विज्ञ इन्जिनियरहरूबाट प्रशिक्षणको व्यवस्था मिलाईएको थियो। यस तालिममा भरतपुर महानगरपालिकाका इन्जिनियरिङ्ग सेवा/समूहमा कार्यरत ७ जना महिला र २३ जना पुरूष गरी जम्मा ३० जनाको सहभागिता रहेको थियो।

प्रस्तुत तालिमहरूबाट प्रशिक्षित महिला तथा पुरुष कर्मचारीहरूको सङ्ख्यात्मक विवरणलाई तल उल्लेख गरिएको स्तम्भचित्रलले थप स्पष्ट पारेको छ।

**तालिममा लैङ्गिक सहभागिता**



## २५) महानगरका विविध उल्लेखनीय कार्यक्रमहरू

महानगरको पाँचबर्से कार्यकालमा यसका नियमित कार्यक्रमहरू सफल रूपमा सञ्चालन भएका छन्। विकास निर्माणसँग सम्बन्धीत भौतिक पूर्वाधारका कार्यक्रमहरू पनि उच्च प्राथमिकताका साथ सञ्चालित छन्। यसबाहेक महानगरले विभिन्न क्षेत्रलाई समेटेर थप उल्लेख्य कार्यक्रम सञ्चालन गरेको छ। महानगरको विशिष्ट पहिचानका लागि ती कार्यक्रमहरू विशेष महत्त्वका रहेका छन्। तिनमध्ये मुख्य कार्यक्रमको विवरण यसप्रकार रहेको छः

### (क) अम्ब्रेला स्ट्रिट (Umbrella Street)

अम्ब्रेला स्ट्रिट, पूर्व–पश्चिम राजमार्ग चौबीसकोठीबाट करिब १९ कि.मि. दक्षिण-पश्चिममा भरतपुर महानगरपालिका वडा नं.२२ पटिहानी घट्गाई राप्ती नदीकिनारमा अवस्थित छ। यसको पारिपट्टि मनोरम राष्ट्रिय निकुञ्ज रहेको छ। यो कार्यक्रम वार्षिक नगर विकास योजना २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ अन्तर्गत नेपाल सरकार पर्यटन मन्त्रालय, भरतपुर महानगरपालिका र स्थानीय लाभग्राही समूह समितिको संयुक्त लगानीमा उपभोक्ता समितिमार्फत सम्पन्न भएको हो। यो योजना कुल लागत रु. १८९०००००/– मा सम्पन्न भएको हो । यसको मुख्य उद्देश्य महानगरको पर्यटन व्यवसायलाई विकास र विस्तार गर्ने रहेको छ । यो कार्यक्रम नेपालकै एउटा नमुना कार्यक्रम हो । यसबाट सो क्षेत्रमा बसोबास गर्ने जनसमुदायलाई प्रत्यक्ष्य वा परोक्ष रूपमा आर्थिक लाभ भएको छ । यसका साथै स्थानीय थारू, बोटे आदि समुदायको सांस्कृतिक पहिचानमा वृद्धि, अन्तरसांस्कृतिक घुलन र व्यवसाय प्रवर्धन भई सो समुदायका व्यक्तिहरूको आर्थिक रूपमा स्तरोन्नति भएको छ ।

### (ख) सुत्केरीका लागि विशेष सुविधा

भरतपुर महानगरपालिकाभित्र रहेका गर्भवती महिलाको सुरक्षित प्रसूतिका लागि स्वास्थ्य संस्थासम्म जान-आउनका लागि एम्बुलेन्स/यातायात खर्च प्रदान गरी संस्थागत सुत्केरी गराउने उद्देश्यका साथ यो कार्यक्रम लागु गरिएको छ। जसअनुसार सुत्केरी हुने महिलालाई निजको बसोबास रहेको सम्बन्धीत वडा कार्यालयमार्फत सोधभर्ना रकम उपलब्ध गराउने व्यवस्था मिलाईएको छ। भौगोलिक आधारमा वडाअनुसार रु. १०००, १५०० र २००० सम्म उपलब्ध गराइएको छ। यस कार्यक्रम कार्यान्वयन पश्चात् निम्न आय भएका नागरिकहरूले पनि संस्थागत सुत्केरी गर्ने गरेको साथै सरकारी स्वास्थ्य संस्थामा सुत्केरी गराउने दर बढ्दो क्रममा रहेको छ । यसबाट सुत्केरी र नवजात शिशु दुवैको स्वास्थ्य सुरक्षामा सहयोग पुगेको छ ।

### (ग) आधारभूत स्वास्थ्यकेन्द्रको स्थापना

भरतपुर महानगरपालिका अन्तर्गत स्वास्थ्य संस्था नभएका वडाहरूमा राष्ट्रिय स्वास्थ्य नीतिमा राखिएको उद्देश्यअनुसार एक वार्ड एक स्वास्थ्य संस्था स्थापना र सञ्चालन गरी सबै नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्यका साथ सबै वडामा स्वास्थ्य संस्था स्थापना भएको छ। भरतपुर महानगरपालिकाअन्तर्गत एक वार्ड एक स्वास्थ्य संस्था स्थापना गर्ने उद्देश्यका साथ एक जना अ.हे.व., एक जना अ.नं.मी. र एक जना कार्यालय सहयोगी गरी तीन जना कर्मचारीबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न चाहिने भौतिक, आर्थिक र प्राविधिक सहयोग महानगरपालिकाले गर्ने गरी उपलब्ध गराएको छ। कार्यक्रमका लागि चाहिने रकम सङ्घीय सरकारबाट प्राप्त गरी प्रयोग गरिएको छ भने नपुग रकम स्थानीय तहबाट नै व्यवस्था गरी संस्था स्थापना तथा सञ्चालन गरिएको छ । यस सेवाबाट भरतपुर महानगरपालिका अन्तर्गत स्वास्थ्य संस्था नभएका वार्डहरू क्रमशः३, ५, ७, ९, ११, १२, १३, १५, २०, २३, २४ र २८ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरी सेवा प्रदान गरिएको छ ।

### (घ) नारायणी सी बीच मोडेल

भरतपुर महानगरपालिका वडा नं. १ मा नारायणी नदीकिनारको मनोरम दृश्यावलोकन हुने गरी विभिन्न किसिमका भौतिक निर्माण कार्य सम्पन्न गरिएका छन् । नेपाल सरकार पर्यटन मन्त्रालयको रु. ६ करोड र भरतपुर महानगरपालिकाको रु. १ करोड गरी सात करोडको लागतमा यो योजना सम्पन्न गर्ने कार्यक्रम रहेको छ । यो योजना सम्पन्न भएपछि सबै उमेरसमूहका

व्यक्तिले मनोरञ्जन प्राप्त गर्नेछन्। यस योजना अनुसार Beach Concept मा पार्क निर्माण भई पर्यटन प्रवर्धन हुनेछ र यसबाट नगरवासीको आर्थिक क्रियाकलाप बढ्नेछ साथै महानगरको राजश्व बृद्धि हुनेछ ।

### (ङ) नि:शुल्क ओपिडी सेवा

भरतपुर अस्पतालमार्फत महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएकाहरूका लागि निःशुल्क ओपिडी टिकट अनुदान दिइएको छ । भरतपुर अस्पतालमा स्वास्थ्य सेवा लिन जाने महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका सेवाग्राहीहरूलाई ओपिडी टिकट शुल्कमा शतप्रतिशत सहुलियत प्रदान गरिएको छ । सोका लागि भरतपुर अस्पताललाई अनुदान रकम प्रदान गरिएको छ । यस अनुदानमा प्रति वर्ष औसतमा ६० लाख रुपैँया खर्च हुने गरेको छ । यस सेवाबाट भरतपुर अस्पतालमा सेवा लिने महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको उपचार सेवामा पहुँच वृद्धि भएको छ र उनीहरूलाई धेरै राहत भएको छ ।

### (च) स्कुल कलर कोड

यस महानगरले सामुदायिक विद्यालयहरूको भौतिक पक्षमा सुधार ल्याई बालमैत्री वातावरण निर्माण गर्ने उद्देश्यले भरतपुर महानगरपालिकाभित्रका सबै सामुदायिक विद्यालय भवनको बाहिरी रङमा एकरूपता ल्याई सुन्दरता कायम गर्न महानगरस्थित सम्पूर्ण सामुदायिक विद्यालयहरूलाई ३ वर्षभित्र नेपाल सरकारले तोकेबमोजिमको कलरकोडअनुसार विद्यालय रङरोगन गर्नका लागि बजेट विनियोजन गरी कार्यक्रम अगाडि बढाएको छ । यस योजनाअनुसार गत आ. व. मा २१ वटा विद्यालयमा र यस वर्ष ४३ वटा सामुदायिक विद्यालहरूमा नेपाल सरकारले तोकेको स्कुल कलर कोडअनुसार रङरोगन गर्ने कार्य सम्पन्न भएको छ । जस्ताको छाना भएका सबै कक्षाकोठामा जिप्सनको फल्स सिलिङको व्यवस्था गरी बालमैत्री कक्षाकोठा निर्माण गर्ने उद्देश्यअनुसार सो कार्य पनि भइरहेको छ । हालसम्म १४० वटा कक्षाकोठामा जिप्सन राख्ने कार्य सम्पन्न भएको छ । यी दुई कार्यक्रममध्ये रङरोगनका लागि ७० लाख र जिप्सनको फल्स सिलिङका लागि ५२ लाख बजेट विनियोजन गरिएको छ । यस कार्यक्रमबाट विद्यालयको भौतिक वातावरण सुन्दर र आकर्षक भएको छ भने सामुदायिक विद्यालयको बाहिरी रङमा एकरूपता आई पहिचान खुलेको छ । जिप्सनको फल्स सिलिङको व्यवस्थाले बालमैत्री कक्षाकोठा निर्माण भई गर्मी मौसममा बालबालिकाहरू बिरामी हुने समस्यामा कमी आउनाका साथै विद्यालयमा उपस्थिति बढेको छ ।

### (छ) अटिजम विशेष विद्यालय स्थापना

अटिजम तथा डाउन सिन्ड्रोम भएका बालबालिकाका लागि विशेष विद्यालय नभएको हुँदा भरतपुर महानगरपालिकाले शैक्षिक सत्र २०७८ मा "भरतपुर बालमन्दिर अटिजम विशेष विद्यालय" स्थापना गरेको छ। प्रस्तुत विद्यालय सञ्चालनका लागि महानगरबाट निम्नलिखित क्षेत्रमा स्रोत व्यवस्थापन गरिएको छः

१. महानगरले शिक्षक, आया, स्वयंसेवक शिक्षक र विद्यालयसहयोगीको व्यवस्था गर्ने,
२. पूर्वाधार-रंगरोगन, फर्निचर, शौचालय, भान्सा व्यवस्थापन, बसाइ व्यवस्थापन, अटिजममैत्री छात्रछात्राको छुट्टै शौचालय निर्माण गर्ने,
३. दिवा खाजा, सिकाइ सामग्री, खेल सामग्री, अनुगमन र सहजीकरण गर्ने ।

यस कार्यक्रमका लागि वार्षिक करिब ३५ लाख लाग्ने अनुमान गरिएको छ । यस कार्यक्रमबाट अटिजम तथा डाउन सिन्ड्रोम भएका बालबालिकाहरूको उचित हेरचाह तथा सिकाइ सहजीकरणमा सहयोग पुग्ने र हाल भरतपुर महानगरपालिकाभित्रका अटिजम भएका करिब ३० जना बालबालिका लाभान्वित हुने अपेक्षा गरिएको छ साथै यसबाट अटिजम तथा डाउन सिन्ड्रोम भएका बालबालिकाका अभिभावकहरूलाई आर्थिक तथा मनोवैज्ञानिक रूपमा सकारात्मक प्रभाव परेको र सरोकारवालाले सरकारले जिम्मेवारी लिएको अनुभूति गरेको छ ।

### (ज) छात्रवृत्ति व्यवस्थापन

भरतपुर महानगरले शिक्षा क्षेत्रको विकास र विद्यार्थीको पहुँचमा शिक्षा पुऱ्याउने उद्देश्यले छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको छ । यसअनुरूप संस्थागत विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति व्यवस्थापन गरिएको छ । यसको कार्यान्वयनका लागि सञ्चारका माध्यमहरूबाट सूचना प्रकाशन तथा प्रशारण गरी

विद्यार्थीहरूबाट अनलाईन दरखास्त आह्वान गरेर GP र GPA का आधारमा विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७५ बमोजिम संस्थागत विद्यालयहरूले प्रदान गर्नपर्ने १० प्रतिशत छात्रवृत्ति मध्ये महानगरले ५ प्रतिशत विद्यार्थी छनोट गरी छात्रवृत्तिका लागि विद्यालय तथा विद्यार्थीहरूलाई सिफारिस पत्रसहित सम्बन्धीत विद्यालयमा पठाइएको छ । यस कार्यक्रमबाट कक्षा ११ अध्ययन गर्ने सञ्चालन समूहका २३९ विद्यार्थीहरूले निष्पक्ष तरिकाले छात्रवृत्ति प्राप्त गरी कक्षा ११ र १२ निःशुल्क रूपमा अध्ययनको अवसर प्राप्त गरेका छन्, जसमा छात्रा १२० जना, छात्र ११९ जना, जेहेन्दार १०८ जना, विपन्न ८५ जना, जनजाति २४ जना, दलित १२ जना, अपाङ्गता भएका २ जना, जनआन्दोलन र मधेस आन्दोलनका घाइतेका सन्तति ७ जना र सहिद परिवारका १ जना रहेका छन् । GPA का आधारमा Merit Basis मा पारदर्शी ढङ्गबाट छात्रवृत्ति वितरण गर्दा अभिभावक तथा विद्यार्थीहरूमा सकारात्मक प्रभाव परेको छ र सञ्चालन समूहका विद्यार्थीको शिक्षामा पहुँच वृद्धि भएको छ । यस कार्यको निरन्तरताबाट लक्षित समूहका हजारौँ विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्नेछन्। यसै गरी नेपालको संविधानले गरेको व्यवस्था अनुरुप निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको प्रत्यभूतिका लागि भरतपुर महानगरले अतिसिमान्तकृत र लोपोन्मुख समुदायका विद्यार्थीलाई वार्षिक तीन हजार रूपैया महानगर छात्रवृत्ति स्वरूप प्रदान गरेको छ।

### (झ) युवा स्वयंसेवक शिक्षक

शिक्षक दरबन्दी न्यून भएका र शिक्षक लामो समय बिदामा बसेको अवस्थामा शिक्षक अभावमा सिकाइ प्रभावित हुन नदिन सामुदायिक विद्यालयलाई युवा स्वयंसेवक शिक्षक नियुक्तिका लागि महानगरको आन्तरिक स्रोतबाट शिक्षण सहयोग अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईएको छ । यसका लागि यस शैक्षिक सत्रमा ३० अनुदान कोटा सिर्जना गरिएको छ । विद्यालयले अनुदान कोटामा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक मात्र युवा स्वयंसेवक शिक्षक नियुक्त गर्नुपर्ने प्रावधान राखिएको छ । युवा स्वयंसेवक शिक्षकको विज्ञापन पत्रपत्रिकामा सार्वजनिक गर्नुपर्ने र यस्ता शिक्षकका लागि तालिम र अध्यापन अनुमतिपत्र आवश्यक नपर्ने प्रावधान राखिएको छ । यस कार्यक्रमका लागि आ.व. २०७८/०७९ मा ६५ लाख रकम विनियोजन गरिएको छ । यस कार्यक्रमबाट न्यून दरबन्दी भएका सामुदायिक विद्यालयमा शिक्षक उपलब्ध हुने, युवा स्वयंसेवक शिक्षकले अङ्ग्रेजी, गणित र विज्ञान विषयको शिक्षणमा योगदान दिन सक्ने र अङ्ग्रेजी, गणित एवं विज्ञान विषयको सिकाइ उपलब्धिमा सुधार हुने अपेक्षा राखिएको छ ।

### (ञ) भरतपुर मेट्रो प्लाजा (Bharatpur Metroplaza)

सार्वजनिक, नीजि र साझेदारी अवधारणाअनुसार भरतपुर मेट्रो प्लाजा निर्माणको काम आर्या विल्डर्ससँग सम्झौता भई अगाडि बढेको छ । यसको लागत २ अर्ब ३६ करोड रहेको छ । यस कार्यक्रमबाट निजी क्षेत्रलाई प्रोत्साहन गर्दै “विकासमा निजी क्षेत्र सँगसँगै” भन्ने कार्यको उदाहरणीय नमुना प्रस्तुत भएको छ ।

### (ट) भरतपुर महानगर प्रज्ञा-पतिष्ठान गठन

यस महानगरले भौतिक विकासनिर्माणका साथै प्राज्ञिक क्षेत्रमा पनि काम गरेको छ । यस क्रममा महानगरभित्रका भाषा, साहित्य, कला, संस्कृति आदि विषय क्षेत्रसँग सम्बन्धीत विविध पक्षमा खोज अनुसन्धान गरी सबै विवरण समेटेर **महानगर साहित्य-दर्पण–२०७८** प्रकाशन गरेको छ भने भाषासाहित्यको अध्ययन, संरक्षण र संबर्धनका लागि आवश्यक कानुन बनाई **भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान** गठन भएको छ ।

### (ठ) मानवीय सेवा

मानवसेवा नै सेवाको सर्वोपरि रूप हो । आपतमा परेका, सामाजिक रूपमा अन्यायमा परेका तथा हिंसामा परेका व्यक्तिहरूलाई व्यक्तिगत वा संस्थागत तहमा सहयोग गर्न समन्वयकारी एवं सेवास्वरूप सहयोग गर्नु महानगरको प्रमुख कर्तव्य

हो। यस कुरालाई ध्यानमा राखेर महानगरले विद्यालय शिक्षामा अध्ययनरत बालबालिकाहरूलाई वर्तमान समयमा देखिएका सामाजिक अपराधका घटनालाई नियन्त्रण गर्न र आत्मरक्षासम्बन्धी क्षमता विकास गर्न विभिन्न समयमा कार्यक्रमहरू सञ्चालन गरेको छ ।सोहीअनुरूप महानगरका सबै वडामा सामाजिक विकृति एवम् विसङ्गति तथा लागू पदार्थ दुर्व्यसन नियन्त्रण र मानवता प्रवर्धनका लागि वडाकार्यालय, जिल्ला प्रहरी कार्यालय र मानवता प्रवर्धनमा सक्रिय संस्थाहरूबीच महानगरले समन्वयकारी एवं अभिभावकीय भूमिका निर्वाह गर्दै आइरहेको छ। मानव सेवा आश्रम चितवनसँगको सहकार्यमा २०७६ मा भरतपुर महानगरपालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त महानगर घोषणा गरी कार्यान्वयनमा ल्याइनुलाई यसको एउटा उदाहरणका रूपमा लिन सकिन्छ।

## २६) महानगरका गौरवका आयोजनाहरू

यस महानगरले आफ्नो बृहत्तर विकास र समृद्धिका लागि केही नयाँ किसिमका कार्यक्रम अघि ल्याएको छ र तिनलाई महानगरकै गौरवका आयोजनाका रूपमा लिएको छ। यी आयोजनाहरू छोटो समयमा र थोरै बजेटमा सम्पन्न गर्न असम्भव हुने भएकाले यिनीहरूलाई मुख्य प्राथमिकता दिई गौरवका आयोजनामा राखिएको छ। यी सबैजसो आयोजनाहरू चालु प्रक्रियामा रहेका छन्। यी आयोजनाहरू सम्पन्न हुँदा चितवन र भरतपुरवासीहरू प्रत्यक्ष नै लाभान्वित हुनेछन्। यसका अतिरिक्त महानगरलाई देशको पहिचानसँग जोड्न सकिनेछ। गौरवका आयोजनाहरूको विवरण यस प्रकार रहेको छ:

### महानगरीय गौरवका आयोजनाहरूको प्रगति विवरण

| सि.नं. | गौरवका आयोजनाहरू | बजेट | प्रगति विवरण |
|---|---|---|---|
| १. | गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण | | ➢ हाल निर्माण कार्य रोकिएको छ।<br>➢ Financial and technical Audit क्रमश चार्टर्ड एकाउन्टेड र सघन शहरी तथा भवन निर्माण आयोजना चितवनबाट प्राप्त भई युवा तथा खेलकुद मन्त्रालयमा उक्त प्रतिवेदन पेश गरिएको छ।<br>➢ नेपाल सरकारको निर्णय भएपश्चात रङ्गशालाको निर्माण कार्य अगाडि बढ्ने छ। |
| २. | भरतपुर मेट्रो प्लाजा निर्माण | | ➢ PPP मोडलमा निर्माण हुने सम्झौता भई वित्तीय स्रोतको व्यवस्थापनमा निर्माणगर्ने संस्था जुटिरहेको अवस्था छ। |
| ३. | महानगरीय नमुना सडक पूर्वाधार विस्तार | | ➢ पुल्चोकदेखि गोन्द्राङ्गसम्म हरियाली सहितको ६ लेनको सडक फुटपाथ र सर्भिस ट्र्याक निर्माणको लागि रु १ अर्ब ९८ करोड ७३ लाखको लागतमा कार्य प्रारम्भ भएको छ।<br>➢ बाइपासमा ४ लेन सडक विस्तार एवं सतह ढल निर्माणको कार्य अघि बढिरहेको छ।<br>➢ हुलाकी सडकको १९ कि. मि. विस्तार एवं स्तरोन्नति भएको छ। |
| ४. | औद्योगिक ग्राम निर्माण | रु १ करोड | ➢ महानगरपालिका वडा नं. २१ र वडा नं. २० मा लघु औद्योगिकग्राम निर्माणको कार्य अगाडि बढेको छ।<br>➢ वडा नं. २१ मा ९२ लाख बजेटको कम्पाउण्ड वालको निर्माण कार्य हुँदैछ। |
| ५. | स्मार्ट स्ट्रिट लाईट | करिव १ करोड | ➢ ७८ कि.मि. सडकमा स्मार्ट स्ट्रिट लाईट जडानको काम सुरु भएको छ।<br>➢ महानगरपालिका र नेपाल विद्युत प्राधिकरणको साझेदारीमा निर्माण कार्य अघि बढेको |

| सि.नं. | गौरवका आयोजनाहरू | बजेट | प्रगति विवरण |
|---|---|---|---|
| ६. | महानगरीय सिटी हल निर्माण | रु. १ अर्व ८५ करोड | ➢ निर्माण कार्य द्रुत गतिमा अघि बढेरहेको छ। |
| ७. | भूमिगत विद्युत लाईन विस्तार | | ➢ नेपाल विद्युत प्राधिकरणबाट १९ कि.मि मा भूमिगत विद्युत लाईन विस्तारको कार्य प्रारम्भ |
| ८. | चौबिसकोठी-चनौली-मेघौली सहायक राजमार्ग | | ➢ सहायक राजमार्ग खण्डको ८ कि.मि. सडक (भरतपुर-मेघौली-गोलाघाट) निर्माणाधीन अवस्थामा रहेको छ। |
| ९. | विद्युतीय शवदाह गृह निर्माण | रु.९करोड ९० लाख | ➢ निर्माणाधीन रहेको छ। |
| १०. | महानगरीय रिङ्गरोड र लिङ्करोड | रु. ८ अर्व २० करोड | ➢ संघीय सरकारको सहयोग तथा महानगरपालिकाको पहलमा नेपालकै सबभन्दा लामो ८८.६ कि.मि. रिङ्गरोडको प्रारम्भिक वातावरणीय परीक्षणसहित विस्तृत परियोजना प्रतिवेदन तयार भई सघन शहरी तथा भवन निर्माण आयोजनाबाट १० कि.मि. र महानगरबाट १० कि.मी गरी जम्मा ४०. ५५ कि.मी रिङ्गरोड निर्माणाधीन अवस्थामा रहेको र बाँकी ४८.०६५ कि.मि. निर्माणको काम अगाडि बढिरहेको छ।<br>➢ ५२ कि. मि लिंक रोडको काम निर्माणाधीन अवस्थामा |
| १०. | महानगरीय साइकल रोड निर्माण | | ➢ हाकिम चोकबाट धारेचोकसम्मको सडक निर्माणाधीन अवस्थामा छ।<br>➢ गौरिगञ्ज हेल्थ पोष्टबाट पश्चिम प्रेमबस्ति चोकसम्म सडक निर्माणाधीन अवस्थामा छ।<br>➢ बुद्धचोकबाट कटहर चोकसम्म सडक निर्माणाधीन अवस्थामा छ। |



| सि.नं. | गौरवका आयोजनाहरू | बजेट | प्रगति विवरण |
|---|---|---|---|
| ११. | शैक्षिक गुणस्तर विकास कार्यक्रम | | ➢ शिक्षा क्षेत्रमा विगत ४ वर्षको अवधिमा भरतपुर महानगरपालिकाले अनुकरणीय अभ्यासको थालनी गरेको छ ।<br>➢ यस अवधिमा करीब ६ हजार विद्यार्थीहरू सामुदायिक विद्यालयमा बढेका छन्<br>➢ आधारभूत तहका विद्यार्थीको सिकाइ उपलब्धि २०७५ मा ५६.४७% बाट बृद्धि भई शैक्षिक सत्र २०७७ मा ५.५३% ले वृद्धि भई ६२% पुगेको छ ।<br>➢ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा उल्लेख्य प्रगति भएको छ।<br>➢ कुल साक्षरता दर ९८.५% रहेको छ । नमुना विद्यालयहरू स्थापना भएका छन्।<br>➢ 'हाम्रो गौरव हाम्रो भरतपुर" विषयको स्थानीय पाठयक्रम निर्माण गरी लागु गरिएको छ।<br>➢ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रत्येक वडामा एक नमुना विद्यालय विकासको कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।<br>➢ संस्थागत विद्यालयहरूको साझेदारीमा २३९ जना विद्यार्थीहरूलाई मेरिट बेसिसमा पूर्ण छात्रवृत्ति प्रदान गरी नेपालकै उदाहरणीय कार्य थालनी गरिएको छ ।<br>➢ सामुदायिक विद्यालयको शैक्षिक स्तरोन्नति भएपछि हालसमुदायिक विद्यालयका अध्ययनरत विद्यार्थी संख्या करिव ३६००० बाट वृद्धिभई ४२००० पुगेको छ।<br>➢ शिक्षामा नवप्रवर्तन भित्र्याउन स्टेम एजुकेशन (STEM Education) कार्यक्रमको थालनी गरिएको छ।<br>➢ समग्र शिक्षाको विकासको लागि महानगरपालिकाको आन्तरिक आयको करिब १५% बजेट शिक्षामा लागानी गरिएको छ। |
| १२. | सयोगापेक्षी सडक मानव मुक्त महानगरपालिका | | ➢ २०७६ कार्तिक ९ गते मानव सेवा आश्रमसँगको सहकार्य तथा सामाजिक संघ संस्थाहरूसँगको समन्वयमा भरतपुर महानगरलाई पहिलो सहयोगापेक्षी सडक मानवमुक्त महानगर घोषणा गरी कार्यान्वयन भएको। |
| १३. | कृषि विकासका लागि यान्त्रिकरण कार्यक्रम (सामुहिक खेती प्रणाली समेत) | | ➢ कृषि सहकारीहरूलाई ६ वटा ट्याक्टर, ४ वटा बीउ प्रशोधन मेसिन, १ वटा धान रोप्ने मेसिन र १ वटा कम्वाइन हारवेस्टर वितरणबाट कृषिको आधुनिकीकरणमा टेवा पुगेको छ।<br>➢ विगत ४ वर्षको अवधिमा ३५० वटा साना सिंचाइ र २१ वटा मझौला सिंचाई सम्पन्न गरी ४५५ विघा क्षेत्रफलमा बाह्रै महिना सिंचाईको सुनिश्चितता गरिएको छ। |
| १४. | अटोल्याण्ड निर्माण | | ➢ २० विघा क्षेत्रफलमा DPR सम्पन्न<br>➢ जम्मा लागत १ अर्ब ३५ करोड |

| सि.नं. | गौरवका आयोजनाहरू | बजेट | प्रगति विवरण |
|---|---|---|---|
| १५. | ल्याण्ड फिल्ड साईट निर्माण | रु. १ अर्व २५ करोड | ➢ फोहोर मैलाको दिगो व्यवस्थापनका लागि कोरियन सरकारको सहयोगमा DPR बनेको छ। <br> ➢ ल्याण्ड फिल्ड साईट निर्माणका लागी MOU गर्ने तयारीमा रहेको छ। (अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालय र कोरियन सरकार विचमा।) |
| १६. | नारायणी नदि SEA BEACH MODEL | रु. २९ करोड | ➢ महानगरपालिकाले रु ९७ लाखको लगानीमा १ किलोमिटर वाकिङ्ग ट्रेल निर्माण कार्य सम्पन्न गरेको छ। <br> ➢ अन्य कामको लागि पर्यटन विभागबाट ६.५ करोड बराबरको रकमको टेन्डर भई कार्य अघि बढेको छ। <br> ➢ Mosaic Tile Walking Track बनाईएको छ। |

## २७) निष्कर्ष

मुलुक संघीय संरचनामा प्रवेश गरेपश्चातको पहिलो पाँच वर्ष भरतपुर महानगरपालिकाको लागि विकासका आधरभूत जग निर्माण गर्ने दिशामा उल्लेखनीय रह्यो ।तमाम प्रतिकूलताका वावजुद पनि भरतपुर महानगरपालिकाले सबै महानगरको दाँजोमा उत्कृष्टता प्रदर्शन गरेको छ । संघीय शासन नेपालको सन्दर्भमा बिलकुल नौलो भएकोले गर्दै सिक्दै जाँदा पनि महानगरका नगर प्रमुख रेनु दाहालको नेतृत्वमा अनुकरणीय कार्यहरू सम्पन्न भएका छन्। यो समग्र महानगरवासीमात्रको नभएर देशकै लागि ठूलो सम्पत्ति हो। मुख्य गरी यदि स्थानीय सरकारको राजनैतिक नेतृत्व रुपान्तरणकारी र जनप्रेमी हुने हो भने संघीय शासन उत्कृष्ट शासन हो नेपालको लागि भन्ने प्रमाण भरतपुर महानगरले प्रस्तुत गरिसकेको छ ।

वास्तवमा स्थानीय सरकारहरूको पाँच वर्ष निकै चूनौतिपूर्ण रह्यो। स्थानीय सरकारको बलियो कानुनी र प्रशासनिक संरचना निर्माण गरेर मात्र राजनीतिक संरचनाको निर्माण गरिनुपर्नेमा राजनीतिक संरचना पहिले र त्यसको करीब दुई वर्षपछि मात्र प्रशासनिक संघीयताको कार्यान्वयन गरिएकोले स्थानीय सरकारहरू संस्थागत हुन निकै सकस परिरहेको छ । एकातर्फ संघीय सरकारले समयमै निर्माण गर्नुपर्ने संघीय नीति र कानुनहरू समयमै निर्माण गर्न सकेनन् भने अर्को तर्फ नमुना कानुनहरूका आधारमा निर्माण भएका स्थानीय कानुनहरू पनि रुपान्तरणकारी हुन सकेनन्। संघीय शासन हाम्रो लागि नयाँ राजनीतिक अभ्यास भएको र स्थानीय रुपमा राजनीतिक संरचना खाली भएको करीब दुई दशकपश्चात् गठन स्थानीय सरकार भएकाले क्रमशः विकासको गतिमा स्थानीय सरकारहरू अग्रसर रहेका छन्। पाँच वर्षको अवधिमा करीब दुई वर्ष त कोभिड संकट व्यवस्थापनमा नै खर्च गर्नुपरेको अवस्था थियो। यस प्रकारका चुनौतिहरूका बाबजूद पनि भरतपुर महानगरपालिकाले विगत ५ वर्षको अवधिमा उल्लेखनीय प्रगति हासिल गरेको छ ।

स्थानीय तहको सबलता र सक्षमताले राष्ट्रको सक्षमतालाई प्रतिनिधित्व गर्छ। यही मान्यताअनुसार भरतपुर महानगरले नगरको विकासका हरेक पक्ष र क्षेत्रलाई सन्तुलित रुपमा उत्तिकै प्राथमिकताका साथ अगाडि बढाएको छ। स्थानीय तहको संस्थागत विकासका लागि स्थानीय सरकार वा निर्वाचित जनप्रतिनिधि, स्थानीय प्रशासन वा कर्मचारी प्रशासन र स्थानीय जनता गरी तीन पक्षको समन्वयात्मक भूमिका हुनु जरुरी छ । भरतपुर महानगरका हरेक कार्यक्रमहरूमा यी तीनै पक्षको समन्वयात्मक भूमिका बलियो रहेकाले हाल भएका पूर्वाधार निर्माणलगायतका सबै कार्यक्रमहरू सफल भएका छन्। जति जिम्मेवार जनप्रतिनिधिहरू रहेका छन्, त्यति नै जिम्मेवार सर्वसाधारण नगरिक भएका कारण हरेक विकासका गतिविधिमा धेरै भन्दा धेरै सर्वसाधरणहरू लाभान्वित भएका छन् ।

भरतपुर महानगरको पाँचवर्षे कार्यकालको प्रगतिको मूल्याङ्कन गर्दा, महानगर विकासनिर्माणका कार्यक्रमहरूलाई विशिष्टीकृत गरेर अगाडि बढेको देखिन्छ । पुराना कार्यक्रमहरूको निरन्तरताका साथमा नयाँ कार्यक्रमहरू थप्दै जानु महानगरको विशेषता हो । नयाँ कार्यक्रमको थालनी गर्दा स्थानीय समुदायसँग अन्तरक्रिया गर्नु र सम्बन्धीत विषयका विज्ञहरूबीचको छलफल र अन्तरक्रियाबाट अगाडि बढ्नु महानगरको सबल पक्ष रहेको छ । यस्ता कार्यक्रमहरू भरतपुरको विकास-बहसका रूपमा सञ्चालित छन् ।

विकासको पहिलो सङ्केतक भनेको भौतिक रूपमा स्पष्ट देखिने पूर्वाधार विकास हो । यसअन्तर्गत महानगरले नयाँ

सडक निर्माण, सडक कालोपत्रे, सडक ढलान, पुरानो पिच मर्मत, ग्राभेल सडक निर्माण, सरकारी संघसंस्थाहरूका भवन निर्माण, पूर्वाधार निर्माण, विद्यालय, तथा पुस्तकालय निर्माणजस्ता पक्षलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरेको छ। यस किसिमको विकासमा महानगर सफलसिद्ध भएको छ।

विकासको अर्को पक्ष भनेको सामाजिक एवं सांस्कृतिक विकास हो। बाटोघाटोबाहेक समाजका अन्य पक्षहरू सामाजिक तथा स्वास्थ्य सुरक्षाजस्ता क्षेत्रमा महानगरले आफ्नो सेवालाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याएको छ। सामाजिक सुरक्षामा लाभान्वित हुनेको सङ्ख्या बढ्दो अवस्थामा छ भने यो थप व्यवस्थित बनेको छ। स्वास्थ्य क्षेत्रमा महानगरले सर्वसाधारणको पहुँचमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले 'एक वडा एक स्वास्थ्य संस्था' भन्ने कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको छ। महानगरलाई देशकै स्वास्थ्य हब निर्माण गर्न र चितवनलाई मेडिकल सिटीका रूपमा विकास गर्न एवं कोभिडका कारण विश्व तथा नेपाल नै अस्तव्यस्त भएका बेला कोभिड व्यवस्थापन र कोभिड खोप व्यवस्थापनमा महानगर सफल रहेको छ। शिक्षाको पहुँचबाट सर्वसाधारण वञ्चित हुन नपरोस् भन्ने हेतुले विद्यार्थी सञ्चालन 'मेयर र न्यानो कपडा कार्यक्रमलाई सञ्चालनमा ल्याएको छ। विद्यालय र पुस्तकालयलाई भौतिक रूपमा सम्पन्न गराउन अनुदान उपलब्ध गराउने कार्यलाई महत्त्वका साथ अगाडि बढाइएको छ। यसको परिणामस्वरूप सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढ्दो अवस्थामा छ।

पर्यटन विस्तार महानगरको अर्को प्राथमिकता हो। महानगरले महानगर र चितवन जिल्लालाई नै आन्तरिक र बाह्य पर्यटनको आकर्षक क्षेत्रका रूपमा विकास गर्न धार्मिक, सांस्कृतिक एवं पर्यावरणीय किसिमले महत्त्वपूर्ण स्थानहरूको विकास विस्तार गरेको छ। पटिहानीको "अम्रेला स्ट्रिट" यसको एउटा विशिष्ट उदाहरण हो।

प्रशासन र सामाजिक सेवामा पारदर्शिता र शून्य भ्रष्टाचार स्थापित गर्ने प्रयास महानगरको अर्को विशेषता हो। यसका लागि सर्वसाधारणका सेवालाई महानगर र वडा कार्यालयहरूबाट डिजिटल प्रविधिमा प्रविष्ट गर्ने कार्यको थालनी गरिएको छ। सकेसम्म सर्वसाधारणका कामहरूलाई वडाबाट नै सेवा प्रवाह गर्ने कार्यको थालनी गरिएको छ।

सहकारी विकासलाई महत्वका साथ हेरी महानगरले यस अवधिमा सहकारी प्रवर्धन र विकासमा विविध अन्तरक्रिया एवं तालिम कार्यक्रमहरू सञ्चालन गरेको छ भने लघु उद्यम कार्यक्रमलाई थप प्रभावकारी बनाएर स्वरोजगारको अवसर सिर्जना गरेको छ।साथमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ।यसैगरी कृषि र पशुपंक्षी व्यवसायमा चितवनलाई आत्मनिर्भर बनाउने कार्यक्रमअन्तर्गत कृषि र पशुपंक्षी व्यवसाय प्रवर्धनमा उत्पादन र सहयोगलाई बढावा दिइएको छ।

सामाजिक समस्या निराकरणमा महानगर सधैँ सहयोगी साबित भएको छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, गरिब तथा असहाय, अपाङ्ग र आदिवासीहरूका हकहित र अधिकारलाई मध्यनजर गर्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ भने लैङ्गिक एवं अन्य किसिमले हिंसा र अन्यायमा परेका व्यक्तिहरूको सहयोग गर्न र हिंसा न्यूनीकरणका लागि यथेष्ठ कार्यक्रमहरू सञ्चालन गरेको छ।

महानगर आँफैमा स्वायत्त सरकार भएकाले यहाँभित्र सञ्चालन हुने कैयन कार्यक्रमहरूको सञ्चालन, नियमन, र व्यवस्थापनका लागि कानुन निर्माण पहिलो आवश्यकता हो। यस कुरालाई मध्यनजर गर्दै महानगरले हरेक क्षेत्रको आवश्यकताका आधारमा ऐन, नियम, निर्देशिका, र मापदण्डहरू निर्माण र प्रकाशन गरेको छ। यसरी निर्माण भएका धेरैजसो नियमहरू स्थानीय राजपत्रमा प्रकाशित भई स्थानीय कानुनका रूपमा स्थापित भएका छन्।

राष्ट्रिय पुनःसंरचनाको संघारमा निर्वाचित जनप्रतिनिधि र प्रशासनलाई स्थानीय तह सञ्चालनका धेरै चुनौतीहरू थिए। नीतिनिर्माण गर्नु, विकास अवधारणा बनाउनु र विकासलाई देखिनेगरी विस्तार गर्नु यस अवधिका चुनौतीहरू हुन्। हरेक चुनौतीलाई व्यवस्थापन गरी महानगरले उल्लेख्य कार्य गर्दै आइरहेको छ तथापि विकास र विस्तारमा केही समस्याहरू रहेका छन्।

महानगरले ल्याएका महत्वाकाङ्क्षी योजनाहरू महानगरको विकास र पहिचानका लागि महत्वपूर्ण छन् तर ती योजनाहरूको कार्यान्वयन ढिलाई हुँदा त्यसको लागत र प्रभावकारितामा असर गर्ने हुँदा ती योजनाहरूको कार्यान्वयन थप प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। महानगरका गौरवका आयोजनाहरू महानगरको बृहत्तर विकासका लागि आवश्यक अवधारणाहरू हुन्। यी आयोजनालाई पनि यथासमयमा पूर्णता दिन जरुरी देखिन्छ। अन्तर्राष्ट्रिय तहमा विस्तारित भगिनी सम्बन्ध एवं सदस्यतालाई थप प्रभावकारी बनाउन सके महानगरको आर्थिक एवं पर्यटकीय विकासमा वृद्धि हुने देखिन्छ।

## परिशिष्ट १
## शैक्षिक प्रगतिको विवरण तालिका
### पूर्वाधार निर्माण तर्फ

| क्र. सं. | आ.व. | विद्यालयको पूर्वाधार निर्माण | विद्यालयको सङ्ख्या | रकम | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७५/७६ | शौचालय | ४ वटा | २८ लाख | संघीय | |
| | | पुस्तकालय | ४ वटा | २६ लाख | | |
| | | कक्षाकोठा (२ कोठे) | ४ वटा | ३२ लाख | | |
| २ | २०७६/७७ | भौतिक संरचना | १० वटा | २ करोड २० लाख | प्रदेश | |
| ३ | २०७६/७७ | शौचालय | ३ वटा | २१ लाख | संघीय | |
| | | कक्षाकोठा | ६ वटा | १ करोड १२ लाख | | |
| ४ | २०७६/७७ | कक्षाकोठा (८ विद्यालय र १ सा.अ. के.) | ९ वटा | १६ करोड ४ लाख | स्थानीय | |
| | | रंगरोगन | २१ वटा | ४२ लाख | | |
| | | फर्निचर | १८ वटा | १८ लाख | | |
| | | विज्ञान ल्याब | ६ वटा | २४ लाख | | |
| | | कम्पाउण्डवाल | ५ वटा विद्यालय | ३४ लाख | | |
| | | मर्मत (७ विद्यालय,२ कलेज र १ सा.अ.के.) | १० वटा | ६ करोड ४ लाख ५० हजार | | |
| ५ | २०७६/७७ | नमुना विद्यालय (१ करोड ८७ लाख ५० हजारको दरले) | २ वटा विद्यालय | ३ करोड ७५ लाख | संघीय | |
| ६ | २०७७/७८ | कक्षाकोठा निर्माण | २३ वटा | ३ करोड ९६ लाख | संघीय (राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम) | |
| | | कम्प्यूटर ल्याव स्थापनार्थ | १ वटा | ६ लाख ५० हजार | | |
| | | पुस्तकालय तथा विज्ञान प्रयोगशाला | १ वटा | ६ लाख ५० हजार | | |
| | | शिक्षामा नवीन प्रविधि प्रवर्धन | १८ वटा | १ करोड १७ लाख | | |
| | | सिकाइ सामग्री/उपलब्धि वृद्धि | ३ वटा | १९ लाख ५० हजार | | |
| | | विशेष विद्यालय | २ वटा | २० लाख | | |
| | | भौतिक पूर्वाधार तथा शैक्षिक विकास | १ वटा | २५ लाख | | |

| क्र. सं. | आ.व. | विद्यालयको पूर्वाधार निर्माण | विद्यालयको सङ्ख्या | रकम | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| ७ | २०७७/७८ | रंगरोगन | ४२ वटा | ५८ लाख | स्थानीय | |
| | | कम्पाउण्ड वाल | १२ वटा | १७ लाख | | |
| | | भवन/कक्षाकोठा मर्मत | १४ वटा | २५ लाख | | |
| | | फर्निचर | ६ वटा | ६ लाख | | |
| | | फल सिलिङ | ३३ वटा | ४९ लाख | | |
| | | छानो मर्मत | १३ वटा | १ करोड २५ लाख | | |
| | | खानेपानी | १७ वटा | ६ लाख | | |
| | | ४ कोठे भवन | ८ वटा | ३ करोड ३३ लाख | | |
| | | शुद्ध पिउने पानी तथा शौचालय सरसफाइ ( प्रति विद्यालय १० हजारका दरले) | १२३ वटा | १२ लाख ३० हजार | | |
| ८ | २०७७/७८ | शौचालय | ७ वटा | ४९ लाख | संघीय | |
| | | पुस्तकालय | ४ वटा | २६ लाख | | |
| | | विज्ञान ल्याब | ३ वटा | १९ लाख ५० हजार | | |
| ९ | २०७८/७९ | विद्यालयका सहयोगी कर्मचारीलाई (मासिक ७०००|- का दरले १३ महिना) | १२३ जना | | | |
| १० | २०७८/७९ | विद्यालयका लेखा कर्मचारीलाई (मासिक ७०००|- का दरले १३ महिना) | ५१ जना | | | |
| ११ | २०७८/७९ | शिक्षण सहयोग अनुदान | ३० | ५० लाख | | |
| १२ | २०७८/७९ | STEM Education को थालनी | ३ | | | |
| १३ | २०७८/७९ | अटिजम विद्यालय स्थापना | १ | | | |
| १४ | २०७८/७९ | महानगर साहित्य तथा संस्कृति उत्थान सम्बन्धी कार्यक्रम | १ | ४ लाख | | |

## अन्य शैक्षिक कार्यक्रमहरु

| क्र.सं. | आ.व. | कार्यक्रमको विवरण | परिणाम | रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७५/७६ | सामुदायिक मा.वि.मा डिजिटल हाजिरी व्यवस्थापन | २० वटा | | स्थानीय | |
| २ | २०७६/७७ | बालबालिकासँग मेयर कार्यक्रम (न्यानो कपडा वितरण, १३ वटा विद्यालयमा ) | ४५० जना | ९० हजार ४ सय | स्थानीय | |
| ३ | | राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता (१ लाख संघीय बाँकी स्थानीय) | १ पटक | १४ लाख ९१ हजार १० | स्थानीय | |
| ४ | | आधारभूत शिक्षा परीक्षा (कक्षा-८) को व्यवस्थापन सफ्टवेयर मार्फत | १ पटक | | स्थानीय | |
| ५ | | महानगरीय इन्जिनियरिङ कलेज सञ्चालन तथा विद्यार्थी सहयोग अनुदान | १ वटा | ३० लाख | स्थानीय | |
| ६ | | ५५ वर्ष उमेर पूरा भई पदावधि रहदै अवकाश लिन चाहने सामुदायिक विद्यालयका शिक्षकलाई (गोल्डेन ह्यान्ड्स सेक) | १४ जना | | स्थानीय | |
| ७ | | नतिजाको आधारमा उत्कृष्ट विद्यालय शिक्षक र विद्यार्थीलाई पुरस्कार तथा सम्मान | ३ वटा | ४ लाख | स्थानीय | |
| ८ | | पुस्तकालयलाई पुस्तक हस्तान्तरण (कारागारभित्र-१ र अन्य -३) | ४ वटा | २ लाख | स्थानीय | |
| ९ | | बालबिकास केन्द्रका स.का. (मासिक २,०००।- का दरले १३ महिना) | २०० जना | ५२ लाख | स्थानीय | |
| १० | | विद्यालयका कर्मचारीलाई (मासिक १,०००।- का दरले १३ महिना) | १७३ जना | २२ लाख ४९ हजार | स्थानीय | |
| ११ | | सामुदायिक विद्यालयका प्र.अ.हरूलाई संघीय सरकारबाट उपलब्ध गराए सरहको शत प्रतिशत भत्ता थप | १२३ जना | | स्थानीय | |
| १२ | | स्वयम् सेवक शिक्षक व्यवस्थापन अनुदान (सुत्केरी विदा र सहयोगी आवश्यक पर्ने शिक्षकको हकमा माध्यमिक-१५,०००।– निम्न-माध्यमिक- १४,०००।- र प्राथमिक-१३,५००।– को दरले) | | | स्थानीय | |

| क्र.सं. | आ व. | कार्यक्रमको विवरण | परिणाम | रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | २०७७/७८ | बालबालिकासँग मेयर कार्यक्रम (न्यानो कपडा वितरण, ६ वटा विद्यालयमा ) | ५०० जना | | स्थानीय | |
| १४ | | राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता (१ लाख संघीय बाँकी स्थानीय) | १ पटक | | स्थानीय | |
| १५ | | नतिजाको आधारमा उत्कृष्ट विद्यालय शिक्षक र विद्यार्थीलाई पुरस्कार तथा सम्मान | ३ वटा | ४ लाख | स्थानीय | |
| १६ | | बालबिकास केन्द्रका स.का. (मासिक २०००।- का दरले १३ महिना) | २०० जना | ५२ लाख | स्थानीय | |
| १७ | | विद्यालयका कर्मचारीलाई (मासिक १०००।- का दरले १३ महिना) | १७३ जना | २२ लाख ४९ हजार | स्थानीय | |
| १८ | | एक वडा एक नमुना समुदायिक विद्यालय कार्यक्रम(२ लाखका दरले) | २८ वटा | ५६ लाख | स्थानीय | |
| १९ | | आधारभूत विद्यालयलाई इन्टरनेट विस्तार अनुदान(१० हजारका दरले) | ७२ वटा | ७ लाख २० हजार | स्थानीय | |
| २० | | सामुदायिक विद्यालयका प्र अ हरूलाई संघीय सरकारबाट उपलब्ध गराए सरहको शत प्रतिशत भत्ता थप - | १२३ जना | | स्थानीय | |
| २१ | | सामुदायिक विद्यालयमा बस सेवा | ५ वटा | ८० लाख | स्थानीय | |
| २२ | | बन्दाबन्दीको समयमा शिक्षकलाई ICT तालिम | | २६ हजार ५० | | |
| २३ | | सामुदायिक-सामुदायिक विद्यालय साझेदारी कार्यक्रम | २ | | | |
| २४ | | प्राविधिक धार सञ्चालन भएका विद्यालयका विद्यार्थीहरूका लागि **पढ्दै कमाउँदै कार्यक्रम** | १ | | | |
| २५ | | विद्यालयमा जाने अनुदान सफ्टवेयर मार्फत भुक्तानी | १ | २ लाख | | |
| २६ | | स्वयम् सेवक शिक्षक व्यवस्थापन अनुदान (सुत्केरी विदा र सहयोगी आवश्यक पर्ने शिक्षकको हकमा माध्यमिक-१५०००।-निम्न-माध्यमिक- १४०००।- र प्राथमिक-१३५००।- का दरले) | | | स्थानीय | |
| २७ | २०७८/७९ | बालबिकास केन्द्रका स.का. (मासिक ७०००।- का दरले १३ महिना) | २०० जना | | | |
| २८ | २०७८/७९ | विद्यालयका सहयोगी कर्मचारीलाई (मासिक ७०००।- का दरले १३ महिना) | १२३ जना | | | |
| २९ | २०७८/७९ | विद्यालयका लेखा कर्मचारीलाई (मासिक ७०००।- का दरले १३ महिना) | ५१ जना | | | |
| ३० | २०७८/७९ | शिक्षण सहयोग अनुदान | ३० | ५० लाख | | |
| ३१ | २०७८/७९ | STEM Education को थालनी | ३ | | | |
| ३२ | २०७८/७९ | अटिजम विद्यालय स्थापना | १ | | | |
| ३३ | २०७८/७९ | महानगर साहित्य तथा संस्कृति उत्थान सम्बन्धी कार्यक्रम | १ | ४ लाख | | |

## शिक्षा सम्बन्धी नीति नियमहरू

| सि.नं. | आ .ब. | कार्यक्रमकोविवरण | परिणाम | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७५/७६ | भरतपुर महानरपालिकाको शिक्षा ऐन, २०७५ | १ | स्थानीय | |
| २ | २०७५/७६ | विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७५ | १ | स्थानीय | |
| ३ | २०७६/७७ | शिक्षा नीति, २०७६ | १ | स्थानीय | |
| ४ | २०७६/७७ | शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि,२०७६ | १ | स्थानीय | |
| ५ | २०७६/७७ | पूर्व तयारी कक्षा एवम् भाषा शिक्षण सम्बन्धी निर्देशिका, | १ | स्थानीय | |
| ६ | २०७६/७७ | प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यस्थापन निर्देशिका, २०७६ | १ | स्थानीय | |
| ७ | २०७६/७७ | करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०७६ | १ | स्थानीय | |
| ८ | २०७६/७७ | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६ | १ | स्थानीय | |
| ९ | २०७८/७९ | वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघगठन सम्बन्धी कार्यविधि, २०७८ | १ | स्थानीय | |
| १० | २०७८/७९ | प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०७८ | १ | स्थानीय | |



# परिशिष्ट २

## महानगरपालिकाले पारित गरेका ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा आचारसंहिताहरू

### क) नगर सभाबाट पारित भएका ऐनहरु

| सि.नं. | ऐनको नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | भरतपुर महानगरपालिका शिक्षा ऐन,२०७५ | २०७५/५/४ | २०७५/५/४ |
| २ | भरतपुर महानगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७५ | २०७५/५/५ | २०७५/५/५ |
| ३ | भरतपुर महानगरपालिका सहकारी ऐन,२०७५ | २०७५/३/१२ | २०७५/५/४ |
| ४ | भरतपुर महानगरपालिका आर्थिक ऐन,२०७४ | २०७४/९/१८ | २०७४/९/१८ |
| ५ | भरतपुर महानगरपालिका विनियोजन ऐन,२०७४ | २०७४/९/१८ | २०७४/९/१८ |
| ६ | भरतपुर महानगरपालिका प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ | २०७५/४/१२ | २०७५/४/१२ |
| ७ | भरतपुर महानगरपालिकासार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ | २०७५/४/१२ | २०७५/४/१२ |
| ८ | भरतपुर महानगरपालिका नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न वनेको ऐन,२०७५ | २०७५/४/१२ | २०७५/१०/२ |
| ९ | भरतपुर महानगरपालिकाआर्थिक ऐन,२०७६ | २०७६/३/१६ | २०७६/४/१ |
| १० | भरतपुर महानगरपालिका राजश्व ऐन,२०७६ | २०७६/३/१६ | २०७६/४/१ |
| ११ | शिक्षा (प्रथम संशोधन) ऐन,२०७६ | २०७६/४/१ | २०७६/४/१ |
| १२ | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ मा भएको मौजुदा व्यवस्थापनलाई संशोधन सम्बन्धी विधेयक (ऐन) २०७६ | २०७६/९/२८ | २०७६/९/२८ |
| १३ | आर्थिक (पहिलो संशोधन) ऐन, २०७६ | २०७६/९/२८ | २०७६/९/२८ |
| १४ | भरतपुर महानगरपालिका सहकारी ऐन (पहिलो संशोधन) २०७६ | २०७६/९/१३ | २०७६/९/२८ |
| १५ | आर्थिक ऐन, २०७७ | २०७७/०३/१० | २०७७/०४/१ |
| १६ | भरतपुर महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७६ | २०७६/९/१३ | २०७६/९/१३ |
| १७ | भरतपुर महानगरपालिकासहकारी ऐन,२०७५ (दोस्रो संशोधन) | २०७७/९/२८ | २०७७/९/२८ |
| १८ | भरतपुर महानगरपालिका जनस्वास्थ्य ऐन,२०७७ | २०७७/९/२७ | २०७७/९/२९ |
| १९ | आर्थिक ऐन, (दोस्रो संशोधन)२०७७ | २०७७/९/२७ | २०७७/९/२७ |
| २० | भरतपुर महानगरपालिका मा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७७ | २०७७/१२/२० | २०७७/१२/२० |
| २१ | आर्थिक ऐन,२०७८ | २०७८/३/१० | २०७८/४/१ |
| २२ | भरतपुर महानगरपालिका शिक्षा ऐन,२०७५ (दोस्रो संशोधन) २०७८ | २०७८/३/१० | २०७८/३/१० |
| २३ | भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठान२०७८ | २०७८/९/८ | २०७८/९/८ |

## ख) कार्यपालिकाबाट पारित भएका नियमावलीहरु

| सि.नं. | नियमावलीको नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | कार्य सम्पादन नियमावली२०७४ | २०७४/०६/८ | २०७४/०६/८ |
| २ | निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण ( कार्यविधि नियमावली) २०७४ | २०७४/९/१८ | २०७४/९/१८ |
| ३ | नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७६ | २०७६/१/१० | २०७६/१/१० |
| ४ | प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली २०७६ | २०७६/९/७ | २०७६/९/७ |
| ५ | सार्वजनिक निजी साझेदारी नियमावली २०७६ | २०७६/१०/७ | २०७६/१०/८ |

## ग) कार्यपालिकाबाट पारित भएका निर्देशिकाहरू

| सि.नं. | निर्देशिकाको नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | आन्तरिक नियन्त्रण निर्देशिका,२०७५ | २०७५/५/२५ | २०७५/५/२५ |
| २ | सहकारी संस्था दर्ता निर्देशिका- २०७६ | २०७६/०४/०८ | २०७६/०४/१० |
| ३ | प्रारम्भिक वाल शिक्षा केन्द्र एवं शिशु विकाश केन्द्र व्यवस्थापन निर्देशिका-२०७६ | २०७६/०२/०७ | २०७६/०४/१ |
| ४ | पूर्व तयारी कक्षा तथा भाषा शिक्षक सम्बन्धी निर्देशिका २०७६ | २०७६/०२/०३ | २०७६/०६/१ |
| ५ | प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकाश केन्द्र व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका -२०७६ | २०७६/११/०७ | २०७६/१२/३ |
| ६ | सहकारी संस्थाको साधारण सभा (कार्य व्यवस्थापन) निर्देशिका -२०७७ | २०७७/०४/०७ | २०७७/४/९ |
| ७ | बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका - २०७६ | २०७७/९/२ | २०७७/९/२ |
| ८ | भरतपुर महानगरपालिका को बालक्लब/संजाल गठन तथा सहजीकरण निर्देशिका,२०७८ | २०७८/०३/२५ | २०७८/०३/२५ |
| ९ | आपतकालिन पूर्व तयारी तथा प्रतिकार्य पूर्वाभ्यास निर्देशिका २०७८ | २०७८/०३/०६ | २०७८/०३/६ |
| १० | सहकारी संस्थाको साधारण सभा (कार्य व्यवस्थापन( निर्देशिका,२०७७ (प्रथम संशोधन) २०७८ | २०७८/०४/१८ | २०७८/०४/२० |

### घ. कार्यपालिकाबाट पारित भएका कार्यविधिहरु

| सि.नं. | कार्यविधिको नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ | २०७४/०१/७ | २०७४/०१/७ |
| २ | कार्यपालिका बैठक सञ्चालन कार्यविधि, २०७४ | २०७४/०५/४ | २०७४/०५/४ |
| ३ | नगर सभा सञ्चालन कार्यविधि,२०७४ | २०७४/९/२२ | २०७४/९/२४ |
| ४ | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७४ | २०७४/१२/१९ | २०७४/१२/१९ |
| ५ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि,२०७४ | २०७४/१२/१९ | २०७४/१२/१९ |
| ६ | वडा स्तरीय पशुपंछी तथ्याङ्क प्रोफाइल तयार गर्ने कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ | २०७५/०१/७ | २०७५/०१/७ |
| ७ | दुग्ध उत्पादन र बजारीकरणको आधारमा अनुदान कार्यक्रम,२०७५ | २०७५/०१/७ | २०७५/०१/७ |
| ८ | पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर सञ्चालन कार्यविधि, | २०७५/०१/७ | २०७५/०१/७ |
| ९ | विद्यालय छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०५/०८ | २०७५/०५/०८ |
| १० | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०५/८ | २०७५/०५/८ |
| ११ | नक्शा पास सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०५/२५ | २०७५/०५/२५ |
| १२ | विद्यालयहरुको लेखा परिक्षण सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०५/२५ | २०७५/०५/२६ |
| १३ | लेखा परिक्षण सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०५/२५ | २०७५/०५/२५ |
| १४ | विज्ञ परिचालन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०७/०७ | २०७५/०७/०७ |
| १५ | नदिजन्य एवं खानीजन्य पदार्थ संकलन उपभोग तथा विक्री वितरण सम्बन्धी, २०७५ | २०७५/०७/०७ | २०७५/०७/०७ |
| १६ | अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि, २०७५ | २०७५/०८/०७ | २०७५/०८/०७ |
| १७ | उपभोक्ता समिति गठन कार्यविधि,२०७५ | २०७५/०८/०७ | २०७५/०८/०७ |
| १८ | हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि,२०७६ | २०७६/०१/१० | २०७६/०१/१० |
| १९ | भरतपुर महानगरपालिका को करारमा नगर प्रहरी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ | २०७६/०१/१० | २०७६/०१/१० |
| २० | विद्यालय वर्गिकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६ | २०७६/०४/०१ | २०७६/०४/०१ |
| २१ | शिक्षक दरबन्दी मिलान तथा सामुदायिक विद्यालय समायोजन कार्यविधि,२०७६ | २०७६/०६/१ | २०७६/०६/१ |
| २२ | मेला महोत्सव तथा प्रदर्शनी संचालन कार्यविधि, २०७६ | २०७६/०५/१९ | २०७६/०५/१९ |

| सि.नं. | कार्यविधिको नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| २३ | करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि,२०७६ | २०७६/०४/०१ | २०७६/०४/०१ |
| २४ | पशुसेवा कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७६ | २०७६/०६/२७ | २०७६/०६/२७ |
| २५ | कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यन्वयन कार्यविधि २०७६ | २०७६/०६/२७ | २०७६/०६/२७ |
| २६ | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७६ | २०७६/०३/१६ | २०७६/०३/१६ |
| २७ | कृषि विकाश कार्यक्रम कार्यन्वयन कार्यविधि | २०७६/०६/२७ | २०७६/०६/२७ |
| २८ | बाल-वालिकाको हक हित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बाल अधिकार कार्यविधि,२०७६ | २०७६/११/५ | २०७६/११/५ |
| २९ | सुत्केरी हुने महिलाका लागि निःशुल्क एम्बुलेन्स/यातायात खर्च गर्ने कार्यविधि,२०७६ | २०७६/०९/०७ | २०७६/०९/०७ |
| ३० | आधारभूत शिक्ष (कक्षा ८) परिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६ | २०७६/०९/१० | २०७६/०९/१० |
| ३१ | सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि,२०७६ | २०७६/०९/२८ | २०७६/०९/२८ |
| ३२ | वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण कार्यविधि, २०७६ | २०७६/०९/०७ | २०७६/०९/०७ |
| ३३ | भरतपुर महानगरपालिका कोभिड-१९ आईसोलेसन केन्द्र सञ्चालन कार्यविधि,२०७७ | २०७७/०५/०७ | २०७७/०५/०७ |
| ३४ | लेखा समितिको गठन तथा कार्य सम्बन्धी कार्यविधि,२०७७ | २०७७/०६/०७ | २०७७/०६/०७ |
| ३५ | भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७७ | २०७७/०७/२३ | २०७७/०७/२३ |
| ३६ | भरतपुर महानगरपालिका प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि,२०७७ | २०७७/०७/२३ | २०७७/०७/२३ |
| ३७ | कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७७ | २०७७/०७/२३ | २०७७/०७/२३ |
| ३८ | बजार अनुगमन कार्यविधि,२०७७ | २०७७/०७/२३ | २०७७/०७/२३ |
| ३९ | लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि, २०७६ | २०७७/०९/०५ | २०७७/०९/०५ |
| ४० | भरतपुर कोरोना विशेष (अस्थायी) अस्पताल कार्यविधि, २०७६ | २०७६/१२/०७ | २०७६/१२/०७ |
| ४१ | कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७६(पहिलो संशोधन,२०७८ | २०७८/१/२३ | २०७८/१/२३ |
| ४२ | भरतपुर महानगरपालिका को नक्सापास सम्बन्धी कार्यविधि,२०७५(पहिलो संशोधन, २०७८) | २०७८/३/२४ | २०७८/३/२४ |
| ४३ | भरतपुर महानगरपालिका को अम्ब्रेला स्ट्रिट आन्तरिक आय संकलन कार्यविधि,२०७७ | २०७८/३/२४ | २०७८/३/२४ |
| ४४ | भरतपुर महानगरपालिका नारायणी नदीमा जल यातायात सञ्चालन कार्यविधि,२०७७ | २०७८/३/२४ | २०७८/३/२४ |

| सि.नं. | कार्यविधिको नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| ४५ | भरतपुर महानगरपालिका को नारायणी नदी किनार व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७७ | २०७८/३/२४ | २०७८/३/२४ |
| ४६ | भरतपुर महानगरपालिका टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७८ | २०७८/३/२४ | २०७८/३/२४ |
| ४७ | भरतपुर महानगरपालिका अपाङ्ग भएका व्यक्तिहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि,२०७८ | २०७८/३/२५ | २०७८/३/२५ |
| ४८ | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७८ | २०७८/०३/०६ | २०७८/०३/०६ |
| ४९ | आपतकालिन कार्य सञ्चालन केन्द्र कार्य सञ्चालन कार्यविधि, २०७८ | २०७८/०३/०६ | २०७८/०३/०६ |
| ५० | आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यविधि, २०७८ | २०७८/०३/०६ | २०७८/०३/०६ |
| ५१ | वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन र शिक्षक-अभिभावक संघगठन सम्बन्धी कार्यविधि,२०७८ | २०७८/०४/१८ | २०७८/०४/१८ |
| ५२ | विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७५ (प्रथम संशोधन)२०७८ | २०७८/०४/१८ | २०७८/०४/१८ |
| ५३ | सहकारी अनुदान शिक्षा, तालिम र अन्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | २०७८/०४/१८ | २०७८/०४/१८ |
| ५४ | पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ | २०७८/०४/१८ | २०७८/०४/१८ |
| ५५ | दिर्घकालिन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्नजनक विदाई गर्ने कार्यविधि,२०७८ | २०७८/०३/६ | २०७८/०३/६ |
| ५६ | भरतपुर महानगरपिका स्वास्थ्य संस्था दर्ता, अनुमति,नवीकरण तथा स्तरोन्नति सम्बन्धी कार्यविधि,२०७७ | २०७७/१२/०६ | २०७७/१२/०६ |
| ५७ | प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यवधि,२०७८ | २०७८/५/३१ | २०७८/५/३१ |
| ५८ | सडकको दायाँ-वायाँ वृक्षारोपण कार्यक्रम कार्यविधि,२०७८ | २०७८/०७/३० | २०७८/०७/३० |
| ५९ | युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७८ | २०७८/०७/३० | २०७८/०७/३० |
| ६० | नगर खेलकुद विकास कार्यविधि,२०७८ | २०७८/०७/३० | २०७८/०७/३० |
| ६१ | जनयुद्ध तथा सबै प्रकार जनआन्दोलनमा शहीद भएका तथा वेपत्ता पारिएका परिवाललाई सहायता गर्ने सम्बन्धी कार्यविधि,२०७८ | २०७८/०७/३० | २०७८/०७/३० |
| ६२ | महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडवाड खर्च प्रदान गर्ने कार्यविधि, २०७८ | २०७८/०७/३० | २०७८/०७/३० |

### ङ) कार्यपालिकाबाट पारित भएका मापदण्डहरू

| सि.नं. | मापदण्डको नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | सहकारी संघ संस्था सञ्चालन अनुगमन तथा नियमन सम्ब्नधी मापदण्ड, २०७५ | २०७६/०४/०८ | २०७६/०४/१० |
| २ | आवासिय बालगृह सञ्चालन मापदण्ड -२०७६ | २०७६/११/०५ | २०७६/११/०५ |
| ३ | चक्रपथ (रिङ्गरोड) को स्वीकृति एलाईममेन्ट मापदण्ड- २०७६ | २०७६/१०/०७ | २०७६/१०/०७ |
| ४ | सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड- २०७५ | २०७७/०४/९ | २०७७/०४/९ |
| ५ | डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होडिङ्ग बोर्ड तथा विद्युतिय प्रचार -प्रसार सामाग्री नियमन सम्बन्धी मापदण्ड -२०७७ | २०७७/०७/२३ | २०७७/०७/२३ |
| ६ | भरतपुर महानगरपालिका चक्रपथ (रिङ्गरोड) संशोधन सहित मापदण्ड-२०७७ | २०७७/०६/२५ | २०७७/०६/२५ |
| ७ | विपन्न सदस्यको दिगो जिविकोपार्जनका लागि व्यवस्था स्थापर्नाथ वीउपूजी अनुदान मापदण्ड २०७७ | २०७७/१२/०६ | २०७७/१२/०६ |
| ८ | मध्यम (ग वर्ग) अपाङ्ग भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन मापदण्ड,२०७७ | २०७७/१२/०६ | २०७७/१२/०६ |
| ९ | भ.म..न.पा. स्तरीय विपद राहत मापदण्ड २०७८ | २०७८/०३/०६ | २०७८/०३/०६ |
| १० | भरतपुर महानगरपालिका का आमसञ्चार माध्यमहरुलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरण मापदण्ड,२०७८ | २०७८/०७/३० | २०७८/०७/३० |

### च. कार्यपालिकाबाटबाट पारित भएका अचार संहिता

| सि.नं. | अचार संहिताको नाम | स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | भरतपुर महानगरपालिकाकर्मचारीहरुको अचार संहिता,२०७४ | २०७४/०५/१६ | २०७४/०५/१६ |
| २ | भ.म.नपा. जनप्रतिनिधिहरुको आचार संहिता, २०७५ | २०७५/१०/२ | २०७५/१०/२ |

# परिशिष्ट ३

## महानगरपालिका अन्तर्गत रहेका समिति,उपसमिति तथा प्रतिष्ठान तथा कार्यदलहरुको विवरण :

### नगरपालिकास्तरीय विपद व्यवस्थापन समिति

संयोजक : श्री रेनु दाहाल
सदस्य : श्री पार्वती शाह ठकुरी
सदस्य : श्री रामबन्धु सुवेदी
सदस्य : प्रतिनिधि, नेकपा (एमाले) महानगर समिति
सदस्य : प्रतिनिधि, नेपाली काँग्रेस, महानगर समिति
सदस्य : प्रतिनिधि, नेकपा माओवादी (केन्द्र), महानगर समिति
सदस्य : प्रतिनिधि, नेकपा ( एकीकृत समाजवादी ), महानगर समिति
सदस्य : प्रतिनिधि, जनता समाजवादी पाटी, महानगर समिति
सदस्य : श्री अरुण पीडित भण्डारी
सदस्य : श्री पदमपाणि सुवेदी
सदस्य : श्री ओमप्रकाश पोखरेल
सदस्य : श्री दामोदर न्यौपाने
सदस्य : श्री विजयकुमार भुजेल
सदस्य : श्री हरिप्रसाद आचार्य
सदस्य : प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, चितवन
सदस्य : प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, चितवन
सदस्य : प्रतिनिधि, सशस्त्र प्रहरी बल हेडक्वाटर १७ नं. गण,
सदस्य : पूर्वाधार विकास महाशाखा, भमनपा
सदस्य : प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी
सदस्य : प्रतिनिधि, उद्योग वाणिज्य संघ, चितवन
सदस्य : प्रतिनिधि, गै.स.स.स.समिति, चितवन
सदस्य : प्रतिनिधि, नेपाल पत्रकार महासंघ, चितवन
सदस्य : श्री मेघराज ढकाल
सदस्य सचिव : श्री जीवलाल कुँवर

### विपद् व्यवस्थापन कोष सञ्चालन समिति

अध्यक्ष : श्री रेनु दाहाल
सदस्य सचिव : श्री रामबन्धु सुवेदी
सदस्य : श्री अरुण पीडित भण्डारी
सदस्य : श्री हरिविलास कोइराला
सदस्य : श्री जगन्नाथ अर्याल
सदस्य : जीवलाल कुँवर
सदस्य : श्री बालकृष्ण थपलिया

### उद्यम विकास समिति

संयोजक : श्री रेनु दाहाल
सदस्य : श्री रामबन्धु सुवेदी
सदस्य : श्री ओम प्रसाद पोखरेल
सदस्य : श्री रजनी मास्के
सदस्य : श्री नमिता प्रधान दाहाल
सदस्य सचिव : श्री सुशीला वाग्ले

### नारायणी नदी किनार व्यवस्थापन तथा सञ्चालन निर्देशक समिति

संयोजक : श्री रेनु दाहाल
सदस्य : श्री पार्वती शाह ठकुरी
सदस्य : श्री रामबन्धु सुवेदी
सदस्य : श्री जयराम श्रेष्ठ
सदस्य : श्री चन्द्रमित्र पण्डित
सदस्य : श्री जगन्नाथ अर्याल
सदस्य : कानुन शाखा प्रमुख
सदस्य : प्रतिनिधि, उद्योग वाणिज्य संघ चितवन
सदस्य : प्रतिनिधि, उद्योग संघ चितवन
सदस्य : श्री चेम्बर्स अफ कमर्श
सदस्य सचिव : राजश्व शाखा प्रमुख

### बालमैत्री स्थानीय नगर समिति

अध्यक्ष : श्री रेनु दाहाल
सदस्य : श्री पार्वती शाह ठकुरी
सदस्य : श्री रामबन्धु सुवेदी
सदस्य : श्री विजय कुमार भुजेल
सदस्य : श्री पूर्ण बहाzदुर श्रेष्ठ
सदस्य : श्री अमृतराज हमाल
सदस्य : श्री धनकुमारी वि.क.
ससदस्य : श्री महेन्द्रप्रसाद पौडेल
सदस्य : श्री शान्ताकुमारी पौडेल
दस्य : श्री दीपक सुवेदी
सदस्य : प्रतिनिधि जि प्र का
सदस्य : प्रतिनिधि जिल्ला समन्वय समिति
सदस्य : प्रतिनिधि, प्रमुख ट्राफिक कार्यालय
सदस्य : अध्यक्ष, उद्योग वाणिज्य संघ चितवन,

सदस्य : अध्यक्ष, उद्योग संघ, चितवन
सदस्य : श्री रामेश्वर न्यौपाने
सदस्य : श्री सुभद्रा श्रेष्ठ
सदस्य : अध्यक्ष निर्माण व्यवसायी संघ
सदस्य : अध्यक्ष होटल व्यवसायी संघ
सदस्य : श्री आदर्श तिवारी
सदस्य सचिव : श्री सुशीला वाग्ले

### नगर शिक्षा समिति

अध्यक्षः श्री रेनु दाहाल
सदस्यः श्री रामबन्धु सुवेदी
सदस्यः श्री विजय भुजेल
सदस्यः श्री चक्र रुचाल
सदस्यः श्री पवित्रा के सी
सदस्यः श्री बाबुराम दवाडी
सदस्यः श्री विजयराज शर्मा भुसाल
सदस्यः श्री दुर्गाप्रसाद सापकोटा
सदस्यः श्री रामेश्वर न्यौपाने
सदस्यः श्री लेखनाथ खनाल
सदस्य-सचिव श्री महेन्द्रप्रसाद पौड्याल

### दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन, विद्यालय समायोजन निर्देशक समिति

संयोजकः श्री रेनु दाहाल
सदस्यः श्री पार्वती शाह ठकुरी
सदस्यः श्री रामबन्धु सुवेदी
सदस्यः श्री विजय भुजेल
सदस्यः श्री नरिनारायण पौडेल
सदस्यः श्री बाबुराम दवाडी
सदस्य-सचिव श्री महेन्द्रप्रसाद पौड्याल

### विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति

संयोजक : श्री रेनु दाहाल
सदस्यः श्री रामबन्धु सुवेदी
सदस्यः श्री विजय भुजेल
सदस्यः श्री टेक बहादुर थापा
सदस्यः श्री कृष्णप्रसाद सापकोटा
सदस्यः श्री दुर्गाप्रसाद सापकोटा
सदस्यः श्री लेखनाथ खनाल
सदस्य-सचिव श्री महेन्द्रप्रसाद पौड्याल

### विपन्न नागरिक औषधि उपचार सिफारिस समिति

संयोजक : श्री रेनु दाहाल
सदस्य : श्री रामबन्धु सुवेदी
सदस्य सचिव : दीपक सुवेदी

### भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

कुलपति : श्री रेनु दाहाल
**प्रज्ञा परिषद :**
उपकुलपति : श्री इन्द्रप्रसाद रेग्मी
परिषद् सदस्य : श्री केदारनाथ खनाल
परिषद् सदस्य : श्री प्रकाश चापागाईं
परिषद् सदस्य : श्री विष्णुदेवी तिवारी
सदस्य सचिव : श्री बालकृष्ण थपलिया
**प्रज्ञा सभा :**
सदस्य : श्री पार्वती शाह ठकुरी
सदस्य : श्री रामबन्धु सुवेदी
सदस्य : श्री महेन्द्रप्रसाद पौड्याल
सदस्य : श्री विजय भुजेल
सदस्य : श्री चक्र रूचाल
सदस्य : श्री पवित्रा के.सी.
सदस्य : श्री अमृता रामदाम
सदस्य : डा.एकनारायण पौड्याल
सदस्य : श्री एल.बी. क्षेत्री ( शपथ बाँकि)
सदस्य : प्रा.डा. कर्ण बानिया
सदस्य : डा. केशवराज चालिसे
सदस्य : श्री किसान प्रेमी
सदस्य : श्री गायत्री श्रेष्ठ
सदस्य : डा. धनेश्वर भट्टराई
सदस्य : प्रा.डा.नारायणप्रसाद खनाल
सदस्य : श्री पूर्णबहादुर अधिकारी ( शपथ बाँकि)
सदस्य : श्री पोषराज पौडेल
सदस्य : श्री भूपेन्द्र खड्का भूपिन
सदस्य : श्री रमाकान्त सापकोटा
सदस्य : श्री रामहरि श्रेष्ठ
सदस्य : श्री शशीकिरण रेग्मी रह शर्मा
सदस्य : श्री श्रीराम महतो
सदस्य : श्री सुरेन्द्र अस्तफल
सदस्य : श्री हरि योञ्जन
सदस्य : श्री होमनाथ भण्डारी
सदस्य सचिव : श्री बालकृष्ण थपलिया

### न्यायिक समिति
संयोजक : श्री पार्वती शाह ठकुरी
सदस्य : श्री नरेन्द्रकुमार कन्दङ्वा
सदस्य : श्री भरतप्रसाद अधिकारी

### राजश्व परामर्श समिति
संयोजक :- श्री पार्वती शाह ठकुरी,
सदस्य :- श्री रामबन्धु सुवेदी
सदस्य :- श्री अरुण पीडित भण्डारी
सदस्य :- श्री पवित्रा के.सी
सदस्य :- प्रतिनिधि उद्योग वाणिज्य संघ चितवन
सदस्य :- प्रतिनिधि उद्योग संघ चितवन
सदस्य :- प्रतिनिधि चेम्बर्स अफ कमर्श
सदस्य सचिव :- राजश्व शाखा प्रमुख

### योजना अनुगमन तथा मूल्याङ्कन समिति
संयोजक :- श्री पार्वती शाह ठकुरी,
सदस्य :- श्री रामबन्धु सुवेदी
सदस्य :- श्री अरुण पीडित भण्डारी
सदस्य :- श्री चन्द्रमित्र पण्डित
सदस्य :- श्री पदमपाणि सुवेदी
सदस्य :- श्री प्रकाश दवाडी
सदस्य :- श्री चित्रसेन अधिकारी
सदस्य :- श्री जगन्नाथ अर्याल
सदस्य :- श्री पूर्वाधार विकास महाशाखा प्रमुख
सदस्य सचिव :- ई. कृष्णबहादुर मल्ल ठकुरी

### स्थानीय बाल अधिकार समिति
संयोजक : श्री पार्वती शाह ठकुरी
सदस्य : श्री महेन्द्रप्रसाद पौड्याल
सदस्य : श्री शान्ता कुमारी पौडेल
सदस्य : श्री विजय कुमार भुजेल
सदस्य : श्री कमला नराल
सदस्य : श्री गीताकुमारी शर्मा
सदस्य : श्री विना गुरुङ
सदस्य :श्री दिपक सुवेदी
सदस्य : प्रतिनिधि जि प्र का
सदस्य : प्रतिनिधि जिल्ला समन्वय समिति
सदस्य : श्री रामकृष्ण अधिकारी
सदस्य : श्री मीना खरेल
सदस्य : श्री रामेश्वर न्यौपाने
सदस्य : श्री आदर्श तिवारी
सदस्य सचिव : श्री शान्ता कुमारी पौडेल

### उद्यम विकास कार्यक्रम अनुगमन समिति
संयोजक : श्री पार्वती शाह ठकुरी
सदस्य : श्री कलावती ओझा
सदस्य : श्री विनु श्रेष्ठ
सदस्य सचिव : श्री सुशीला वाग्ले

### उपभोक्ता हित संरक्षण समित
संयोजक : श्री पार्वती शाह ठकुरी
सदस्य : : श्री चन्द्रमित्र पण्डित
सदस्य : श्री पदमपाणी सुवेदी
सदस्य : उद्योग वाणिज्य संघ चितवनका प्रतिनिधि
सदस्य : श्री सदन बराल
सदस्य : श्री दीपेन्द्र अधिकारी
सदस्य-सचिव : श्री ठानेश्वर सापकोटा

### सामाजिक सुरक्षा कार्यक्रम अनुगमन मूल्याङ्कन समिति
संयोजक :- श्री पार्वती शाह ठकुरी
सदस्य :- श्री विजय कुमार भुजेल
सदस्य :- श्री पवित्रा के.सी.
सदस्य :- श्री निर्मल कुमार श्रेष्ठ
सदस्य :- श्री ध्रुवराज शर्मा अर्याल
सदस्य :- श्री सिर्जना अर्याल
सदस्य :- तुलसी प्रसाद श्रेष्ठ
सदस्य सचिव :- श्री (शाखा प्रमुख आ.तथा मु.शा)

### लैङ्गिक हिसां व्यवस्थापन समिति
संयोजक श्री पार्वती शाह ठकुरी
सदस्य : जिल्ला न्यायधिवक्ता ,जिल्ला सरकारी वकील कार्यालय
सदस्य : प्रमुख जिल्ला प्रहरी कार्यालय चितवन
सदस्य : मेडिकल सुपरीटेण्डेण्ट भरतपुर अस्पताल
सदस्य : गीताकुमारी शर्मा
सदस्य : श्री जानकी काफ्ले
सदस्य : श्री मिना खरेल
सदस्य : श्री संगीता भट्टराइ
सदस्य : जिल्ला वार एसोसियसनका अध्यक्ष
सदस्य : श्री गोमा न्यौपाने
सदस्य : नारायणप्रसाद अधकारी
सदस्य सचिव : श्री शान्ता कुमारी पौडेल

### अपाङ्गता परिचय पत्र वितरण स्थानीय समन्वय समिति

संयोजक : श्री पार्वती शाह ठकुरी
सदस्य : श्री रामबन्धु सुवेदी
सदस्य : श्री धनकुमारी वि.क.
सदस्य : श्री त्रीलोचन सापकोटा
सदस्य : डा.श्री रमेश थापा
सदस्य : स्थानीय प्रहरी कार्यालय प्रमुख
सदस्य : श्री यमप्रसाद सुवेदी
सदस्य : श्री विष्णुमाया पौडेल
सदस्य : श्री सञ्जय अर्याल,
सदस्य : श्री निर्मल कुमार श्रेष्ठ
सदस्य सचिव : श्री कलावती ओझा

### आधारभूत शिक्षा परीक्षा (कक्षा ८) समिति

अध्यक्षः श्री रामबन्धु सुवेदी
सदस्यः श्री महेन्द्रप्रसाद पौड्याल
सदस्यः श्री हेरम्ब कुमार श्रेष्ठ
सदस्यः श्री बनिता अर्याल
सदस्यः श्री टिकाराम चापागाईँ
सदस्यः श्री सरिता सुवेदी
सदस्य-सचिवः श्री शिवप्रसाद ढुङ्गाना

### विद्यालय वर्गीकरण सिफारिस समिति

संयोजकः श्री रामबन्धु सुवेदी
सदस्यः श्री महेन्द्रप्रसाद पौड्याल
सदस्यःश्री हरिप्रसाद आचार्य
सदस्यःश्री दामोदर न्यौपाने
सदस्यः श्री लेखनाथ खनाल
सदस्यः श्री भोजराज न्यौपाने
सदस्य-सचिवः- श्री ऋषिराम शर्मा

### विधेयक समिति

संयोजक : श्री हरिप्रसाद आचार्य
सदस्य : श्री यज्ञप्रसाद घिमिरे
सदस्य श्री गीताकुमारी शर्मा
सदस्य सचिव : श्री कृष्णप्रसाद सापकोटा

### सुशासन समिति

संयोजक :- श्री दामोदर न्यौपाने
सदस्य :- श्री ज्ञान प्रसाद खनाल
सदस्य :- श्री पार्वती बि.क.
सदस्य सचिव : श्री डम्बर बहादुर बिश्वकर्मा

### लेखा समिति

संयोजक :- श्री कर्णबहादुर गुरुङ
सदस्य :- श्री पदमपाणि सुवेदी
सदस्य :- श्री नरेन्द्रकुमार कन्दङ्वा
सदस्य सचिव :- श्री जगन्नाथ अर्याल

### पूर्वाधार विकास समिति

संयोजक : श्री अरुण पीडित भण्डारी
सदस्य : श्री जयराम श्रेष्ठ
सदस्य : श्री राजेन्द्रमणि काफ्ले
सदस्य : ललितमान तामाङ
सदस्य : धनकुमारी विश्वकर्मा
सदस्य सचिव :- ई.श्री सूर्यप्रकाश लामा

### सार्वजनिक जग्गा पहिचान, खोजविन तथा संरक्षण समिति

संयोजक : श्री अरुण पीडित भण्डारी
सदस्य : श्री चित्रसेन अधिकारी
सदस्य : श्री नरेन्द्रकुमार कन्दङ्वा
सदस्य : श्री चन्द्रमित्र पण्डित
सदस्य : श्री किशोर पौडेल
सदस्य सचिव : विसुराम कुँवर

### सामाजिक विकास समिति

संयोजक : श्री विजय कुमार भुजेल
सदस्य : श्री हरिप्रसाद आचार्य
सदस्य : श्री दामोदर न्यौपाने
सदस्य : श्री वीना गुरुङ
सदस्य सचिव : श्री कलावती ओझा

### वातावरण तथा विपद् व्यवस्थापन समिति

संयोजक : श्री पदमपाणि सुवेदी
सदस्य : श्री पूर्णबहादुर श्रेष्ठ
सदस्य : श्री बाबुराम अधिकारी
सदस्य : श्री कर्णबहादुर गुरुङ
सदस्य : श्री बीरबहादुर लामा
सदस्य सचिव : ई.श्री विराट घिमिरे

### आर्थिक विकास समिति
संयोजक : श्री ओमप्रकाश पोखरेल
सदस्य : श्री हरिविलास कोइराला
सदस्य : श्री कान्छा मल्ल
सदस्य : श्री ज्ञानप्रसाद खनाल
सदस्य : श्री पवित्रा के सी
सदस्य : श्री तेजेन्द्रप्रसाद पौडेल
सदस्य : श्री जीवलाल कुँवर
सदस्य : श्री रामबाबु पौडेल
सदस्य : श्री पुरुषोत्तम तिवारी
सदस्य सचिव : श्यामराज देवकोटा

### युवा तथा खेलकुद समिति
संयोजक : श्री चित्रसेन अधिकारी
सदस्य : श्री दीपक लामा
सदस्य : श्री विष्णुराज महतो
सदस्य : श्री भरतप्रसाद अधिकारी
सदस्य सचिव : शिवप्रसाद ढुंगाना

### जिन्सी समिति
संयोजक : श्री विष्णुराज महतो
सदस्य : श्री कर्णबहादुर गुरुङ
सदस्य : श्री चन्द्रमित्र पण्डित
सदस्य सचिव : झलककुमार श्रेष्ठ

### दलित तथा सीमान्तकृत वर्ग उत्थान समिति
संयोजक : श्री चक्र रुचाल
सदस्य : श्री ज्ञान प्रसाद खनाल
सदस्य : श्री प्रकास दवाडी
सदस्य : श्री गंगादेवी पोख्रेल
सदस्य : श्री सर्मिला परियार
सदस्य सचिव : श्री सुशीला वाग्ले

### सहकारी उपसमिति
संयोजक : श्री राजेन्द्रमणि काफ्ले
सदस्य : श्री आश बहादुर कुमाल
सदस्य : श्री रविलाल भट्टराई
सदस्य : श्री सिर्जना अधिकारी
सदस्य : श्री शान्ति पराजुली
सदस्य सचिव : रामबाबु पौडेल

### स्वास्थ्य उप-समिति
संयोजक : श्री गोविन्द तामाङ
सदस्य : श्री शुक्रकुमार श्रेष्ठ
सदस्य : श्री विमला भट्टराई
सदस्य : श्री सरिता पाठक
सदस्य : श्री राजकुमार तामाङ
सदस्य सचिव : दीपक सुवेदी

### शिक्षा उप-समिति
संयोजक : श्री नरिनारायण पौडेल
सदस्य : श्री मनबहादुर राना मगर
सदस्य : श्री तिलक दर्लामी
सदस्य : श्री द्रोर्ण गुरुङ
सदस्य सचिव : दीपक सिग्देल

### नारायणी नदी किनार व्यवस्थापन तथा सञ्चालन उप-समिति
संयोजक : श्री जयराम श्रेष्ठ
सहसंयोजक : श्री शुक्रकुमार श्रेष्ठ
सदस्य : श्री चन्द्रमित्र पण्डित
सदस्य : श्री चक्र रुचाल
सदस्य : श्री राममाया पिया
सदस्य : श्री गोपाल कुँवर
सदस्य : श्री निरञ्जन पिया
सदस्य : श्री दीपक शाही ठकुरी
सदस्य : प्रतिनिधि, उद्योग वाणिज्य संघ चितवन
सदस्य सचिव : चन्द्रप्रसाद आचार्य

### ल्याण्डफिल साइट उप-समिति
संयोजक : श्री शम्भूबहादुर भण्डारी
सदस्य : श्री पूर्णबहादुर श्रेष्ठ
सदस्य : श्री बाबुराम अधिकारी
सदस्य : श्री कृष्णकुमार गुरुङ
सदस्य : श्री मञ्जु महतो
सदस्य सचिव : जानुका के.सी.

### दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन, विद्यालय समायोजन कार्यदल

संयोजक : श्री महेन्द्रप्रसाद पौड्याल
सदस्य : श्री बाबुराम दवाडी
सदस्य : श्री रामेश्वर न्यौपाने
सदस्यः श्री दीपेन्द्रराज श्रेष्ठ
सदस्य-सचिव : श्री ऋषिराम शर्मा

### विद्यालय शुल्क निर्धारण सिफारिस समिति

संयोजकः श्री महेन्द्रप्रसाद पौड्याल
सदस्यः श्री हरिप्रसाद आचार्य
सदस्यः श्री दामोदर न्यौपाने
सदस्यः श्री भोजराज न्यौपाने
सदस्यः श्री लेखनाथ खनाल
सदस्यः श्री ज्ञानहरि पौडेल
सदस्य-सचिव : श्री ऋषिराम शर्मा

### कानुनी मस्यौदा तथा प्रकाशन संयोजन समिति

संयोजक : श्री महेन्द्रप्रसाद पौड्याल
सदस्य : अधिवक्ता श्री गोपिलाल देवकोटा
सदस्य : श्री जगन्नाथ अर्याल
सदस्य : डम्बर बहादुर बिश्वकर्मा
सदस्य : झलककुमार श्रेष्ठ
सदस्य : कृष्णप्रसाद सापकोटा
सदस्य सचिव : श्री मेनका पण्डित

